नेपाली साहित्यका विश्व नारी रत्न

# वानीरा गिरी

(जीवनी)

वानीरा फाउन्डेसन

नेपाली साहित्यका विश्व नारी रत्न

# वानीरा गिरी

नरेन्द्रराज प्रसाई

प्रकाशक : **वानीरा फाउन्डेसन**
पोस्टबक्स : ११४४१, मीनभवन मार्ग– २०२, काठमाडौँ (नेपाल)
टेलिफोन : ५९१०८२८, ४७७०५८०
Email : banirafoundation@gmail.com
Website : banira.com.np
संशोधक : महेश सुवेदी तथा लवप्रसाद भण्डारी
अवरण सज्जा : कृष्णगोपाल श्रेष्ठ
वानीरा कृतिमाला : १
मुद्रक : ऋचा अफसेट प्रेस
पहिलो संस्करण : २०७०, दोस्रो २०७१, तेस्रो २०७९
मोल : तीन सय रुपियाँ
© सुरक्षित, २०७० साल (2013)
ISBN : 978-9937-1-1908-5
Nepali Literature's Woman Celeb in the World : Dr.Banira Giri
(Short Biography by Narendra Raj Prasai)

जीवनको आकारप्रकार बुझ्न सम्भवत: उनै व्यक्तित्व समर्थवान् हुन्छन्, जसले निष्काम कर्मयोगीझैँ बनेर केवल सपना मात्र देख्तैनन्; तर जुन सपना देख्छन्, तदनुरूप त्यस सपनालाई सुन्दर, आकर्षक अथवा बान्की परेको ढाँचामा व्यक्त गर्न सक्छन् ।

हो, 'नेपाली साहित्यका विश्व नारी रत्न : वानीरा गिरी'को कृतिकारमा त्रिमूर्ति निकेतनका संस्थापक नरेन्द्रराज प्रसाईको नाम देख्न पाउँदा म त्यसैत्यसै पुलकित भएकी छु । त्यति मात्र होइन, त्रिमूर्ति निकेतनका अध्यक्ष इन्दिरा प्रसाईको समेत यस कृतिमा हस्ताक्षर देख्ता म त्यसैत्यसै फुर्केकी पनि छु ।

'नेपाली साहित्यका विश्व नारी रत्न : वानीरा गिरी'नामक जीवनी कृतिमा म र मेरा पुर्खाहरूलाई समेत सर्लक्कै जीवन्त पारेर लेखिएको छ । यस्तो लेखनमा समर्पित मेरा प्रिय भाइ नरेन्द्रराज प्रसाईप्रति धन्यवाद ज्ञापन गर्ने मेरा शब्दै छैनन् । नरेन्द्र भाइले मलाई मेरी दिदी, मेरी दिदी र मेरी दिदी भनी बस्थे, त्यसरी नै म मेरो भाइ, मेरो भाइ र मेरो भाइ नै भनी बस्छु ।

**• डा.वानीरा गिरी**

(नेपाली साहित्यका विश्व नारी रत्न)

जीवनीलेखनका सिद्धहस्त शिल्पी नरेन्द्रराज प्रसाईद्वारा लेखिएको 'नेपाली साहित्यका विश्व नारी रत्न : वानीरा गिरी'नामक प्रस्तुत ग्रन्थले नेपाली जीवनी साहित्यको अन्वेषणपूर्ण मौलिक स्वरूपको समेत प्रतिनिधित्व गरेको अनुभूति हुन्छ । डा.वानीरा गिरीका जीवनका विविध आयामलाई समेटेर लेखिएको यो रोचक जीवनी नरेन्द्रीय शैलीको थप अर्को आकर्षक कृति पनि हो । नरेन्द्रीय लेखनको मूल विशेषता भनेको कथ्य र तथ्यलाई ऊर्जित र सजीव तुल्याई विशेष मर्मस्पर्शी रूपमा प्रस्तुत गर्न सक्ने विशिष्ट काव्यात्मक गद्य शैली मानिन्छ, जुन विशेष सशक्त र पाइनदार अनि उस्तै चहकदार र रसिलो पनि हुने गर्दछ ।

**• प्रा.डा.वासुदेव त्रिपाठी**
(महासमालोचक)

# प्रकाशकीय

इन्जिनियर श्री शङ्कर गिरीको हार्दिक सङ्कल्पअनुसार नेपाली भाषा, साहित्यका विश्व नारी रत्न डा.वानीरा गिरीको व्यक्तित्व र कृतित्वको अध्ययन, विश्लेषण र अनुसन्धान गर्नका लागि वानीरा फाउन्डेसन (२०७६) स्थापना भएको हो । साहित्य, कला र संस्कृतिसम्बन्धी कार्य गर्ने; वाङ्मयबारे कृतिहरूको प्रकाशन गर्ने; वाङ्मयसेवीलाई विद्वत्वृति प्रदान गर्ने; साहित्यिक सभा, सम्मेलन र गोष्ठीहरूको आयोजना गर्ने आदिका अतिरिक्त देशदेशान्तरका स्रष्टाहरूको समेत अनुसन्धान र वाङ्मयका सेवीहरूलाई सम्मान गर्ने वानीरा फाउन्डेसनको थप उद्देश्य रहेको छ ।

इन्जिनियर श्री शङ्कर गिरीद्वारा आफ्नी धर्मपत्नी नेपाली साहित्यका विश्व नारी रत्न डा.वानीरा गिरीका स्मृतिमा स्थापित वानीरा फाउन्डेसनको भवन २०७९ साल वैशाख २० गते (अक्षय तृतीयाका दिन) उद्घाटन भएको हो । सो भवनको सम्पूर्ण सेरोफेरो ई.गिरीको निजी खर्चमा तयार भएको हो ।

काठमाडौँको बानेश्वरमा स्थापित वानीरा फाउन्डेसनको भवनमा डा.गिरीविषयक कृतिहरू, डा.गिरीले प्राय: प्रयोग गर्ने पोसाक, गहना र सामाग्रीहरू सङ्कलित गरिएका छन् । ई.गिरीद्वारा नै सो भवनको परिसरमा झन्नै छ फुट उचाइको डा.गिरीको पूर्ण कदको सालिकको कल्पना हुनु नै सो भवनको अर्को आकर्षण र पत्नीप्रतिको पतिको सम्मोहनको नमुना मानिन्छ ।

वानीरा फाउन्डेसनका संस्थापक तथा सदस्यसचिव नरेन्द्रराज प्रसाईको नेपाली भाषासाहित्यमा सङ्गठनात्मक शैली र सृजनात्मक कार्य बराबरी मानिन्छ । प्रसाईको सृजनात्मक कार्यमध्ये जीवनीलेखनलाई मुख्य रूपमा लिइन्छ । प्रसाईद्वारा लिखित सात दर्जनभन्दा बढी कृतिमध्ये अढाई दर्जनजति जीवनीकृति प्रकाशित भइसकेका छन् भने आठ सयओटाभन्दा बढी फुटकर लेख र जीवनी प्रकाशनमा आइसकेका छन् । पाठकलाई सर्वसुलभ रूपमा पुऱ्याउने उद्देश्यानुरूप 'नेपाली साहित्यका विश्व नारी रत्न : वानीरा गिरी'नामक यस जीवनीलाई प्रकाशनमा ल्याइएको हो ।

डा.वानीरा गिरी नेपाली भाषामा कविता, कथा, उपन्यास, निबन्ध, समालोचना र अन्वेषणमूलक प्रबन्ध लेखनकी नारीचुली हुन् । उनी नेपाली साहित्यमा विद्यावारिधि गर्ने प्रथम नारी हुन् । यसै गरी नेपाली साहित्यको प्रतिनिधित्व गरेर 'अफ्रो एसियाली लेखक सम्मेलन'मा भाग लिन सोभियत रूस पुग्ने प्रथम स्रष्टा महाकवि लक्ष्मीप्रसाद देवकोटा थिए भने दोस्रो व्यक्ति अर्थात् प्रथम नारीस्रष्टा वानीरा गिरी हुन् ।

एक्काइसौँ शताब्दीको विश्वव्यापीकरणको युग सुहाउने कार्यका रूपमा नेपालका अतिरिक्त विश्वभर छरिएर रहेका नेपाली नारीस्रष्टाका आवाजस्वरूप डा.वानीरा गिरीलाई २०७१ साल जेठ १६ गते प्रधानमन्त्री सुशील कोइरालाबाट 'नेपाली साहित्यका विश्व नारी रत्न'को उपाधि प्रदान गरिएको थियो ।

नेपाली साहित्यका विश्व नारी रत्न डा. वानीरा गिरीको जीवनी सरल रूपमा पढ्न चाहने पाठकहरूका लागि प्रस्तुत कृति उपयोगी हुनेछ भन्ने हामीलाई विश्वास छ ।

**• इन्दिरा प्रसाई**

अध्यक्ष

# विषयसूची


- विश्व नारी रत्न वानीरा गिरीको जीवनवृत्त • **प्रा. राजेन्द्र सुवेदी** • ११
- झुक्तै नझुक्ने नेपाली शिर अर्थात् डा.वानीरा गिरी (लेखकीय) • २३

१. वानीराका पुर्खा • ३५
२. वानीराका बुबाको प्रवास प्रवेश • ३८
३. वानीराका बुबाआमाको विवाह • ४१
४. वानीराका बुबाको परिवार • ४९
५. वानीराको बाल्यकाल • ५२
६. वानीराको शिक्षा • ५५
७. वानीराको नेपाल आगमन र उच्चशिक्षा • ५८
८. वानीराको प्राध्यापन पेसा • ६२
९. वानीराको काव्यात्मक व्यक्तित्व • ६७
१०. वानीराका कृति • ७३
११. वानीराको अन्तर्राष्ट्रिय भ्रमण • ८५
१२. वानीराको प्रेम र विवाह • ८९
१३. वानीराका सन्तान • ९७
१४. वानीरागृह • ९९
१५. वानीराको सम्मान र रथारोहण • १०१
१६. वानीराप्रति नारी काव्यधारा • १११
१७. वानीरा फाउन्डेसन • १२४
१८. वानीराको स्वर्गारोहण • १२८

• **लेखक परिचय** • १३४

# विश्व नारी रत्न वानीरा गिरीको जीवनवृत्त

नेपाली जीवनी साहित्यका क्षेत्रमा देखिएका सर्जक र समीक्षकहरूमध्ये नरेन्द्रराज प्रसाईको जीवनीमूलक कृति 'नेपाली साहित्यका विश्व नारी रत्न : वानीरा गिरी' प्रकाशमा आएको छ । प्रसाई नेपाली साहित्यको निबन्ध र गीतका सर्जक र जीवनीका लेखक पनि रहेका कारण उनको जीवनीमा निबन्धात्मक समालोचना चेत पनि प्रकटमा आएको देखिन्छ । उनका लेखन तथा सम्पादनका क्षेत्रमा धेरै कृतिहरू प्रकाशमा आएका छन् । तिनमा प्रसाईको लेखनगत मौलिक पहिचान आफैँमा कायम भएको देखिन्छ ।

प्रसाईका प्रकाशित कृतिहरूमा लेखन र सम्पादन दुई कित्ताका सामग्रीहरू प्रकाशमा आएका देखिन्छन् । सृजना क्षेत्रमा गीत र निबन्धका दुई विधा प्रबल रहेका छन् भने समालोचनामा जीवनी प्रमुख क्षेत्र रहेको छ । उनका गीतसङ्ग्रहहरूमा 'मेरो मनको देउरालीमा' (२०४६), 'पुग्नुपर्ने टाढा थियो' (२०५४) दुईओटा कृतिहरू प्रकाशमा आएका छन् । त्यस्तै उनका निबन्ध सृजनामा 'मेरो प्यारो कञ्चनजङ्घा' (२०४८) देखि 'प्रिय इन्दिरा' (२०६२) सम्म जम्मा नौओटा निबन्धसङ्ग्रह पनि प्रकाशमा आएका छन् । त्यसरी नै उनका समीक्षात्मक जीवनीहरूमा व्यक्तिकेन्द्रित सिङ्गै ग्रन्थ र अनेक व्यक्तिका बारेमा लेखिएका लघु जीवनीका अनेक सङ्ग्रहहरू प्रकाशमा आएका छन् । यस्ता जीवनीप्रधान कृतिहरूमा विभिन्न प्रतिभाका रचनाका प्रसाई प्रणेता बनेका छन् ।

नेपाली साहित्यका विशिष्ट साधकहरूका प्रतिमा, स्मारक र समालोचना ग्रन्थहरू निर्माण र प्रकाशन गर्ने तथा नेपाली समीक्षात्मक ग्रन्थहरू सम्पादन गर्ने क्रममा प्रसाईदम्पती (नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई)को महत्त्वपूर्ण भूमिका रहेको छ । यिनका अतिरिक्त सामाजिक, राजनीतिक, कूटनीतिक तथा सांस्कृतिक क्षेत्रका पुस्तक तथा पत्रपत्रिका सम्पादनमा पनि क्रियाशील देखिएका नरेन्द्रराज प्रसाईको समालोचकीय महत्त्व र द्रष्टाचेत प्रकाशमा आएको देखिन्छ । धेरै कृतिहरूमा प्रसाईका समीक्षात्मक, संस्मरणात्मक, जीवनीमूलक समालोचना तथा निबन्धकार र समालोचकीय व्यक्तित्व प्रकटमा आएका छन् ।

## जीवनीका सन्दर्भमा प्रसाईको उपस्थिति

जीवनी स्वकीय र परकीय दुवै किसिमको लेखन भएको देखिन्छ । जीवनीको स्वकीय लेखनमा आत्मपरक प्रवृत्ति आख्यानात्मक ढङ्गले प्रस्तुत गरिन्छ भने परकीय लेखनमा परात्मक प्रस्तुति र निबन्धभन्दा आख्यानात्मक चेतना प्रबल रहने कुरा काव्यिक सन्दर्भमा प्रबल रूपमा उपस्थित भएको देखिन्छ । परकीय जीवनीमा संस्मरणभन्दा तथ्यका बुँदाहरू प्रस्तुत भएका हुन्छन् । नेपाली भाषासाहित्यका सन्दर्भमा जीवनीलेखनका उत्कृष्ट नमुनाहरू उपलब्ध बनेका छन् । जीवनीलेखन र तिनका तथ्य र सन्दर्भहरू, प्रस्तुतिका क्रममा कम आख्यानीकरण र अधिक संवेदनाजन्य अनुभूति गरिएमा आत्मजीवनी बन्दछ । प्रसाईका जीवनीमा काव्यिक सन्दर्भ र जीवनभोगका यथातथ्य सन्दर्भहरू पनि उपस्थित देखिएका छन् । यथार्थ जीवनभोगका कथ्यहरू र रचनाका संवेगजन्य अनुभूतिका पक्षहरू प्रत्यक्ष आत्मकथनका रूपमा प्रस्तुत भएमा आत्मकथा बन्छ । त्यसै कथ्यले यथातथ्य प्रस्तुति प्राप्त गरेमा परकीय जीवनीको रूप प्राप्त गर्दछ । यही कामचाहिँ प्रसाईले जीवनीलेखनका क्रममा प्रस्तुत गरेका छन् ।

नेपाली समालोचनाका इतिहास तथा गीत र निबन्ध सृजनाको इतिहासमा समीक्षा र सृजनाचेत खर्च गर्ने प्रसाईको जीवनीलेखन पनि निबन्ध तथा गीतको सृजनाचेतमार्फत बढी प्रभावित बनेका सन्दर्भहरू पनि यहाँ प्रस्तुत भएका छन् । यसै क्रममा 'नेपाली साहित्यका विश्व नारी रत्न : वानीरा गिरी'को जीवनवृत्तमा प्रसाईद्वारा लेखिएका जीवनीहरूको नयाँ कडी बनेर प्रकाशमा आएको छ । प्रस्तुत कृति नेपाली जीवनी साहित्यको थप सामग्रीको रूपमा प्रस्तुत भएको छ । 'नेपाली साहित्यका विश्व नारी रत्न : वानीरा गिरी' शीर्षकमा प्रकाशित प्रस्तुत कृति औपन्यासिकता र निबन्धात्मकतामा मिश्रित बनेर तयार भएको छ । यस कृतिको संरचनात्मक वैशिष्टच आफैँमा थप महत्त्व राख्ने विषय बनेको छ । 'नेपाली साहित्यका विश्व नारी रत्न : वानीरा गिरी'लाई मूल रूपमा जम्मा तीन खण्डमा विभाजन गरिएका मध्ये पहिलो खण्ड 'ऊुक्तै नऊुक्ने नेपाली शिर' शीर्षकमा आकर्षक ढङ्गले प्रस्तुत गरिएको छ । 'नेपाली साहित्यका विश्व नारी रत्न : वानीरा गिरी' शीर्षकको मूल खण्डलाई जम्मा पन्ध्रओटा उपखण्डको प्रस्तुतिमा तयार गरिएको छ । कृतिको उत्तर खण्ड 'वानीराप्रति नारी काव्यधारा' शीर्षकको एकै प्रकरणमा देशविदेशका नारी सर्जकहरूको वानीरा सम्मानका कवितात्मक प्रसङ्गहरू प्रस्तुत गरेर कृतिलाई स्वादिलो रूप प्रदान गरिएको छ । यस कृतिमा सन्निवेश भएका विशेषताहरूको आफैँमा महत्ता रहेको कुरा पनि पुष्टि हुन आएको छ ।

नौओटा प्रकरणमा विभाजित भूमिका खण्डमा प्रसाईले गिरीको जीवनका व्यक्तिवृत्त र सृजनव्यक्तित्वका पक्षहरू आफैँमा विशिष्टता प्रतिपादन गर्ने विषयका रूपमा प्रस्तुत गरेका छन् । यस कृतिमा काव्यिक आभास र प्रसाद गुणका भाषामा गिरीका सृजनात्मक र व्यक्तिवृत्तात्मक व्यक्तित्व तथा काव्यिक संवेदनायुक्त प्रस्तुतिमा काव्यकारिता र आख्यानकारिताका प्रस्तुतिहरू यस भूमिकामा प्रसाईले

आफ्नै ढङ्गले प्रस्तुत गरेका छन् । वानीरा गिरीसँगको परिचय र आफ्नै सृजनयात्राका सहभावको प्रस्तुति यहाँ प्रसाईले अगि सारेका छन् । आख्यान संवेदना, नाटकीय शिल्पमा संयोजन गरिएको भूमिकाको अन्तमा जीवनीको आगामी पक्ष नयाँ संशक्तिको स्थापनामा पुगेर समापन भएको छ । प्रसाईको लेखनमा देखिने सिर्जनात्मक पहिचान पनि यहीँ प्रस्तुत भएको छ ।

## जीवनीको मूल सन्दर्भ

दुई प्रकरणमा व्यवस्थित पहिलो उपखण्डमा 'वानीराका पुर्खा' शीर्षकको व्यवस्था गरिएको छ । नेपालको काभ्रे जिल्लाको ग्रामीण भेगमा गिरीका पुर्ख्यौली परिवार रहेको कुरा पनि यहाँ उल्लेख गरिएको छ । वानीराका पितामह देवराज तथा देवकला गिरीको जीवनका चर्चा, घरको रुग्ण आर्थिक दुर्दशा, खेतीपाती र पशुपालन आदिमा आएको अधोगति अवस्थाको पनि यहाँ प्रस्तुत भएको छ । देवकलाको असामयिक निधनपछि पिता देवराजको पुनर्विवाहका कारण घरमा आएका असङ्गत व्यवहारले घरमा बस्न नसकेका देवराजका दसबाह्र वर्षका छोरा श्रीराम र इन्द्रराज गिरी दुवै भाइ बेपत्ता भएर पाँच महिनापछि दार्जिलिङको खर्साङ भन्ने ठाउँमा पुगेर एक जना मारवाडी महाजनको घरका घरेलु कामदार बनेर बस्न थाले । यस प्रकरणमा दु:खान्त रङ्गको सम्प्रेषण भएका सन्दर्भहरू पनि प्रस्तुत भएका छन् । श्रीराम र इन्द्रराजका विमाताको रुष्ट र रूखो व्यवहारका कारण घरमा आएका पक्षहरू पनि श्रीराम र इन्द्रराज पीडित भएको सन्दर्भमा पहिलो उपखण्ड समाप्त भएको छ र यही नै वानीराको प्राग्भूमिको स्थिति सङ्केत भएको छ ।

एउटै प्रकरणमा सम्पन्न भएका दोस्रो उपखण्डमा वानीराका पिताको रेखदेखको अपर्याप्तता, मातृवियोग र सौतेनी आमाका प्रताडना आदिका कारण श्रीराम र इन्द्रराज घरबाट अनायासै भागेर दार्जिलिङ पुगेको सन्दर्भ, दु:खले गाँस र वास जोरेका प्रसङ्ग पनि

यहाँ प्रस्तुत भएका छन् । खर्साङ पुगेका गिरीबन्धु एक मारवाडीको घरमा घरेलु कामदार बनेर प्रस्तुत भए । परिणाम के भयो भने बिस्तारै विश्वास र जीवनका इमानदारी स्वभाव आर्जन गर्दै आएका गिरी किशोरलाई मारवाडीले पसलको कारोबारमा पनि विश्वस्त बनेका कारण कपडा उधारोमा लिएर गाउँगाउँसम्म पुगेर बिक्री गर्ने काम गिरी किशोरहरूबाट सम्पन्न हुँदै गएको छ । काव्यिक संवेदना र मानवीय जीवनका भावसंयोजनमा उनिएका यस प्रकरणमा गिरी किशोरको मनोभाव, व्यवहारगत कुशलता र हिसाबकिताबको दक्षतासमेतले जीवनमा नयाँ र सिर्जनात्मक मोड ल्याउने किसिमको रूप प्रतिपादन भएको सन्दर्भ पनि यहाँ प्रस्तुत भएको छ ।

जीवनीको तेस्रो उपखण्ड 'वानीराको बाबुआमाको विवाह' शीर्षकमा तयार गरिएको छ । इलामका कृष्णबहादुर र नैनकला कार्कीदम्पतीकी सन्तति जानुकाका साथ भएको प्रसङ्ग, बिहाका संयोगमा जोडिएको रोचक प्रसङ्ग, बिहापछि इन्द्रराज गिरीको व्यापारिक कारोबारमा आएको उन्नति, इन्द्रराज र जानुकादेवीको दाम्पत्य जीवनको सुखद प्रसङ्ग, जानुकादेवीको व्यवहारकुशलता र कार्यक्रमका सन्दर्भको ज्ञानजन्य परिणामहरूको चर्चा पनि उल्लेख्य रहेको छ । श्रीराम गिरीको पहिलो विवाह भएको पत्नीबाट जन्मेका एक छोरा र एक छोरी शैशवमै रहेका बेला पत्नीको देहावसान भएका कारण दोस्रो र तेस्रो विवाह भयो । यसरी विवाह भएका पत्नीहरूको पनि मृत्यु भएका कारण चौथो विवाह गर्ने प्रयत्न भने गरेनन् । आफ्ना तथा भाइका छोराछोरीलाई नै आधार मानेर जीवन बिताउने बाचा गरेर समर्पणभाव प्रकट गरे । श्रीराम र इन्द्रराजका परिवारको एउटै चूलामा चलेको जीवन एक उदाहरणीय आदर्श परिवार बनेको देखिन्छ । यस उपखण्डको अन्तिम उपप्रकरणमा श्रीराम गिरीका छोरा परमानन्द गिरी इन्जिनियर भएर नेपाली इन्जिनियरले दार्जिलिङका सडक र जग्गाजमिन नापेको प्रसङ्ग यहाँ

वर्णित रहेको छ । सातओटा प्रकरणमा विभक्त भएको यो दोस्रो उपखण्ड पनि निकै विशिष्ट प्रस्तुतिमा उपस्थित भएको छ । इन्द्रराज र जानुकाका चार छोरी र एक छोराको जन्म भएको सन्दर्भमा पुगेर जीवनीको यो तेस्रो उपखण्ड समाप्त भएको छ ।

प्रस्तुत ग्रन्थको चौथो उपखण्ड जम्मा पाँचओटा प्रकरणमा 'वानीराका बाबुको परिवार' शीर्षकमा लेखिएको छ । यस उपखण्डको पहिलो उपप्रकरणमा वानीराकी ठूली दिदी वासन्ती गिरीको जन्म, उनका शिक्षादीक्षाका क्रमका साथीहरूसँगको उनको सम्बन्ध, खड्गबहादुर सैनिक सुबिदारसँग भएको वासन्तीको प्रेमविवाह, वासन्तीका चार भाइ छोराहरूको जन्म, तिनको बाल्यकाल, शिक्षादीक्षा र बालव्यवहार पहिलो प्रकरणमा प्रस्तुत भएको छ । इन्द्रराज गिरीका सन्तानमध्ये पहिलो छोराको नाम पृथ्वीराज रहेको छ । साथै उनको विवाहको प्रसङ्ग पनि यहाँ प्रस्तुत भएको छ । छोरीहरूमध्ये माइली शीला, साइँली सरस्वती, कान्छी सत्यदेवी अर्थात् वानीरा जन्मको प्रसङ्ग पनि यसै प्रकरणमा उल्लेख भएको छ । प्रत्येक प्रकरणमा एकएक प्रसङ्ग मात्र उपस्थित बनेका हुँदा काव्यात्मक उपन्यासको ढाँचा प्रस्तुत भएको देखिन्छ ।

'वानीरा गिरीको बाल्यकाल' शीर्षकको उपखण्ड यस खण्डको छैटौँ उपखण्ड हो । यस खण्डमा जम्मा दुईओटा मात्र उपखण्ड प्रस्तुत भएका छन् । २००१ साल वैशाख १३ गते (अक्षय तृतीयाका दिन) वानीरा गिरीको जन्म भएको र उनको बाल्यकाल, शिक्षादीक्षा, कलासाहित्य सृजना र साधनाका प्रसङ्गहरू, औपन्यासिक ढङ्गले प्रस्तुत भएका छन् । वानीरा सात वर्षको उमेरमा पुग्दा उनकी आमाको असामयिक निधन भएको प्रसङ्ग पनि यसै उपखण्डको दोस्रो उपप्रकरणमा प्रस्तुत भएको छ । वानीरा आईएस्सी तहको अध्ययन गर्दै गर्दा उनका बाबाको पनि निधन भएको चोटका कारण उनको मनमा निकै गहिरो असर परेको स्थिति पनि यहाँ प्रकट

भएको देखिन्छ । वानीराको शैक्षिक यात्रामा आउन सक्ने व्यवधानसम्बन्धी प्रश्नहरू यसै उपखण्डमा प्रस्तुत भएका छन् ।

'वानीराको शिक्षा' शीर्षकको छैटौँ उपखण्डमा एकै मात्र प्रकरणको व्यवस्था गरिएको छ । यस प्रकरणमा वानीराको शिक्षण यात्रा, विद्यार्थी जीवनका गतिविधि, कवितालेखन र वाचनका क्रम, नाटक अभिनय र प्रवचनमा सक्रिय बनेका प्रसङ्गहरू, म्याट्रिक परीक्षा उत्तीर्ण भएका सन्दर्भहरू, आईएस्सीको अध्ययनसँगसँगै साहित्यको अध्ययन र लेखनतर्फ पनि आकर्षित बनेका प्रसङ्गहरू पनि प्रस्तुत भएका छन् । स्नातक अध्ययनका सन्दर्भहरू पनि यसै प्रकरणमा प्रस्तुत भएका छन् । वानीराको चरित्र विकासको अवस्था र स्थितिविपर्ययको सन्दर्भ पनि यसै प्रकरणमा प्रस्तुत गरिएको छ । दार्जिलिङका परिवेशमा आफ्नो व्यक्तित्व निर्माण गरेकी वानीराको स्नातकोत्तर तहको अध्ययन, कवितालेखन र कवितावाचनका यात्राले आफ्नो परिवेशको साँघुरो घेरा नाघेर फराकिलो क्षितिज पहिल्याउन लागेको सन्दर्भ पनि यसै उपखण्डमा प्रस्तुत भएको छ ।

'वानीराको नेपाल आगमन र उच्च शिक्षा' शीर्षकको उपखण्डमा नेपाली साहित्यका कवि सिद्धिचरण श्रेष्ठले कविता प्रतियोगितामा सहभागी बन्न नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमार्फत कविता प्रतियोगितामा सहभागी हुन दिएको निम्तोका कारण नेपाल आएकी वानीराको जीवनमा आएको नयाँ मोडले अलग्गै आयाम थपेको छ । यो सातौँ उपखण्ड हो र यसमा तीनओटा प्रकरणको व्यवस्था गरिएको छ । यसको पहिलो प्रकरण काठमाडौँ आएर प्रतियोगितामा प्राप्त गरेको दोस्रो पुरस्कार र राजा महेन्द्रसँगको दर्शनभेट र सम्मान प्राप्त गरेको अनुभूति, प्रमिला गिरीसँगको मैत्री र आश्रयको प्राप्ति पनि यसै प्रकरणमा भेटिएको छ । नेपालीमा एमए पढ्ने धोको पूरा गर्ने र त्यसको अवसर प्राप्त गरेपछिको प्रसङ्ग पनि यहाँ वर्णन भएको छ । रेडियो नेपालमा भएको जागिर आदिको प्रसङ्ग पनि यहाँ वर्णित छ ।

जीवनको महत्त्वपूर्ण यात्रा उच्च शिक्षाका प्रकरण पनि यसै उपखण्डमा प्रस्तुत भएको देखिन्छ ।

ग्रन्थको यसै दोस्रो खण्डको आठौँ उपखण्डमा 'वानीराको प्राध्यापन पेसा' रहेको छ । यो प्रकरण पाँच भागमा विभाजन गरिएको छ । ललितकला क्याम्पसमा सहायक प्राध्यापकको रूपमा सेवा प्रवेश भएको सन्दर्भ, कवितालेखनको यात्रा, विद्यावारिधि अध्ययनको यात्रा, राजनीतिक खिचातानी, अध्ययनअनुसन्धान, व्यावहारिक कला आदिका चापमा विकास भएको उनका जीवनका अनेक विषमताहरू निकै जटिल ढङ्गले प्रस्तुत भएका प्रसङ्गहरू यहाँ उपस्थित भएका छन् । जीवनका बाङ्गाटिङ्गा मोडहरूको प्रसङ्ग पनि यस उपखण्डमा वर्णित रहेको छ । वानीराले प्राध्यापक पदमा बढुवा हुन नपाएका प्रसङ्गहरू पनि यहाँ उपस्थापन गरिएको छ । नेपाली विषयमा पहिलो विद्यावारिधि गर्ने महिलाका रूपमा परिचित गिरीको प्राध्यापकीय जीवनको इतिवृत्त यस उपखण्डका प्रकरणहरूमा प्रस्तुत भएको छ ।

नवौँ उपखण्डको शीर्षक 'वानीराको काव्यात्मक व्यक्तित्व' रहेको छ । यस उपखण्डमा जम्मा एउटै मात्र प्रकरण रहेको छ । यस प्रकरणमा वानीराको काव्य, कवितालेखनको यात्रालाई विषय बनाइएको छ र यहाँ वानीराको काव्यशिल्पका सन्दर्भहरू विषय बनेका छन् । वानीराका कवितामा रहेका विचार, कला र सौन्दर्यगत संवेदना यहाँ विषय बनेका छन् । स्वच्छन्दता, प्रयोग र बौद्धिक शिल्पको त्रिकोणात्मक समन्वयमा नेपाली कवितालाई गति दिने काव्यस्रष्टा नारी प्रतिभाका रूपमा वानीराको काव्योत्कर्षलाई विषय बनाएर प्रस्तुत गरिएका पक्षहरू यहाँ प्रतिपादन भएका छन् ।

'वानीराका कृति' शीर्षक ग्रन्थको दसौँ उपखण्डमा तयार भएको छ । यस उपखण्डमा जम्मा चौधओटा प्रकरणहरूको योजना तयार भएको छ । उनको विधागत सृजनयात्राको क्रममा उनका चारओटा कवितासङ्ग्रह र तीनओटा उपन्यास कृतिको चर्चा गरिएको छ ।

त्यस्तै उनका निबन्धसङ्ग्रह र अङ्ग्रेजीमा अनूदित कृतिहरूको विवरणस्रोत र तिनको प्रकाशनको सन्दर्भ पनि यसै उपखण्डमा प्रस्तुत गरिएको छ । साथै गिरीका कविता, निबन्ध, उपन्यास सृजनाले उनलाई उच्च प्रतिष्ठा प्रदान गरेको सन्दर्भ प्रस्तुत भएको देखिन्छ । यस उपखण्डमा गिरीका सृजनात्मक प्राप्तिको निरूपण गर्ने काम पनि भएको छ ।

ग्रन्थको एघारौँ उपखण्ड 'वानीराको अन्तर्राष्ट्रिय भ्रमण' शीर्षकमा प्रस्तुत भएको छ । उनको भ्रमण विभिन्न उद्देश्यबाट भएको र नेपाली भाषा, साहित्य, कला, संस्कृतिलाई काव्यिक पहिचान प्रक्षेपण गर्ने नारी व्यक्तित्वका रूपमा उनको परिचय प्रस्तुत भएको र उनका प्रयत्नबाट नेपालको परिचय विश्वस्तरमा प्रक्षेपित भएको कुरा पनि यस उपखण्डमा प्रक्षेपित भएको देखिन्छ । अन्तर्राष्ट्रिय स्तरमा भएका सभा, सम्मेलनमा नेपाली प्रतिनिधिका रूपमा एसिया, युरोप र अमेरिकाका विभिन्न मुलुकमा उनले नेपालको प्रतिनिधिमूलक भ्रमणले नेपालको गौरव बढाएको सन्दर्भ यसै प्रकरणमा प्रस्तुत भएको छ ।

'वानीराको प्रेम र विवाह' शीर्षकमा ग्रन्थको बाह्रौँ उपखण्ड प्रस्तुत भएको छ । सातओटा प्रकरणमा व्यवस्थित यस उपखण्डमा वानीराको रूपको बयान, वानीराको प्रणय प्रकरणमा वानीराप्रति युवकहरूको आकर्षण, वानीराको विवाहको प्रसङ्ग, उनको विवाह शङ्कर गिरीसँग भएको प्रसङ्ग र इन्जिनियर शङ्कर र साहित्य साधक वानीरा गिरीको दाम्पत्य जीवनको सन्दर्भ यस खण्डको प्रकरणमा वर्णित भएको छ । वानीरादम्पतीको जीवनयात्रा र उनीहरूका व्यवहारका प्रसङ्गहरू विन्यास भएका सातओटा प्रकरणहरू यहाँ प्रस्तुत भएका छन् । एक मान्छेका आन्तरिक तथा बाह्य सन्दर्भहरू पनि यहाँ विषय बनेका छन् ।

'वानीराका सन्तान' शीर्षकको तेह्रौँ उपखण्ड एकै प्रकरणमा प्रस्तुत भएको छ । एक छोरा र एक छोरीकी आमा बनेकी वानीराका

सन्तानहरू अध्ययनपछि जीवननिर्वाहका क्रममा अमेरिका पुगेर उतै घरजम गर्न लागेको सन्दर्भको चर्चा छ । छोरी अपराजिता र छोरो अपूर्वको जीवनयात्रा अमेरिकामै गुज्रिरहेको र बाबाआमाको रामकहानी नेपालमै गुज्रिरहेको सन्दर्भ पनि यसै प्रकरणमा प्रस्तुत भएको छ ।

ग्रन्थको चौधौँ उपखण्ड 'वानीरागृह' शीर्षकमा रहेको छ । यसमा एकै मात्र प्रकरणको योजना छ र प्रस्तुत प्रकरणले वानीराको व्यवहारकुशलता, आर्थिक व्यवस्थापनको कुशलता, घरघडेरीको व्यवस्था, जीवनशैली, पोष्यपुत्रको व्यवस्थालगायतको व्यवस्थापनका सूचनाहरू सम्प्रेषित रहेका छन् । वानीराको जीवनचर्याको यो पछिल्लो चरण यहाँ व्याख्या भएको छ ।

यस दोस्रो खण्डको अन्तिम र पन्ध्रौँ उपखण्ड 'वानीराको सम्मान' शीर्षकमा लेखिएको छ । एकै प्रकरणका यस उपखण्डमा वानीराले विभिन्न सन्दर्भमा विभिन्न क्षेत्रबाट पाएका सम्मानको व्याख्या गरिएको छ । वानीराले आफ्नो सृजना र साधनाका अनुष्ठानबाट प्राप्त विशिष्टतालाई उच्च आदर गर्दै त्रिमूर्ति निकेतनले विश्व नारीहरूमध्ये नेपाली साहित्यका विश्व नारी रत्न उपाधिको सम्मान प्रदान गरिएको सन्दर्भ यहाँ विषय बनेको छ । यस ग्रन्थको दोस्रो खण्ड जम्मा पन्ध्रओटा उपखण्डको व्यवस्थापनमा पुगेर टुङ्गिएको छ ।
(डा.वानीरा गिरी र प्रा.राजेन्द्र सुवेदीको कोरोनाका कारण झन्नै एकै समयमा निधन भएकाले यस कृतिको तेस्रो संस्करणमा थपिएका तीन ओटा उपखण्डबारेको समीक्षा रहन सकेन ।)

## जीवनी ग्रन्थको उत्तर सन्दर्भ

'वानीराप्रति नारी काव्यधारा' शीर्षकको एउटै मात्र उपखण्ड प्रस्तुत भएको पछिल्लो पाठमा देशविदेशका नारी काव्यिक अभिव्यञ्जना प्रस्तुत भएका छन् । वानीरालाई विषयसन्दर्भ बनाएर लेखिएका काव्यिक अभिव्यञ्जनामा वानीराका प्राप्तिको उपस्थापन गरिएको छ । त्यस्ता नारीस्रष्टाका काव्यात्मक शुभशंसा वर्णानुक्रमिक क्रममा जम्माजम्मी बढीमा छ पङ्क्तिदेखि घटीमा दुई पङ्क्तिसम्मका लयात्मक गद्य कवितांशका साथै एकएक पद्यसमूह यहाँ प्रस्तुत

भएका छन् । यहाँ प्रस्तुत कविताहरूमा वानीराका प्राप्तिको महिमागान गरिएको छ ।

अनुपम रोशी, आस्था कोपिला राई, इन्दिरा प्रसाई, उषा शेरचन, ममता श्रेष्ठ, लक्ष्मी उप्रेती, लतिका जोशी, शारदा सुवेदी, रजनी ढकाल, उषा ठाकुर, अनुकृतिका, अप्सरा दाहाल, एलिना सङ्ग्रौलाले कवितामार्फत वानीराप्रति सम्मान प्रकट गरेका छन् । गङ्गा पौडेल, गायत्री घर्ती मगर, रेणुका थापा 'सोलु', लक्ष्मी अप्सरा पाण्डे, सुनीता कार्की, गीता कार्की, गीता खत्री, छन्दिका घिमिरे, गीता त्रिपाठी, मीना देवकोटा, जया राई, विन्द्या सुब्बा, रश्मि रिमाल, श्रेष्ठ प्रिया 'पत्थर'लगायतका स्रष्टाका कविताहरूमा पनि वानीराको महीयसी प्रतिष्ठाको सम्मान प्रकट भएको छ । त्यस्तै दीपा एवाई राई, दीप्स शाह, निर्मला खड्का, पीताम्बरा उपाध्याय 'पीयूष', शशी थापा पण्डित, पुष्पलता आचार्य, पूर्णिमा जी शाह, बाबा बस्नेत, राधिका दाहाल, भगवती बस्नेत, नीलम कार्की 'निहारिका', मीरामन थापा, मुना श्रेष्ठ नेपाल र मोमिलासमेतका कविताहरूले गिरीका प्राप्तिको वर्णन गरेका छन् । त्यस्तै राधिका गुरागाईं, रुमु न्यौपाने, ललिता 'दोषी', वसुधा नेपाल, विष्णुमाया विभु, शान्तिकुमारी राई, शारदा पराजुली, सरु पोखरेल, रञ्जना निरौला, सिर्जना शर्मा, शान्ति रिसाल, के.बी. विरही, कमला राई, शोभा खतिवडा, कल्पना गिरी 'भावुक' र कृष्णदेवी श्रेष्ठका कवितांशले पनि गिरीका सिर्जनात्मक प्राप्तिलाई सम्मान प्रकट गरेका छन् । साथै सन्तु श्रेष्ठ, सन्ध्या रेग्मी, सपना गौतम, सरला घिमिरे, सरस्वती प्रतीक्षा, सविता श्रेष्ठ 'बेहोसी', सरस्वती श्रेष्ठ 'सरु', रुकु कार्की, सानु घिमिरे, सुचित्रा खनियाँ, सुमन वर्षा र सुमित्रा पौडेल 'आँचल' आदि नारीस्रष्टाका रचनाहरूले वानीरा गिरीको महिमा गान गरेका छन् । त्यसै गरी ईश्वरी गौतम, विष्णु शर्मा र हरिदेवी कोइराला नारीस्रष्टाका रचनाहरूले वानीरा गिरीको साहित्यिक सम्मान र शुभाकाङ्क्षा प्रकट गरेका छन् । गिरीका प्राप्तिको वैशिष्टच काव्यिक संवेदनामा प्रस्तुत गर्ने प्रयत्नमा यो उपखण्ड तयार भएको छ ।

नारीस्रष्टाका कवितात्मक पङ्क्तिका रूपमा प्रस्तुत यस सन्दर्भले समग्र रूपमा गिरीको उच्च व्यक्तित्वको विशिष्ट सम्मानको गायन गरेका छन् । देशभित्र र देशबाहिर समेत रहेका अनेकानेक स्रष्टाको भावसंवेदनामा प्रतीक बनेर बसेकी वानीराको वैशिष्टचलाई गद्यका बढीमा चार पङ्क्तिका कवितामा प्रस्तुत गरेको पाइन्छ । यस्ता प्राप्तिका कारण गिरीले उत्कर्षता आर्जन गरेको ठहर नारी कविहरूले गरेका छन् ।

**निष्कर्ष**

जीवनीकार नरेन्द्रराज प्रसाईको लेखनमा प्रस्तुत भएका फुटकर तहका लघु जीवनी, लघु ग्रन्थस्तरका जीवनी, मध्यमस्तरका जीवनी, र बृहत् ग्रन्थस्तरका जीवनीमूलक कृतिहरू पनि प्रकाशमा आएका छन् । तीमध्ये वानीराको जीवनीमा केन्द्रित प्रस्तुत ग्रन्थ मध्यमस्तरको जीवनी बनेको छ । यस कृतिमा वानीराको जीवनवृत्तको पूर्वसन्दर्भ, जन्म र बाल्यकाल, शिक्षादीक्षा, सृजना तथा आजीविकाको उपाय, गिरीबाट भएको विभिन्न विधाका कृतिहरूको सृजना, पारिवारिक इतिवृत्त, सामाजिक र सांस्कृतिक संवेदना, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरको प्रतिष्ठा आर्जनलगायतका पक्षहरू आफ्नै विशिष्टता बनेको देखाइएको छ । यस किसिमको स्थिति निरूपण भएको प्रसाईको यस कृति नेपाली जीवनीलेखन परम्परामा एक थप ग्रन्थ बनेर प्रकाशमा आएको हो ।

'नेपाली साहित्यका विश्व नारी रत्न : वानीरा गिरी'को जीवनीकृति प्रसाईद्वारा लेखिएका जीवनीका परम्परामा नयाँ कडी बनेर आएको छ । निबन्धात्मक भावसंवेग, काव्यात्मक भावशिल्पको औपन्यासिक संयोजनलगायतका विशेषताहरू समेटिएको यो जीवनी आफैँमा एक विशिष्ट सिर्जना हो ।

**• प्रा.राजेन्द्र सुवेदी**

# झुक्तै नझुक्ने नेपाली शिर अर्थात् डा.वानीरा गिरी

डा.वानीरा गिरी भन्नु नेपाली साहित्यका विश्व नारी रत्न हुन् । आधा आकाश ओगटेको जनसङ्ख्यालाई आधार मानी भन्नुपर्दा वानीरा गिरी नेपाली भाषासाहित्यकै एउटा सिङ्गो अस्तित्व हुन्, एउटा सिङ्गो स्वाभिमान हुन् र एउटा सिङ्गो शिर हुन् । वानीरा गिरी फेरि दोहोऱ्याएर पाउन नेपालले चिरकाल प्रतीक्षा गर्नुपर्ने पनि हुन्छ । किनभने वानीरा गिरीको नेपाली माटोमा लागेको छाप र नेपाली माटोको वानीरा गिरीमा परेको छाप नै नेपाली साहित्यको एउटा सुखद र भरपर्दो संयोग बनेको छ । त्यही यथार्थ ठाडै भन्नुको अर्थमा वानीरा गिरी नेपाली साहित्यको एउटा बलियो आधारशिला हुन् । वानीरा गिरीरूपी खाँबोलाई नेपाली भाषा लेख्ने देशदेशान्तरका नारीहरूले मियो नै मानेका छन् ।

वानीरा गिरीका बुबाले सौतेनी आमाको खप्की खप्न नसकेर आफ्नो मातृभूमिलाई चटक्कै छोड्नुपरेको थियो । भनौँ, इन्द्रराज गिरीले प्रवासमै कर्म गरेर त्यतै जीवन तुरेका थिए । आफ्नो पितृ तथा मातृभूमि पछ्याएर वानीरा गिरी फेरि नेपालकै धूलो टेक्न आइपुगिन् । अनि यसै माटोले उनलाई नेपाली साहित्यमा दिग्विजय नै गराइदियो ।

वानीरा गिरीले नेपाल आएर आफ्नो वैयक्तिक जीवन मात्र भोग गरिनन्, उनले नेपाली भाषासाहित्यको श्रीवृद्धिका लागि आफ्नो

मन, वचन र कर्म रोपिन् । त्यसैले आजको विश्वसाहित्यका अघिल्लो पङ्क्तिमा बस्नेहरूले नेपालको बौद्धिक चेतनाकी नारीस्रष्टामध्ये एक जनाको नाउँ सोध्नेबित्तिकै त्यसको सरल उत्तरमा डा.वानीरा गिरीको नाउँ उच्चारण गर्नैपर्ने हुन्छ ।

नेपाली भाषासाहित्यका नारीचुली वानीरा गिरीको रचनामा कुनै राजनीतिक सिद्धान्तको रङ देखिँदैन । उनी कुनै राजनीतिक दलको पछौटे पनि बनिनन् । उनले नि:स्वार्थ रूपमा नेपाली भाषाकै सेवा गरिन् । नेपाली साहित्यलाई सम्मानका साथ मुलुकबाहिर पुऱ्याउन उनले जीवनभर साधना, आराधना मात्र गरिनन्; तपस्या नै गरिन् । तापनि उनलाई अन्धो राष्ट्रवादको मुखौटोधारी खेमाले उताकी अर्थात् भारतबाट हाम्रो भाग खान आइपुगेकी भनेर लखेट्न पनि छोडेनन् । उनले यस्ता कटु वचनलाई टेक्तै हिँडिन् र अन्तत: उनी नेपाली साहित्यका विश्व नारी रत्नमा नै दरिइन् ।

नेपाली भाषासाहित्यमा आफूहरूलाई ठेकेदार ठान्ने प्रचलन पनि नेपालको एउटा महारोग नै भएको छ । नेपाली भाषाका नाउँमा राइँदाइँ गर्ने ती नायकहरूको अपाच्य कर्तुतका दृश्य यहाँ  प्रकाशित नभएका पनि होइनन् । स्वनामधन्य छद्मभेषीहरूको रेशमी पर्दा आफ्ना कर्मद्वारा च्यातेर त्यहींनेर अलग्गै र सग्लो स्वपहिचान प्रस्तुत गर्ने वानीरा गिरीहरू नेपाली साहित्यका स्वाभिमानी शिर मानिए । समर्पित स्रष्टाहरूको प्रोत्साहनमा बिर्को लगाउन चाहनेहरूका माऊबाट आफ्नो शिरलाई नभाँची वानीराहरूले आफ्नो सग्लो परिचय देशदेशान्तरमा दिए । वानीराले नेपाली स्रष्टाको स्वाभिमानी शिरको प्रतीक अन्तर्राष्ट्रिय क्षेत्रमा समेत पुऱ्याएकी थिइन् ।

नेपाली भाषाको सेवा गर्छु भनेर ठेकदारी लिनेहरूले जसरी कविशिरोमणि लेखनाथ पौडयाललाई आसैआसमा हिरिक्कहिरिक्क पारेर तड्पाइएको थियो, जसरी नाटचसम्राट् बालकृष्ण समलाई आश्वासनको दियो बालेर आफूहरूतर्फ प्रज्वलित पार्दै समका भागमा

अन्धकार पार्ने प्रयास गरिएको थियो । त्यसरी नै महाकवि लक्ष्मीप्रसाद देवकोटालाई आफ्नै घरको परिसरमा आइपुगेको बेलासमेत पानी पनि खान नदिएर होच्याइन्थ्यो र उनको जीवनकालभरि पागलकै व्यवहारसमेत गरिएको थियो । वानीरा गिरी स्वयम्ले पनि त्यस्ताखाले डरलाग्दा खप्की र हैकम सुनेकी र देखेकी पनि थिइन् । त्यसैले उनी यो महारोग लाग्नबाट बचाउन सधैँ सतर्क भइराखिन् ।

वानीरा गिरी प्रवृत्तलाई जरैबाट उखेलेर मास्ने परम्परा पनि नेपालमा नौलो मानिएन । एकातिर वानीराको किलकिले समाउने र अर्कातिर वानीराको घुँडामुनि नुहाइधुवाइ गर्ने तिनै तत्त्वहरू घरीघरी हामीले देख्तै आउनुपऱ्यो । वानीरालाई व्यङ्ग्य हान्न खोज्दा आफैँ जोकर भएकाहरूको रोगबाट वानीरा सदैव अलग रहँदै आइन् । वास्तवमा राणाको चिहान खोस्रेर, उधिनेर र खोतलेर ल्याइएको सिनो ढुक्ने काम वानीरा गिरीबाट पनि कहिल्यै भएन ।

नेपाली भाषासाहित्यको श्रीवृद्धिका लागि वानीरा गिरी सधैँ उँभो उक्लिरहिन् । वास्तवमा, प्रतिभाशाली मान्छेहरू निर्धक्क भएर नै हिँड्छन् । वानीरा गिरी पनि त्यही कोटिमा उभिएकी स्रष्टाकी नमुना मानिइन् । उनमा आफ्नै किसिमको जीवनशैली हुर्किएको थियो । त्यसैले उनी घाँसपातमा सिरुजस्तै घोचिली भइन्, ढुङ्गामा दर्शनढुङ्गाभन्दा बलियी भइन् र धातुमा फलामभन्दा दह्री भइन् । अनि त उनको आफ्नो अस्तित्वमा जतिसुकै स्यालका लस्करहरूबाट बाटो छेक्न खोजिए तापनि उनी कहिल्यै छेकिइनन्, उनका अघिल्तिर जतिसुकै कुकुर भुकाए तापनि उनले आफ्नो बाटो छोडिनन् र उनीप्रति जस्तै मुर्कट्टाद्वारा आक्रमण गराए तापनि वानीरा कहिल्यै तर्सिइनन् । बरु उनले आफ्नो बलबुताले ती सबैलाई आफ्ना पछिल्तिर हिँड्ने जुलुस बनाइरहिन् । अनि त हिजो वानीराका विपरीतध्रुवी जुलुसको नेतृत्व गरेर हिँड्ने व्यक्तिसमेत पनि पछिल्ला दिनमा आफ्ना छातीमा हात राखेर 'आकाशमा थुके आफ्नै मुखमा छिटा' भन्ने वाक्य वक्न बाध्य भए ।

•

वानीरा गिरी कठोरताकी मात्र नमुना थिइनन्; कोमलताकी नमुनामा स्थापित नाउँ पनि थिइन् । कुनै पनि कुरालाई उनको ब्रह्मले राम्रो देख्यो भने उनी नौनीघ्यूजस्तै हुन्थिन्, भुवाजस्तै हुन्थिन् र बादलजस्तै पनि हुन्थिन् । उनी अनावश्यक टिप्पणी, वादविवाद र छलफलमा अलमलिन चाहन्न थिइन् । उनी सार्थक ठाउँमा मात्रै सार्थक समय रोप्न चाहन्थिन् । त्यसैले पनि उनको जीवनयात्रा उत्कृष्ट मापमा नापिन पुग्यो । उनी जे लेख्थिन्, सत्य स्वीकारेर नै लेख्थिन् । उनी आडम्बरदेखि टाढै बसेर लेख्थिन् । त्यसैले उनको लेखनी अब्बल दर्जाको हुन पुग्यो । उनको साहित्यिक जीवनको साङ्गोपाङ्ग अध्ययन गरेर भन्नुपर्दा आजको विश्वसाहित्यमा नेपाली साहित्यको नारीलेखनको परिवेशमा एउटा रानो वानीरा गिरी भइन् । अब उनलाई जति चाटे पनि केही फरक पर्दैन, किनभने उनी साहित्यिक आरोह भइन्; अनि उनलाई जसले थुके पनि केही फरक पर्दैन, उनी साहित्यिक गङ्गा भइन् । त्यही बेहोराले सिङ्गो सृजनात्मक धर्तीमा उनी फक्रिइन् र नेपाली साहित्यको नाम्लो थाप्लोमा लगाएर विश्वपरिक्रमा गरिन् ।

•

वानीरा गिरीसँग मान्छेको प्राय: मतमतान्तर हुन्थ्यो, किनभने उनी बौद्धिक चेतनाले खारिएकी व्यक्तित्व थिइन् । अर्को कुरा प्राय: सर्जकहरू नै स्वाभिमानी प्रवृत्तिमा हुर्केका हुन्छन् । स्वाभिमानी चेतना कहिल्यै पनि टाउको हल्लाएर स्वीकृति मात्र जनाउन सक्तैन । त्यसैले सत्यतथ्यका लागि वानीराले मतान्तर राख्ने गरेको सन्दर्भको साक्षी म पनि भएको छु ।

मैले वानीरा गिरीलाई २०३० सालदेखि नै चिनेको हुँ । त्यसपछि उनीप्रति मेरो एकोहोरो माया, प्रेम र श्रद्धा झाँगिँदै जान थाल्यो ।

उनीसँग मलाई नजिक पुऱ्याउने काम इन्द्रेणी प्रसाईले गरेकी थिइन् । इन्द्रेणी नातामा मेरी भतिजीबुहारी थिइन् । उनी पनि पद्मकन्या बहुमुखी कलेजमा पढाउँथिन् । अनि वानीरा पनि त्यहीँ पढाउँथिन् । इन्द्रेणीको डेरामा वानीरासँग म सर्वप्रथम त्यसै बेला बोलेको थिएँ । त्यस बेला वानीरा आफ्ना दुवै छोराछोरी लिएर इन्द्रेणीको शुभजन्मदिनको अवसरमा शुभकामना दिन घट्टेकुलो आएकी थिइन् । त्यसपछि हामी दुईको साहित्यिक नाता पनि क्रमश: बढ्न थालेको थियो । त्यतिखेर वानीरा गिरी नेपाली परिवेशमा आफ्नो सग्लो अस्तित्व स्थापित गर्ने क्रममा उभिएकी थिइन् भने म फाट्टफुट्ट प्राय: गीत र कविता मात्रै लेख्ने गर्थें ।

•

पछिपछिका दिनहरूमा लेखकको सूचीमा मेरो नाउँले पनि चियाउन थालेको थियो । म पनि लेखक हुँ कि ! जस्तो लागेर २०४० सालतिर मैले वानीरा दिदीलाई एउटा चिठी लेखेको थिएँ, तर मैले मेरो पत्रको प्रत्युत्तर पाइनँ । अनि फेरि मैले उनलाई अर्को पत्र पनि लेखें, त्यसको पनि मैले प्रत्युत्तर पाइनँ । म लेखिरहन्थें, सायद उनी मेरो लेखनी च्यातिदिन्थिन् या फालिदिन्थिन् । मैले एकोहोरो श्रद्धाको बीउ राख्न कहिल्यै छोडिनँ । तर मैले उनीबाट कहिल्यै हार्दिकता भेट्न पनि सकिनँ । खै ! धेरै पटक जनराष्ट्रकवि ईश्वरवल्लभले हामीमाझको सम्बन्धलाई न्यानो पार्न पनि खोजे, तर त्यति सकेनन् । हो, पछिल्ला दिनहरूमा वानीरामा मप्रति क्रमश: केही न केही परिवर्तनचाहिँ आएको मैले महसुस पनि गरेको थिएँ । वास्तवमा, एउटी बघिनीलाई आफ्नो विशेष श्रद्धाद्वारा रिझाउन मैले प्रयास गरेको थिएँ । उनी नेपाली साहित्यको बघिनी भन्ने कुरा मैले २०५० सालतिर सुनेको थिएँ । एक पटक धेरैका अघि वैरागी काइँलाले वानीरालाई भनेका थिए– 'वानीरा बहिनी एक्लो बघिनी हो; जसका कारण हामी सबैको शोभा बढेको छ ।'

• •

त्रिमूर्ति निकेतनको म संस्थापक हुन पुगेँ । घटराज भट्टराई, इन्दिरा प्रसाई र मेरो तन, मन, धनको चिनो पनि त्यही त्रिमूर्ति निकेतन हो । त्रिमूर्ति निकेतनले २०६६ सालमा आफ्नो कार्यसम्पादन गर्ने क्रममा प्रथम 'अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन' कुशलतापूर्वक सम्पादन गरेको जगजाहेर नै छ । त्यस सफलतापछि विश्वभर छरिएर रहेका नेपाली भाषा लेख्ने नारीस्रष्टाहरूको एउटै मञ्च स्थापनार्थ त्रिमूर्ति निकेतनका संस्थापक तथा अध्यक्ष इन्दिरा प्रसाईको प्रस्ताव आयो । उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएपछि हामी यसको कार्यसम्पादनतर्फ उन्मुख भयौँ । परिणामस्वरूप त्रिमूर्ति निकेतनअन्तर्गत बालकृष्ण सम फाउन्डेसनका संयोजक साहित्यकार प्रा.डा.गार्गी शर्माको अध्यक्षतामा 'विश्व नारी नेपाली साहित्य सम्मेलन'को गठन भयो । अनि त्यस सम्मेलनमा त्रिमूर्ति निकेतनकै सदस्यसचिव पदेन सदस्यसचिव रहने कुरा भयो र त्यसैले म 'विश्व नारी नेपाली साहित्य सम्मेलन'को पनि सदस्यसचिव रहन पुगेँ ।

•

ईश्वरवल्लभ दाइसँग मेरो पेटबोली मिल्ने गर्थ्यो । हामी प्राय: नेपाली साहित्यकै कुरामा धेरै अलमलिने गर्थ्यौं । अनि मचाहिँ नारीस्रष्टाबारेको चिन्तनमै लागिरहेको पनि उनलाई थाहा थियो । यसै प्रसङ्गमा उनले २०४६ सालदेखि मलाई बराबर भन्ने गर्थे– 'नेपाली साहित्यमा त्यस बेलादेखि यस बेलासम्मको नारीलेखनमा बौद्धिक चिन्तक र निरन्तर लेखिरहने त वानीरा नै सर्वोत्कृष्ट स्रष्टा हुन् ।' उनले भनेको त्यही बेहोरालाई मैले दृष्टिगत गरिरहेँ । अनि वानीरा गिरी र वानीरा गिरी नै फेरि मेरा मनमस्तिष्कमा खेलिरहने नाउँ हुन थाल्यो । 'विश्व नारी नेपाली साहित्य सम्मेलन'को गठन भएपछि त मैले नेपाली अक्षर लेख्ने वानीरा र वानीराहरू मात्रै खोज्न थालेँ । त्यसै सिलसिलामा त्रिमूर्ति निकेतन र विश्व नारी

नेपाली साहित्य सम्मेलनले चौध अञ्चल र विश्वका झन्नै बीस देशका नेपाली साहित्यकारहरूमाझ सर्वोत्कृष्ट एक जना जीवित नारीस्रष्टाको खोजी गरिरह्यो । प्राय: धेरैले एउटै स्वरमा वानीरा गिरी, वानीरा गिरी र डा.वानीरा गिरीकै नाउँ उल्लेख गरिरहे ।

वर्तमान नारी साहित्यकारमध्ये वानीरा गिरीपछिको शृङ्खलामा पनि लगातार कहिले प्रेमा शाह, कहिले माया ठकुरी, कहिले कुन्दन शर्मा र कहिले लक्खीदेवी सुन्दासहरूको नाउँ आइरह्यो । साथसाथै भुवन ढुङ्गाना, डा.बेन्जु शर्मा र तोया गुरुङको नेपाली भाषासाहित्यको सृजनाले पनि देशदेशान्तरको गरिमा बढाएको रहेछ भन्ने पनि हामीले त्यसै बेला महसुस गर्न पायौँ । अनि फेरि वानीरा गिरी र अन्य सात जना नारीचुलीको नामावली प्रस्तुत गरेर चारैतिर सर्वेक्षणका मतहरू हामीले बटुल्न थाल्यौँ । अजातशत्रु त यस पृथ्वीको नश्वर चोलामा हुन मुस्किलै छ । त्यसैले वानीरा गिरीका पनि शत्रुपक्ष चलमलाउनु त अनौठो कदापि होइन । तर ती शत्रुपक्ष पनि वानीरा गिरीको उच्चस्तरीय प्रतिभाका सन्दर्भको कुरामा भने नतमस्तक नै भएका थिए । अन्तत: सर्वेक्षणको नतिजास्वरूप एक मात्र वानीरा गिरीको नाउँ सर्वमान्य नारी लेखकका रूपमा आएको थियो । यसरी जति नै पल्ट उल्टोपाल्टो गरेर सोधीखोजी गरिँदा पनि उनै डा.वानीरा गिरी नै नेपाली साहित्यका विश्व नारी नेपाली साहित्य रत्नको सिंहासनका लागि ठहर हुँदै आइन् । त्यसपछि मात्र 'विश्व नारी नेपाली साहित्य सम्मेलन'को २०६९ साल असोज २० गतेको पूर्ण बैठकबाट डा.वानीरा गिरीलाई 'नेपाली साहित्यका विश्व नारी रत्न'को उपाधि समर्पण गर्ने निर्णय भएको थियो ।

•

नेपालको वर्तमान भागबन्डाको राजनीतिक व्यवस्थाले गर्दा कैयौँ वानीरा प्रवृत्त लेखकहरू आफल्न खोजिएका छन् । दलगत स्वार्थले गर्दा साहित्यमा होचाहोचा कदका मान्छेहरूलाई तान्ने क्रेन

राखिएको छ र त्यसैले तानेर माथिमाथि पुऱ्याउने चलन भएको छ । तर जति जे गरे पनि साहित्यमा सधैँभरि क्रेन संस्कृतिको बोलबाला रहन सक्दैन । युगले अर्काको बुई चढेर अग्लिएका पुड्काहरूको सालिक निर्माण गर्दैन । भोलिको इतिहासले निजी कर्मद्वारा अग्लिएका सर्जकको मात्र सालिक निर्माण गर्छ अथवा कविशिरोमणि लेखनाथ पौडचाल, नाटचसम्राट् बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटा अनि प्रेमराजेश्वरी, गोमा र पारिजातका सालिक निर्माण भइरहने छन् । यिनीहरूलाई कसैले तिरस्कार गरेकै थिए भने पनि त्यसको अब केही अर्थ रहेन । उनीहरूको नश्वर देह माटोमा विलिन भएको वर्षौं हुँदा पनि यी दिग्जीवन्त हुँदै नेपाली धरामा अजरअमर भएर रहेका छन् । अनि त्यही कोटिमा शिर ठाडो पारेर ठिङ्ग उभिने अर्की नारीचुली हुनुको गर्व हामीले भोग्न पाएका छौँ, जसलाई विश्व समुदायका नेपाली भाषीले सगर्व नेपाली साहित्यका विश्व नारी रत्न वानीरा गिरी सम्बोधन गरे ।

•

वानीरा गिरी भनेको त्यस्तो नाउँ हो, जसको साहित्यप्रतिको समर्पणका कारण देशदेशान्तरका नारीस्रष्टाले काव्यात्मक जयघोष गरे । अनि वानीरा गिरीलाई नारीहरूले नेपाली साहित्यको धरोहर माने । त्यसैले प्राध्यापक डा.गार्गी शर्मा बोलेकी थिइन्– 'यस भूगोलमा नारीसाहित्यको वर्तमान शिखर भन्नु नै डा.वानीरा गिरी हुन् ।' त्यसै गरी प्रा.डा.उषा ठाकुरका अनुसार– 'वानीरा गिरी र नेपाली साहित्य अनि विश्व नेपाली नारी साहित्य र वानीरा गिरी सहोदरी हुन् ।' वास्तवमा, वानीरा गिरी तिनै हुन्, जसको उपस्थितिले नेपाली साहित्यको नारीमय अस्तित्वको गरिमा बढेको छ ।

• •

नेपाली साहित्यका विश्व नारी रत्न डा.वानीरा गिरीको व्यक्तित्वको ओजपूर्ण सत्यकथा लेख्न मेरो मनले मलाई घचघच्याएको

पनि धेरै वर्ष भएको थियो । २०६३ सालमा प्रकाशित 'नारीचुली'मा मैले उनको अति सङ्क्षिप्त भनौँ लघु जीवनी प्रस्तुत गरेको थिएँ । तर उनीप्रति सग्लो कृति निर्माण गर्न नसक्ता मैले उनीप्रति अन्याय गरिरहेको महसुस ममा थियो । यसैबीच ईश्वरवल्लभ दाइले मलाई फेरि पनि भनेका थिए– 'भाइ ! वानीरा यस युगकी नारीस्रष्टाका शिखर चेतनाबिन्दु हुन् ।' दाइको वाणी मैले मेरो कानमा सिउरिन त छोडेकै थिइनँ । तर मैले उनीबारे लेख्न ठोस समय पाइरहेको पनि थिइनँ । इन्दिराले पनि मलाई वानीरामय पनि बनाउन खोजिरहन्थिन् ।

एक दिन मुक्तक सम्राज्ञी उषा शेरचनले मलाई भनेकी थिइन्– 'भाइ ! वानीरा गिरी एउटा हाडेओखर हुन् । उनी बाहिर हाड र भित्र मीठो गुदी हुन् ।' उषा दिदीका भावना पनि मैले मेरो मनमा लुकाएर नै राखेको चाहिँ थिएँ । म बुझ्थेँ, इन्दिरा र उषा दिदीले पनि वानीरालाई राम्ररी नै पढेका रहेछन् ।

नेपाली साहित्यका विश्व नारी रत्नको उपाधि जब वानीराले पाइन्, त्यसपछि इन्दिराले मलाई भन्न थालिन्– 'वानीराजस्ती युगनायिकाको कृति अब प्रकाशित गर्नुपर्ने हाम्रो कर्तव्य हो । हामीले पनि साहित्यमा राजनीतिका कीटाणु मास्न सकेनौँ भने भोलिका पिँढीले हामीलाई धिक्कार्नेछन् ।' त्यसपछि मैले मेरो जाँगर वानीरा गिरीप्रति समर्पित गर्ने जमर्को गरेँ । तर उनीबारेको यथार्थ बेहोरा उनीबाटै सङ्कलनको स्वार्थ बोकेर इन्दिरा र म लगातार महिनौँ दिन उनैका घरमा गइरह्यौँ । फलस्वरूप, केही वर्षअघिदेखि तयार गर्दै आएको वानीरा दिदीको जीवनचक्रलाई सकेसम्म साङ्गोपाङ्गो र उदाङ्गो पार्दै मैले सिङ्गो कृतिका रूपमा प्रस्तुत गरेको छु ।

वानीरा गिरी को थिइन्, के थिइन् र कसरी थिइन् भन्ने जिज्ञासा राख्ने व्यक्तिहरूका लागि प्रस्तुत 'नेपाली साहित्यका विश्व नारी रत्न : वानीरा गिरी'ले केही मद्दत गर्नेछ भन्ने मैले विश्वास लिएको छु ।

'नेपाली साहित्यका विश्व नारी रत्न : वानीरा गिरी' तयार गर्ने क्रममा इन्जिनियर शङ्कर गिरी अर्थात् पार्वती लेख्ने वानीरा गिरीका महादेवको अति ठूलो भूमिका जोडिएको छ । शङ्कर भेनाले यस कृतिलेखनमा मलाई पूर्ण सहयोग दिएको यथार्थ बेहोरा मैले पाठकमाझ पुऱ्याउनु नै पर्छ । साथै वानीरा दिदीको घरमा प्रबन्धकको भूमिका निभाउने भीमबहादुर बोटेले म र मेरी पुरोधिका इन्दिरालाई गरेको सत्कारलाई पनि मैले यस बेला सम्झनुपर्ने हुन्छ ।

नेपाली साहित्यका विश्व नारी रत्न अर्थात् वानीरा गिरी सधैँ स्वाभिमानको लडाइँमा जुझारु योद्धाका रूपमा युद्धरत भइरहिन् । उनी सधैँ अस्मिताको सङ्घर्षमा समर्पित भइरहिन् । अनि उनी सधैँ योग्यता, कुशलता र निपूर्णताको जुधाइमा अहोरात्र लम्किरहिन् । त्यसैले उनी नेपाली गौरव पोखिने धर्ती र आकाशमा स्वाभिमानको सग्लो प्रतीकका रूपमा उभिइरहिन् । उनको त्यो ठाडो शिरले २९००२ फुटको उँचाइलाई कहिल्यै घटाएन अथवा भनौँ सगरमाथाको टुप्पोमा उनको शिरले पनि समानान्तर उँचाइ राखिरह्यो । तिनै हुन्– नेपाली साहित्यकी नारीचुली ! तिनै हुन्– विश्व नारी रत्न ! अनि तिनै हुन्– वानीरा गिरी ! यी सबैलाई एकमुस्ट भन्नुपर्दा तिनै हुन्– 'नेपाली साहित्यका विश्व नारी रत्न : वानीरा गिरी' ।

**• नरेन्द्रराज प्रसाई**

# नेपाली साहित्यका विश्व नारी रत्न : वानीरा गिरी

# वानीराका पुर्खा

वानीरा गिरीका बाजे देवराज गिरी नेपालको पूर्व एक नम्बर काभ्रेपलान्चोकको चौरीकात्तिकेमा बसोबास गर्थे । उनी त्यही गाउँमा हुर्की बढेका थिए । उनको देवकलासँग वैवाहिक जीवन गाँसिएपछि उनीहरूले त्यहीँ नै खेतीपातीमा आफूहरूलाई समाहित गराएका थिए । यी दम्पतीका पाँच भाइ छोरा जन्मेका थिए । तत्कालीन नेपालको दुर्गम स्थानको अवस्था विकासका दृष्टिले निकै पछिल्लो कोटिको हुन्थ्यो । त्यसैले गिरीका सपरिवार मिलेर मिहिनेत गर्दा पनि त्यस घरमा त्यति सुक्ख, समृद्धि र चयन हुन सकेको थिएन । वास्तवमा, घरको खस्कँदो आर्थिक अवस्थालाई धान्न देवराज गिरी र देवकलालाई हम्मेहम्मे नै पर्थ्यो । तर पनि उनीहरूले अत्यन्तै मिहिनेत, परिश्रम र समर्पित भएर काम गर्न छोडेका थिएनन् । उनीहरूले खेतीपाती र पशुपालनमा लगनशील भएर आफ्ना सन्तानलाई जसोतसो राहत दिएका थिए । जतिसुकै दुक्ख आइपर्दा पनि उनीहरूले हरेस खाने काम गरेनन् ।

गिरीदम्पतीका पाँच भाइ छोरामध्ये श्रीराम गिरी र इन्द्रराज गिरी खुबै मिल्थे । दाजुले भनेका हरेक कुरामा भाइका हातको बूढी औँठा थिचिने गर्थ्यो । इन्द्रराज गिरी आफ्ना दाजु श्रीरामले भनेका जुनसुकै कुरालाई बिनासर्त र बिनाचिन्तन नै स्वीकार्ने गर्थे । यिनीहरूको मिल्ती त्यस गाउँको पनि नमुना मानिन्थ्यो ।

•

देवराज गिरीकी पत्नी देवकलाको असामयिक निधन भएको थियो । अनि त्यस घरमा प्राय: अँध्यारोकै बास हुन थालेको थियो । त्यसपछि त्यो घर नै उजाड देखिन थालेको थियो । हुन त देवराज र देवकलाका छोराहरूले शैशवावस्था पार गरिसकेका थिए; तर पनि घरखेत, पशुपालन र चुलोचौको जोड्ने कामले देवराजलाई निक्कै नै साह्रो र गाह्रो पारेको थियो । त्यसैले गाउँलेको करबल, आफ्ना छोराहरूको ढिपी र आफ्नै स्वेच्छाले गर्दा उनले दोस्रो बिहे गरेका थिए ।

देवराजको दोस्रो बिहे स्थानीय सावित्रीदेवी गिरीसँग भएको थियो । सावित्री निक्कै कडा स्वभावकी थिइन् । साथै देवराज र सावित्रीदेवीको उमेरमा पनि झन्नै तीस वर्षको फरक थियो । त्यसैले पनि बूढाकी तरुनी स्वास्नी भएकाले उनले छोराहरूलाई त्यति मन पराउँदैन थिइन् । साथै उनी आफ्ना पतिलाई पनि काँचै खान खोज्थिन् । उनको अनुहार प्राय: अँध्यारो नै हुन्थ्यो । उनको अनुहारले नै पनि उनको वैयक्तिक चरित्रलाई छर्लङ्गै पार्ने गर्थ्यो । वास्तवमा सावित्रीदेवीको प्रवेशपछि त्यस घरमा दैनिक अशान्ति मच्चिने गर्थ्यो । त्यस बेलाको दैनिकीका कारण देवराज र उनका छोराहरूको मनस्थितिसमेत असहज हुन थालेको थियो ।

आफ्नो घरको तालमेल नमिलेपछि देवराज गिरी साह्रै दु:खित भएका थिए । वास्तवमा त्यस घरको रडाको देखेर गाउँले पनि छक्क पर्थे । एक दिन होइन, दुई दिन होइन र तीन दिन पनि होइन, सावित्रीदेवीले गिरीनिवासमा सधैँ ताण्डवनृत्य नै देखाउने गर्थिन् । उनले सौताका छोरालाई एक आँखाले पनि देख्न सक्तिन थिइन् । कतिसम्म भने गिरी पुत्रहरूलाई उनी प्राय: झम्टिने, गाली गर्ने र खान नदिएर भोकभोकै सुताउनेसमेत काम गर्थिन् । त्यति मात्र होइन, छोराहरूका विरुद्धमा आफ्नो पतिलाई अहोरात्र निराश पार्ने उनको एक मात्र काम हुने गर्थ्यो । उनले प्राय: श्रीराम गिरी र

इन्द्रराज गिरीसँग झगडा नगरेको दिनै हुँदैनथ्यो । दिनप्रतिदिन उनी ती केटाहरूलाई कुट्ने पनि भइसकेकी थिइन् । एवम् रीतले देवराज गिरीको घरसंसारमा सधैँ झगडाको झ्याम्टा मात्रै बज्ने गर्थ्यो । वास्तवमा सावित्रीदेवीलाई बिहे गरेपछि देवराजका घरआँगनमा सधैँ औँसीको मात्र वास हुन थालेको भान हुन्थ्यो ।

# वानीराका बुबाको प्रवास प्रवेश

आफ्ना बुबाले सौतेनी आमा भित्र्याएपछि श्रीराम गिरी र इन्द्रराज गिरीका घरमा दिनहुँ झगडाको राँको दनदन बल्न थाल्यो । बाल्यकालकै अवस्थामा भए पनि इन्द्रराज गिरी भने संवेदनशील थिए । त्यसैले उनका दाजु श्रीराम गिरी र यिनले घर छोड्नेबारे मतो पनि गरे । अनि यी दुवै भाइले गाउँलेका पछि लागेर भारतको दार्जिलिङ जाने निर्णय गरे । त्यस बेला उनीहरूले बाँची खाने यही एउटा मात्र उपाय देखेका थिए । त्यसैले उनीहरूले मध्यरातमा नै आफ्नो बाबुको घर छोडिदिएका थिए ।

इन्द्रराज गिरी भागेर जाँदा बाह्र वर्षका मात्रै थिए । उनी बाटाबाटामा आफ्ना बाबुको सुर्तामा रुने पनि गर्थे । अनि त्यति बेला उनका दाजु श्रीराम गिरीले उनलाई फकाउने गर्थे । बाटाघाटामा विभिन्न हन्डर खाँदै उनीहरूले भारत टेके । अनि घरबाट निस्केको साठी दिनमा उनीहरू दार्जिलिङको खर्साङ पुगेका थिए । खर्साङ पुगेपछि उनीहरूले थाकेकै कारण आफ्नो पाइला अघि सार्न नै सकेनन् । रात पनि झमक्कै परिसकेको थियो । अनि त्यहीँ भारतीय मूलका मान्छेको घरमा उनीहरूले वास मागे । संयोगको कुरो, उनीहरूले बास मागेको घर व्यापार, व्यवसाय गर्ने मारवाडी साहूको परेको थियो । त्यस घरका मालिक पनि राम्राराम्रा कलिला केटाहरू देखेर उनीहरूसँग लोभिए । उनीहरूका हातमा एकाएक भाग्यले अधिन जमायो । परिणामस्वरूप, उनीहरू त्यसै घरको घरेलु कामदारका रूपमा रहन थाले ।

मारवाडीको घरमा बस्ताबस्तै इन्द्रराज गिरी र श्रीराम गिरीले साहूको मन जित्न थालेका थिए । त्यसैले घरभित्र सेवारत यी दाजुभाइलाई साहूले आफ्नो कपडा पसलसम्म आउने अनुमति दिन थाले । टाठा किसिमका किशोरहरू भएकाले क्रमश: उनीहरूले साहूले कपडा बेचेको पनि हेर्न थाले । ठिटाहरूमा कामप्रतिको रुचि देखेर साहूले पनि यिनीहरूलाई गृहपरिसरको काम सकेपछि पसलमा बोलाएर कपडा बेच्ने काममा पनि लगाउन थाले ।

त्यस घरमा बसेको पाँच वर्षसम्म उनीहरूको जीवनचर्या यसरी नै बितेको थियो । गिरी दाजुभाइ इमानका सग्ला नमुना थिए । त्यसैले उनीहरू मारवाडी साहूको विश्वास जित्न सफल पनि भए । परिणामस्वरूप, साहूले उनीहरूलाई आफ्ना पसलबाट कपडा दिई गाउँगाउँमा गएर बेच्न पठाउन पनि थाले । यसरी दोहोरो काम गर्नाले बिहानबेलुकाको खान्कीबाहेक अब उनीहरूले साहूबाट कमिसन पनि पाउने भए ।

इन्द्रराज गिरी र श्रीराम गिरी बिहानबेलुका गृहपरिसरमा उनीहरूलाई सुम्पिएको काम सक्थे । अनि उनीहरू काँधमा कपडाका थान राख्तै गाउँगाउँमा पस्थे । अत्यन्त लगनशील भएर काम गर्ने हुनाले यस काममा उनीहरू सफल हुँदै गए, जसले गर्दा साहूका कपडा पनि राम्ररी नै बिक्री हुन थाले । फलस्वरूप, साहूले उनीहरूलाई कमिसनका अतिरिक्त तलब पनि दिन थाले । क्रमश: उनीहरूको जीवनस्तरमा पनि बढोत्तरी हुन थालेको थियो । आफ्नो इमानमा नडगमगाई उनीहरूले पनि साहूको विश्वासलाई हिफाजत गरेरै राखे । यो काम साहूको हो भन्ने भावना पनि उनीहरूमा कहिल्यै आएन । उनीहरू नेपाल तथा भारतका सहरदेखि टाढाटाढाका गाउँहरूसम्म नै कपडा लिई बिक्री गरेर फर्कन्थे र साहूसमक्ष सत्यतथ्य बेहोरा जाहेर पनि गर्थे ।

गिरी दाजुभाइहरूको जाँगर, इमान र समर्पणबाट साहू पनि ज्यादै प्रभावित भएका थिए । त्यसैले उनीहरूलाई झनै उकास्ने मारवाडी साहूमा पनि भावना जागृत हुन थाल्यो । अनि एक दिन साहूले ती दुवै दाजुभाइलाई भनेका थिए– 'अब तिमीहरू आफ्नो छुट्टै व्यापार गर । तिमीहरूलाई म उधारो कपडा दिन्छु । बेच्तै मेरो पैसा तिर्ने गर्नू । त्यसो गरेमा तिमीहरूलाई पनि शुभलाभ हुन्छ ।' त्यसपछि साहूको निर्देशनलाई पालना गरेर उनीहरूले पनि त्यसै गर्न थालेका थिए । त्यसपछि उनीहरूले हाटबजारमा पनि कपडाको पसल थाप्न थाले । हाटबजार नभएका बेला भने इलाम र दार्जिलिङवरिपरिका क्षेत्रमा कपडा काँधमा बोकेर बेच्तै हिँड्थे । अनि त्यतिन्जेलसम्ममा उनीहरू धेरैका पत्तेरो भइसकेका थिए । त्यसैले क्रमश: उनीहरू साहूमा नै रूपान्तरित हुन थालेका थिए । खास गरेर इन्द्रराज गिरी मान्छेसँग बोल्न र तर्क गर्न पनि रहर गर्थे । उनका अक्षर पनि साह्रै राम्रा थिए । उनले रामायणको पुस्तक पढेर अक्षर लेख्न सिकेका थिए ।

# वानीराका बुबाआमाको विवाह

वानीरा गिरीका बुबा इन्द्रराज गिरी चौबिस वर्ष पुगेपछि उनको बिहे भयो । इलामका कृष्णबहादुर सुतार कार्की र नैनकला कार्कीकी चौध वर्षीया छोरी जानुकादेवी कार्कीसँग यिनको लगनगाँठो बाँधिएको थियो । बिहे गरेपछि यिनको जीवनमा धेरै परिवर्तन पनि आएको थियो । गिरीमा आएको उत्साहले पनि उनको व्यापारले निक्कै सफलता पाएको थियो ।

जानुकादेवी असाध्यै सुन्दरी थिइन् । उनी सधैँभरि मीठो बोलीवचनले सबैलाई विमुग्ध पार्थिन् । साथै उनी व्यवहारमा पनि निपूर्ण थिइन्; सांसारिक जीवनपद्धतिसँग उनको गहिरो नाता थियो । उनी जीवन, जगत् र प्रकृतिका बारेमा धेरै चिन्तन गर्ने गर्थिन् । अनि उनी त्यसबारेको सवालजबाफमा पनि निपूर्ण नै देखिन्थिन् ।

•

इन्द्रराज गिरीको बिहेका बारेमा एउटा रोचक प्रसङ्ग छ । उनी बीस वर्षको उमेरमा नै गाउँठाउँमा राम्रो व्यापारीका रूपमा कहलाइसकेका थिए । त्यसैले उनी 'साहूजी'का रूपमा चर्चित थिए । उनी आफ्ना मन परेका मान्छेहरूलाई ऋण पनि दिन्थे । त्यसै सिलसिलामा कृष्णबहादुर सुतार कार्कीले पनि उनीसँग ऋण लिने गर्थे । गिरीसँग ऋण लिने र कार्कीले तिर्ने प्रक्रिया चलिरहेको थियो तर कार्कीको व्यावहारिक कठिनाइका कारण उनले गिरीसँग लिएको

पछिल्लो ऋण भाकाअनुरूप तिर्न नसक्ने अवस्थामा पुगेका थिए । उपायहीन अवस्थामा पुगेका कार्की गिरीसमक्ष प्राय: ऋण तिर्ने भाका सार्ने अनुनय मात्रै गर्न थालेका थिए ।

ऋण उठाउने सिलसिलामा गिरी कार्कीको घरमा बराबर जाने गर्थे तर उनले ऋणीलाई प्राय: भेट्न सक्तैनथे । ऋणकै ताकेताका लागि अर्को एक दिन उनी कार्कीका घरमा पुगेका बेला उनले सधैँ झैँ कार्कीलाई भेट्न सकेनन् । त्यसै बेला उनले कार्कीकी छोरी जानुकादेवीसँग यसबारेको कुरा गरे– 'नानी ! तिम्रो बुबाले मसँग धेरै लुकामारी खेलिसके । अब म सहने अवस्थामा रहिनँ । कि त पड्केले म तिरोतारो गर्दिनँ भन्नुपऱ्यो; या त मेरो पैसा तिर्नुपऱ्यो ।'

जानुकाले गिरीका कुरा सुनेर नमीठो मानिन् । तर पनि उनले साहू गिरीलाई अत्यन्तै मीठो आतिथ्य सत्कार त दिइन् साथै गिरीका सबै कुरा सुनेर उनले भनेकी पनि थिइन्– 'मेरो बुबा ऋण काढ्न भनेर नै पारि गाउँमा जानुभएको छ । गिरीको पैसा तिर्नु छ भनेर उहाँ सधैँ भुटभुटिनुहुन्छ । गिरी भनेको तपाईं नै हुनुहुँदो रहेछ । हो त नि ! खाएपछि त तिर्नैपर्छ नि ! मेरो बुबाले तपाईंको पैसा खानुहुन्न, तिर्नुहुन्छ । अहिलेसम्म उहाँको थाप्लोमा कसैको ऋण थिएन ।'

जानुकादेवीको कुरा सुनेर त्यस दिन इन्द्रराज गिरी प्रसन्न भए । एउटी कलकलाउँदी, सुकुमारी र मृदुभाषी किशोरीसँग उनको मन पनि बसिसकेको थियो । अनि उनले मनमनै विचार गरे, 'कार्कीले ऋण त तिर्ने छाँटकाँट छैन । तर ऋणको बहानामा यो नानीलाई हेर्न म अब दिनदिनै आउनुपर्ला !' त्यसपछि गिरी दिनदिनै चारपाँच घण्टा पैदल हिँडेर कार्कीको आँगनमा आउँन थाले । अनि कार्की पनि गिरीसँग मुख देखाउन गाह्रो मानेर दिनदिनै घरबाहिर जान थाले ।

धेरै दिनसम्म गिरीको प्रवेश कार्कीका घरमा भइरह्यो । जानुकाले गिरीलाई सुमधुर आतिथ्य सत्कार गर्दै विनम्र भावमा फकाई सधैँ फर्काउने गरेको बेहोरा पनि उनले आफ्ना बुबालाई निवेदन गर्ने गर्थिन् । यता जानुकाको मान्छेप्रतिको शिष्टाचारले गिरी फतक्कै गलिसकेका थिए । 'यी कन्यालाई पाएँ भने मेरो भाग्य जाग्थ्यो' भन्ने चिन्तनमा नै गिरीको त्यसपछिका दिनहरू कट्न थाले । त्यसै रीतमा एक दिन गिरीले आधा रातसम्म बाटो ढुकेर कार्कीलाई फेला पारे । त्यस बेला कार्कीले पनि 'बाघका मुखमा परियो' भन्ने दु:खद समयको महसुस गरे । कार्कीको निन्याउरो अनुहार हेरेर गिरीले भनेका थिए– 'हेर कृष्णबहादुर ! तिमीले आत्तिनु पर्दैन । अब तिमीले ऋण तिर्न पनि सकेनौ । तिमीले मेरो पैसा तिर्ने कुरामा मलाई विश्वास पनि रहेन ।' गिरीका खस्रा कुरा सुनेर कार्कीले नरम स्वरमा बोलेका थिए– 'म तिर्छु । मैले अहिलेसम्म कसैको कपाली बोकेकै छैनँ, बुझ्यौ ?'

अनि फेरि गिरी बोलेका थिए– 'तिमीले ऋण तिर्नु पर्दैन र अब म उठाउन पनि आउँदिनँ । तर तिमीले मेरो एउटा वचन पूरा गरिदिनुपर्छ । म तिमीसँग केही माग्छु । तिमीबाट मेरो माग पूरा हुनेछ भन्ने मैले आशा लिएको छु । अब हामी ऋणी र साहूबाट अलग्गै बस्नुपर्छ । तर तिमीले मेरो मागबमोजिम काम गरिदिनुपर्छ, बुझ्यौ ?'

इन्द्रराज गिरीका कुरा सुनेर कृष्णबहादुर कार्कीको मनमा केही सन्तोषका भाकाहरू सर्न थाले । अनि उनले कौतूहलवश गिरीको मागबारे जान्न चाहे । तर गिरीले आफ्नो माग पूरा हुन्छ भने मात्र आफ्ना कुरा भन्ने निर्णय सुनाए । उनको जिद्दी देखेर कार्की बोलेका थिए– 'साहूले जे भन्छौ, म त्यही मान्छु । ल बोल !'

इन्द्रराज गिरीले आफ्नो माग राखे– 'हेर कार्की ! तिम्री छोरीको बिहे भएको पनि छैन । मेरा सारा व्यवहार हेर्ने यस्तै

सुकन्या मैले पनि खोज्दै हिँडेको छु । मलाई तिम्री छोरी देऊ । तिमीले मेरो ऋण तिर्न पनि सकेनौ र अब तिर्नु पनि पर्दैन । तिमी मलाई तिम्री छोरी कन्यादान गर । त्यसो भएमा तिमीलाई 'ब्रह्मस्व' पनि लाग्दैन । तिमीले यी कन्यासँग मेरो बिहे गराइदियौ भने म यिनलाई मेरो सम्पत्तिको मालिक्नी बनाउनेछु ।'

गिरीका कुरा सुनेर कार्कीको अनुहारमा एकाएक खुसीका धर्साहरू देखिन थाले । केही बेर अघिसम्म गिरीलाई देखेर झन्नै मूर्च्छित भएका कार्की गिरीको प्रस्ताव सुनेपछि बेहोसीबाट बौरिएसरह भए । त्यस घडी उनको अनुहारमा हर्षभाव सीमा थाम्न नसक्ने गरी पोखियो । अनि उनले गिरीसमक्ष भने– 'ल हजुर ! मेरो ज्वाइँसाहेबका रूपमा मैले तिमीलाई स्वीकार गरेँ । अब मेरी छोरी हजुरकै पत्नी भइन् ।'

त्यस दिनका कार्कीको शब्दले गिरी साह्रै खुसी भए । उनले कार्कीप्रति अति नै श्रद्धापूर्वक नमस्कार पनि गरे ।

•

बिहे गरेपछि इन्द्रराज गिरीको व्यवसाय निक्कै उचालिएको थियो । त्यसपछि गिरीको लगनशीलताले उनी खर्साङमा नै धनी व्यक्तिका रूपमा स्थापित भएका थिए । उनको आर्थिक हैसियत त्यहाँका मान्छेको तुलनामा अग्रपङ्क्तिमा नै देखिन्थ्यो । साथै उनको घर पनि त्यहाँको समाजमा नामी मानिथ्यो । यसै क्रममा उनले एक जना बेलायतीको घर किनेका थिए । बेलायती नारी उनैलाई घर बेचेर स्वदेश फर्केकी थिइन् । पछि त्यही घरमा जानुकादेवीले आफ्नो खुट्टा घुमाएकी थिइन् । तर त्यस दृश्यले कृष्णबहादुर कार्की झनै गद्गद थिए ।

कार्की बराबर छोरीलाई भेट्न खर्साङ आइरहन्थे । कार्कीको गाउँ नेपाल र भारतको सिमानामा पर्ने बालसन नदीको किनारामा

रहेको थियो । एक पटक नदी तरिरहेका बेला बाढीले कार्कीलाई बगाएको थियो । आफ्नो बुबाको त्यस हृदयविदारक घटनाबाट जानुकादेवीलाई साह्रै चोट परेको थियो । त्यसपछिका दिनमा उनी प्राय: सधैँजसो भावविह्वल मुद्रामा देखिन्थिन् । आफ्नो घरको झ्यालबाट परपरसम्म बालसन नदी बगेतिर उनी हेर्ने गर्थिन् । आमाको पीडामा परेको मुहार देखेका कारण छोराछोरीहरूले प्रश्न गर्थे । अनि सोही जिज्ञासा पूरा गर्ने क्रममा पछिसम्म पनि अश्रुजडित आँखा पारेर उनी त्यो दु:खद घटना प्राय: भन्ने गर्थिन् ।

•

इन्द्रराज गिरीले आफ्नी पत्नीलाई उधुम माया गर्थे । उनी आफ्नी पत्नीको मोहमा टमक्कै बाँधिएका थिए । वास्तवमा, जानुकादेवी उनले सोचेजस्ती थिइन् । जानुकालाई भित्र्याएपछि उनले घरभित्रको केही विषय पनि हेर्नु परेन । सबै घरव्यवहार उनकै प्रिय पत्नीबाट राखनधरन र तिरोफारो हुने गर्थ्यो ।

जानुकालाई इन्द्रराज गिरीले राजकुमारीकै ठाँटबाँटमा राखेका थिए । उनीहरूको दाम्पत्यजीवन अति नै सुन्दर र सुखमय देखिन्थ्यो । उनीहरूको माधुर्ययुक्त जीवनचर्या देखेर गाउँलेहरू छक्क नै पर्थे । त्यति मात्र होइन, जानुकादेवीको हैसियत उमेरसँगसँगै फराकिलो हुन थाल्यो । उनी वादविवाद र छलफलमा पनि कुशल देखिन थालेकी थिइन् । एकातिर उनको राजसी ठाँटबाँट र अर्कोतिर वैयक्तिक सुन्दर आचरणका कारण राजनीतिज्ञहरूको पनि उनीमाथि झुकाव देखिन्थ्यो । त्यसैले त्यहाँका दुई जना महिला राजनीतिज्ञहरू मायादेवी क्षत्री र शनी खातीले जानुकादेवी गिरीलाई पनि राजनीतिमा लाग्न अनुरोध गरेका थिए । त्यस बेला काङ्ग्रेस पार्टीले उनलाई अनेक गरेर आफ्नो राजनीतिक पार्टीतिर तान्न नै खोजेको थियो ।

जानुकादेवीको बौद्धिक चेत उच्चस्तरको थियो । उनको वाक्शक्ति पनि माथिल्लो कोटिको थियो । त्यसैले मायादेवी क्षत्री

उनीसँग मरिमेटेर लागेकी थिइन् । वास्तवमा क्षत्री पनि जति सुन्दरी थिइन्, उनमा बौद्धिक शक्ति पनि त्यति नै देखिन्थ्यो ।

सांसद मायादेवी क्षत्री र शनी खातीको प्रायः 'जाइ' निवास अर्थात् जानुकादेवी र इन्द्रराज गिरीका घरमा अड्डा जम्न थालेको थियो । उनीहरूको दबाबले प्रायः जानुकादेवीलाई रन्थन्याउन थालिसकेको थियो । त्यसैले उनीहरूको हाउभाउलाई इन्द्रराज गिरीले सहन मन गरेनन् । फलस्वरूप उनले ती नारीद्वयलाई घरभित्र नपसाउन अनेक चेष्टा पनि गरे । तर उनले सोझो मुखबाट उनीहरूको आगमनलाई रोक्न भने सकेनन् । अनि एक दिन उनले ती दुवै नारीउपर झर्केर भनेका थिए– 'ए पड्केहो ! तिमीहरू जेमा लाग्छौ, लाग । तिमीहरू जे गर्छौ, गर तर तिमीहरूले मेरी श्रीमतीलाई लिएर हिँड्ने काम नगर !' गिरीका संवाद त्यति बेला उनीहरूले सुनेको नसुनेझैँ गरेका थिए । अनि उनीहरू त्यहाँ आउने क्रम पनि रोकिएको थिएन । त्यसैले एक दिन गिरीले उनीहरूको सातो लिएर हाँकडाँकैले बोलेका थिए– 'ए पड्केहो ! अब आइन्दा तिमीहरू यस घरमा नटेक । तिमीहरूले यहाँ आउने काम नै छैन । म मेरी श्रीमतीलाई राजनीतिमा जान दिन्नँ ।'

जानुकादेवी गिरी साह्रै सुन्दरी थिइन् । त्यस बेहोराले पनि इन्द्रराज गिरीको मनमा कताकता घोच्ने गर्थ्यो । त्यति मात्र होइन, जानुका उनीभन्दा दस वर्षले कान्छी पनि थिइन् । त्यसैले उनले आफ्नी श्रीमतीलाई कहिल्यै एक्लै छोडेनन् । साथै उनले जानुकालाई कसैसँग पनि बाहिर जान दिएका थिएनन् ।

•

जानुकादेवी सङ्गीतप्रति विशेष झुकाव राख्थिन् । उनको स्वर मीठो थियो । उनी घरमा गीत पनि गाउँथिन् । बिहानबेलुका आरती गर्दा पनि उनी प्रायः भजन गाउने गर्थिन् । साथै उनी संस्कृतका धेरै श्लोकहरू पनि पारायण गर्थिन् ।

पूर्वी पहाडको लोकप्रिय बाजा मुर्चुङ्गा जानुकादेवीको प्रिय साङ्गीतिक सामग्री थियो । उनी कुशल साङ्गीतिक पारामा मुर्चुङ्गा बजाएर त्यसमा आफ्नो दक्षता प्रस्तुत गर्न सक्षम थिइन् ।

•

इन्द्रराज गिरी व्यवहारमा कुशल थिए । आफू योग्य हुँदाहुँदै पनि जुनसुकै काम गर्दा उनी आफ्ना साइँला दाजु श्रीराम गिरीलाई चाहिँ सोध्ने गर्थे । आफ्ना दाजुलाई नाघेर उनले कहिल्यै कुनै काम पनि गरेनन् । अनि यी दाजुभाइका बीच कहिल्यै मनोमालिन्य पनि भएन । श्रीराम पनि इन्द्रराजलाई साह्रै माया गर्थे । उनीहरू आआफ्ना परिवारसहित एउटै घर, एउटै चुलोचौकोमा भात खान्थे । उनीहरू बाँचुन्जेल एकअर्काप्रतिको निष्ठा, विश्वास र मायामा कहिल्यै पनि विचार उलङ्घन भएन । वास्तवमा, उनीहरू मावनसमुदायका एक नमुनाजस्ता नै थिए ।

श्रीराम गिरीले चाहिँ जम्मा तीन जनासँग बिहे गरेका थिए । एक पत्नी दिवङ्गत भएपछि क्रमश: उनले अर्को बिहे गर्दै जानुपरेको थियो । तर तेस्री श्रीमती पनि स्वर्गीय भएपछि उनले चौथो पटक भने बिहे गर्न मानेनन् । त्यसपछि उनी आफ्ना र भाइका छोराछोरी स्याहारेर नै बसे ।

श्रीराम गिरीका एक जना छोरा परमानन्द गिरी र एउटी छोरी धनमाया थिए । परमानन्द गिरी दार्जिलिङको नेपाली मूलका प्रथम इलेक्ट्रिकल इन्जिनियर थिए । उनी त्यस ठाउँमा प्रसिद्ध नै थिए । अनि धनमायाको चाहिँ सानैमा बिहे भएकाले उनी सानैदेखि घरगृहस्थीमा लागेकी थिइन् ।

गिरीपरिवारमा श्रीराम गिरीलाई बाबु र इन्द्रराजलाई काका भन्ने चलन थियो । इन्द्रराज र जानुकादेवीलाई आफ्नै छोराछोरीले पनि काका र काकी भन्ने गर्थे । ती दुई दाजुभाइको परिवार

एकढिक्का थियो । उनीहरू दुई भाइका सन्तानलाई एकै ठाउँ गाँसेर मितिअनुसारले क्रमबद्ध गरिएको थियो । त्यसैले घरबाहिरका मानिसहरू र स्वयम् ती सन्तानलाई पनि उनीहरू निक्कै ठूला नहोउन्जेल कुन छोराछोरी कुन भाइका सन्तान हुन् भन्नेसमेत थाहा हुँदैनथ्यो ।

•

इन्द्रराज गिरी र जानुकादेवीका चाहिँ चार जना छोरी र एउटा छोरा जन्मे । श्रीरामपट्टिबाट जन्मेकी छोरी धनमाया जेठी भइन् । त्यसै गरेर श्रीरामकै छोरा परमानन्द जेठा छोरामा नापिए । अनि त्यसपछि इन्द्रराजका चार छोरी माइँली, साइँली, काइँली र कान्छीमा गणना हुँदै गए । वानीरा गिरीचाहिँ परिवारकै कान्छी छोरीमा स्थापित भइन् ।

# वानीराका बुबाको परिवार

इन्द्रराज गिरी र जानुकादेवीका चार छोरी र एक छोरा जन्मेका थिए । यी दम्पतीका प्रथम सन्तानका रूपमा वासन्ती गिरी जन्मेकी थिइन् । यिनको जन्म १९९२ साल वैशाख ७ गते दार्जिलिङमा भएको थियो । वासन्ती इन्द्रराज गिरी र जानुकादेवीका प्रथम सन्तान भए तापनि घरको चलनअनुरूप यिनलाई माइली भनेर बोलाइन्थ्यो ।

जेठी छोरी वासन्तीले नै आफ्नी आमालाई कखरा सिकाउने काम गरेकी थिइन् । लेख्नपढ्न थालेपछि आमाले पनि रामायण, महाभारत र अनेक कथा पढ्न थालिन् ।

वासन्तीले खर्साङको सेन्ट जोसेफ गर्ल्स हाईस्कुलबाट म्याट्रिकुलेसन गरेकी थिइन् । स्कुल स्थापना भएपछिको प्रथम प्रहरमा नै यिनले म्याट्रिक पास गरेकी थिइन् । त्यस बेला प्रथम पटक म्याट्रिक पास गर्ने त्यस स्कुलका छात्रामध्ये वासन्ती गिरी, सरियू सुब्बा, महारानी र स्नेहलता मुखर्जी थिए । त्यस बखत यी चार जना केटीहरूको प्रथम पटक म्याट्रिक गर्ने भनेर त्यस क्षेत्रमा खुबै चर्चा चलेको थियो ।

वासन्ती गिरीको भारतीय सेनाका सुबिदार खड्गबहादुर गिरीसँग प्रेम बसेको थियो । प्रेममा यिनीहरू हदैसम्म डुबेका थिए । अनि उनीहरू एकार्काको मतोबमोजिम घरपरिवारलाई समेत थाहै नदिई विवाहबन्धनमा बाँधिएका थिए । यिनीहरूको यस घटनाबारे

जानकारी पाएपछि इन्द्रराज गिरी अत्यन्तै दु:खी भएका थिए । त्यस बेलाको रिसको झ्वाँकमा गिरीले भनेका थिए– 'कुनचाहिँ पङ्के लभरले मेरी छोरी भगायो ? कस्तो चोट्टा रहेछ ! त्यो पङ्के, अर्काकी छोरी भगाउने !'

इन्द्रराज गिरीले छोरी भागेर विवाहबन्धनमा बाँधिएको मात्रै सुनेका थिए । तर उनले छोरी कहाँ छिन् भनेर खुटपत्तो पाएका थिएनन् । त्यसैले चारैतिर मान्छे पठाएर उनले आफ्नी छोरी खोज्न थाले । अन्तत: यिनले ती नवदम्पतीलाई भेट्टाए । अनि उनले ललाइफकाइ गरेर आफ्ना छोरीज्वाइँलाई घरमा पनि ल्याए । त्यसपछि औपचारिक टीकाटालो गरेर छोरीलाई ज्वाइँका हातमा सुम्पिदिएका थिए ।

वासन्ती र खड्गबहादुरका जेठा छोराका रूपमा मधुसूदन गिरी जन्मे । उनी पढाइमा तीक्ष्ण थिए । उनी स्कुल र कलेजमा सधैँ प्रथम श्रेणीमा प्रथम मात्र भइरहे । मधुसूदन नेपाली मूलका प्रथम भारतीय सेनाका इन्जिनियर थिए । उनी बौद्धिक पनि भएकाले उनको प्राविधिक कला र बौद्धिक चेतनाले भारतीय नेपालीमाझ प्रसिद्धिको धुरी चढे । साथै उनले भारतमा पनि आफ्नो क्षेत्रमा नाउँ कमाए ।

त्यसै गरी वासन्ती गिरीका माइला छोरा डा.मनोज गिरी दार्जिलिङमा बालविशेषज्ञका रूपमा चर्चित मानिन्छन् । साइँलो छोरो मुकुन्द गिरी सिक्किम विश्वविद्यालयमा सहप्राध्यापक र कान्छो मृणाल गिरीचाहिँ घरव्यवहारमा लागेर बाबुआमाको सेवामा आबद्ध भइरहे । मुकुन्द र मृणाल गिरीको नामाकरणचाहिँ वानीरा गिरीले नै गरेकी थिइन् ।

•

इन्द्रराज गिरी र जानुकादेवीका जेठा छोराको नाउँ हो– पृथ्वीराज गिरी । यिनले कलकत्ता विश्वविद्यालयबाट एलएलबी

गरेका थिए । यिनको जन्म १९९५ साल असार ९ गते दार्जिलिङमा भएको थियो । उनी दार्जिलिङ क्षेत्रकै उत्कृष्ट वकिल थिए । उनलाई नचिन्ने त्यस ठाउँमा प्राय: कोही थिएनन् । उनी न्यायनिसाफका सक्कली पहरेदार पनि थिए ।

पृथ्वीराज गिरीको बिहे मित्रलाल गिरीकी छोरी इन्दिरा गिरीसँग भएको थियो । यी दम्पतीका दुई छोरा प्रणव र प्रशान्त गिरी जन्मे ।

•

शीला गिरीचाहिँ इन्द्रराज र जानुकाकी माइली छोरी थिइन् । यिनको जन्म १९९७ सालमा भएको थियो । यिनले खर्साङको सेन्ट जोसेफ स्कुलबाट एसएलसी पास गरेकी थिइन् । यिनको विवाह धरानका शतीशचन्द्र गिरीसँग भएको थियो । उनीहरूका छोराहरू– इन्जिनियर विनोद गिरी, विनय गिरी, डा.कमलेश गिरी, नयन गिरी र छोरी रज्जू गिरी गरेर पाँच जना सन्तान थिए । विनय गिरीले नेपालको बैङ्किङ सेवामा नाउँ पनि कमाए ।

•

इन्द्रराज गिरी र जानुकादेवीकी साइँली छोरी सरस्वती गिरीको जन्म १९९९ सालमा भएको थियो । यिनले पनि कलेजस्तरको पढाइ सकेर विवाह गरेकी थिइन् । यिनको विवाह खोटाङनिवासी कृषि इन्जिनियर तेजप्रसाद गिरीसँग भएको थियो । यी दम्पतीबाट एउटी छोरी जन्मिइन् । उनको नाउँ तेजस्वी गिरी लेखाइयो । तेजस्वी नाउँअनुसार नै तेजस्वी भएर नै आफ्नो यात्रामा हिँडिन् ।

•

इन्द्रराज गिरी र जानुकादेवीकी कान्छी छोरीको रूपमा सत्यदेवी गिरी जन्मेकी थिइन् । उनको औपचारिक नाउँ वानीरा गिरी राखियो ।

# वानीराको बाल्यकाल

इन्द्रराज गिरी र जानुकादेवीकी कान्छी छोरीको नाउँ हो– वानीरा गिरी । वानीरा गिरीको न्वारनको नाउँ सत्यदेवी थियो । उनको जन्म भारत, दार्जिलिङको खर्साङमा भएको थियो । अनि उनी २००१ साल वैशाख १३ गते (सन् १९४४ अप्रिल २५) अक्षय तृतीयामा जन्मेकी थिइन् ।

वानीरा गिरी सानैदेखि ज्ञानी थिइन् । तर उनी रोगी थिइन् । रोगी भए तापनि उनी जागरूकचाहिँ थिइन् । उनले चार वर्षदेखि नेपाली वर्णमाला पढ्न थालिन् । त्यति बेला उनी आफ्नै गाउँको स्कट मिसन स्कुलमा पढ्ने गर्थिन् ।

वानीराले स्कुल पढ्दा साथीहरूका पारामा लागेर टचाटु पनि लेखिन् । त्यसै बेला उनको दाहिने पाखुरामा 'बीआरजी' भन्ने टचाटु लेखिएको छ । 'बीआरजी'को अर्थ वानीरा रानी गिरी हुन्छ । उनले त्यो टचाटु पनि दस वर्ष पुग्दानपुग्दै लेखाएकी थिइन् ।

वानीरा सानामा नाच्ने र गाउने पनि गर्थिन् । एक पटक उनले स्कुलको कार्यक्रममा नाचिन् र पुरस्कृत भइन् । भोलिपल्ट उनका दाइले बोलाएर सोधे– 'तिमीले नाचमा भाग लिएकी थियौ ?' उनले खुसी हुँदै भनिन्– 'हो, सान्दाजु ! पुरस्कार पनि पाएँ ।' त्यसपछि उनका दाजुले कस्सेर वानीराका गालामा चड्काए, अनि त्यस पीडाले उनको पिसाबै खुस्किएको थियो । त्यस बेलादेखि उनी नाचगानमा कहिल्यै लागिनन् ।

वानीरा गिरीले तीन कक्षा पढेका बेला नाटकमा अभिनय गरेकी थिइन् । गौँथली र चामेको कथामा उनले गौँथली बनेर खेलेकी थिइन् ।

वानीरा गिरी गिरीपरिवारकी कान्छी छोरी भएकाले पुलपुलिएकी पनि थिइन् । साथै उनको पढाइलेखाइ पनि परिवारका अरू केटाकेटीको भन्दा निक्कै राम्रो थियो । त्यसैले वानीरालाई उनका अभिभावकहरूले घरायसी कामधन्धा गर्नुको साटो पढ्नका लागि नै प्रोत्साहित गरे । जसले गर्दा उनको काम पढाइ, पढाइ र पढाइ मात्र हुने गर्थ्यो । यति हुँदाहुँदै पनि उनी कहिलेकाहीँ घरायसी कामकाज पनि रुचिपूर्वक गर्थिन् । उनले गरेको काम घरमा सबैले मन पराउँथे । किनभने उनी जे काम गर्थिन्, मनैले गर्थिन् र राम्रोसँग गर्थिन् ।

वानीरा गिरी स्वावलम्बनप्रति जागरूक थिइन् । साथै अर्थोपार्जन गर्नुपर्छ भन्ने ज्ञान वानीरालाई सानैदेखि थियो । यसै तारतम्यमा किशोरावस्थामा पुगेको बेला उनले आफ्ना ठूलो बुबासँगसँगै हाटबजार पुगेर कपडा बेच्ने कामसम्म पनि गरिन् । वानीराले ग्राहकलाई कलात्मक तरिकाले आकर्षित गर्थिन् । उनले व्यवसाय प्रवर्द्धन गरेको देख्ता त्यस बेला उनका ठूला बुबा श्रीराम गिरी पनि छक्कै परेका थिए ।

वानीरा सानैदेखि भावुक स्वभावकी पनि थिइन् । उनी सानैदेखि प्रकृतिप्रेमी पनि थिइन् । त्यसै प्रसङ्गमा उनले पछिसम्म पनि भनिरहिन्– 'कञ्चनजङ्घा मेरो ऐना थियो; जसलाई म हरेक बिहान आफ्नो घरको झ्यालबाट नियाल्ने गर्थें । मेरो त्यो हिमाल हेर्ने रीत म खर्साङ बसिन्जेल भएको थियो ।' अर्थात् उनी बाइस वर्षकी भइन्जेल उनको प्राय: हरेक दिन हेर्ने मनोरम दृश्य त्यही कञ्चनजङ्घा थियो ।

वानीरालाई सानैमा आफ्ना ठूलो बुबाले रामायण र महाभारत पढेर सुनाएका थिए । त्यसै बेलादेखि नै उनमा साहित्य अध्ययन र रचना निर्माणमा रस बस्न थालेको थियो ।

•

वानीरा गिरी सात वर्षकी हुँदा उनकी आमा स्वर्गीय भइन् । त्यसपछि उनका बुबा इन्द्रराज गिरी र साइँला ठूलो बुबा श्रीराम गिरीले उनलाई बोकीबोकी हिँडे । छोरीको पढाइलेखाइबाट उनीहरू धेरै सन्तुष्ट थिए । त्यसैले उनीहरू छोरीको भविष्य लगेर डाक्टरमा जोड्न चाहन्थे । सोहीअनुरूप वानीराले पनि आईएस्सी पढिन् । आईएस्सीको अन्तिम परीक्षा आउनुभन्दा केही दिनअघि वानीराको टाउकामा एउटा सिङ्गो पहाड आएर बज्रिएको थियो । भनूँ, त्यस घडी उनका बुबाको स्वर्गारोहण भएको थियो । त्यसपछि वानीराको जीवन आँधीहुरीभित्रको जहाजझैँ हुन थाल्यो । तर पनि पुन: परीक्षा दिएर उनले आईएस्सीचाहिँ पास गरिन् ।

बुबाको निधन हुनु भनेको वानीरा गिरीको जीवनयात्रा पिटिक्कै भाँचिनु थियो । तर उनले आफ्नो जीवनलाई भाँचिनबाट जोगाइन् । त्यसपछि उनलाई आर्थिक अवस्थाले भने साह्रै सतायो । तर पनि उनी आत्तिइनन् । उनी आफ्नो यात्रामा कलिला पैताला फट्कार्दै अगि बढिरहिन् ।

# वानीराको शिक्षा

वानीरा गिरीले खर्साङकै स्कट मिसनबाट चार कक्षा पास गरिन् । त्यसपछि उनी त्यहीँको सेन्ट जोसेफ स्कुलमा कक्षा पाँचमा भर्ना भइन् । त्यही स्कुलबाट उनले म्याट्रिक पास गरिन् । स्कुले जीवनमा उनी प्राय:जसो कक्षामा प्रथम नै हुन्थिन् । उनले त्यस स्कुलबाट हरेक वर्ष उत्कृष्ट विद्यार्थी पुरस्कार पनि पाइरहिन् ।

वानीरा स्कुलमा आयोजना हुने वादविवाद प्रतियोगितामा प्राय: भाग लिइहाल्थिन् । उनले जति कार्यक्रममा भाग लिन्थिन्, त्यतिमा नै प्रथम हुने गर्थिन् । अन्तर हाईस्कुलमा पनि उनी प्रथम नै हुन्थिन् । त्यसैले उनका गुरु तथा गुरुआमाहरूले उनलाई 'प्रथमा' पनि भन्ने गर्थे ।

स्तरीय पढाइ, दार्जिलिङ जिल्लाभरि हुने वादविवाद प्रतियोगिताहरूको विजेता, काव्यलेखन तथा खरो र स्पष्ट व्यवहारजस्ता विविध पक्षमा दार्जिलिङ क्षेत्रमा वानीरा गिरीलाई सबैले मन पराउने गर्थे । उनी जसरी कथा, कविता लेख्थिन् त्यसै गरी स्कुलमा आयोजित सांस्कृतिक कार्यक्रममा सहजतापूर्वक भाग लिने गर्थिन् । तेस्रो कक्षामा उनले कलाकारको भूमिका पनि सर्वप्रथम निर्वाह गरेकी थिइन् । चौथो कक्षामा पनि यिनले नाटकमा आफ्नो भूमिका देखाएकी थिइन् । चाहे वक्तृत्वकलामा होस्, चाहे नाटकमा होस्, चाहे कविता सृजना र काव्यपाठमा भाग लिएर नै किन नहोस्, उनी हरेक प्रतियोगितामा अगाडि नै हुन्थिन् । खास गरेर कविता प्रतियोगितामा उनको स्तर

समकालीनभन्दा निक्कै उच्च हुन्थ्यो । यिनी आफू मात्र कविता लेख्तिनथिन्; अरूलाई पनि प्रोत्साहन दिन्थिन् । उदाहरणका लागि, त्यस बेला यिनले 'मुटु' नाउँको हस्तलिखित पत्रिका पनि निकालिन् । एघार वर्षको उमेरमा एउटी बालिकाले भित्तेपत्रिका सम्पादन र प्रकाशन गर्दा स्कुलका सम्पूर्ण शिक्षकहरू छक्क पर्थे ।

वानीराले म्याट्रिक पास गरेताका उनका ठुल्दाइ अर्थात् साइँला बुबाका छोरा परमानन्द गिरी इन्जिनियर भइसकेका थिए । उनी त्यस बेला कोलकातामा काम गर्थे । अनि उनैको करबलले वानीरा गिरीलाई उनले कोलकातामा नै लगे । त्यहाँ वानीरालाई आईएस्सीमा भर्ना गरिएको थियो । उनले सिउडी विद्यासागर कलेजमा पढेकी थिइन्, जुन कलेज कोलकाता सहरको नजिक कल्याणी गाउँमा रहेको थियो । वानीरालाई डाक्टर बनाउन श्रीराम गिरी र निजका सुपुत्र परमानन्द गिरीको ठूलो धोको थियो । उनीहरूकै विचारलाई सकारेर वानीराका बुबा इन्द्रराज गिरी पनि यस सन्दर्भमा राजीखुसी भएका थिए ।

वानीराले आईएस्सी पढिरहेकै बेला रवीन्द्रनाथ ठाकुरको जन्मजयन्तीको शताब्दी कार्यक्रम आयोजना गरिएको थियो । सोही उपलक्ष्यमा त्यस कलेजमा पनि काव्यपाठको एउटा बेग्लै कार्यक्रमसमेत राखिएको थियो । सो कार्यक्रममा रवीन्द्रनाथ ठाकुररचित कविता बाङगला भाषामा वाचन गर्नुपर्ने थियो । उनले ठाकुरको 'सञ्चयिता' नामक ग्रन्थमा भएको बाङगला भाषाको कवितालाई कण्ठ गरेकी थिइन् । एउटी नेपाली केटीले बाङ्गली साहित्यलाई मीठो पाराले प्रस्तुत गर्दा वानीराले संस्थागत मान्यता त पाइन नै, व्यक्तिगत प्रशंसामा पनि त्यस बेला कोलकाताको प्राज्ञिक जमघट उनीमै केन्द्रित देखिन्थ्यो । त्यति मात्र होइन, त्यस भव्य कार्यक्रमको नतिजामा उनी प्रथम स्थानमा घोषित पनि भएकी थिइन् । उनको त्यो वाचनशैलीप्रति सारा बाङ्गला स्रष्टासमेत चकित परेका थिए ।

त्यसैले उनको त्यस बेलाको प्रस्तुतिले त्यहाँ चहलपहल ल्याएको थियो । त्यसपछि उनले त्यस ठाउँमा मज्जाले चर्चाको धुरी टेकिन् ।

वानीरा कोलकातामा बस्ता उनले नेपाली, अङ्ग्रेजी र बाङ्गला साहित्यमा आफूलाई जागरूक बनाउने काम गरिन् । विद्यार्थी जीवनमा नै उनले साहित्यको सिद्धान्तलाई पनि पानी पारेकी थिइन् । त्यही परिवेशमा नै उनले आईएस्सी जीवविज्ञान परीक्षा पास गरेकी थिइन् ।

आईएस्सीको प्रयोगकक्षामा भ्यागुतो चिर्नुपरेपछि विज्ञान विषय उनलाई पढ्न मनै लागेन । अनि आईएस्सी पास गर्नेबित्तिकै उनले घरपरिवारका सबैलाई भनिन्– 'भो ! म डाक्टर पढ्दिनँ । एक पढ्दिनँ, दुई पढ्दिनँ र तीन पढ्दिनँ !' घरपरिवारको विमतिमा नै उनी कला पढ्नेबारे सोचमा अग्रसर भइन् । त्यस बेला उनका ठूलो बुबा श्रीराम गिरीले भनेका थिए– 'हेर् छोरी ! तँ डाक्टर पढ्छेस् भने पढ् । नत्र तँलाई पढ्न म एक पैसा पनि खर्च गर्दिनँ ।' त्यसपछि उनका मनमा रङ्गीबिरङ्गी कुराहरू खेल्न थाले । तर उनको बलियो मनले भन्यो– 'म डाक्टर त पढ्दिनँ, पढ्दिनँ, पढ्दै पढ्दिनँ !'

वानीरालाई पढाइका सन्दर्भमा घरबाट आर्थिक नाकाबन्दी भयो । त्यसपछि उनले जागिर खोजिन् । अनि उनले स्थानीय सेन्ट जोसेफ स्कुलमा पढाउन थालिन् । त्यति बेला उनले बीए पढ्दै स्कुल पढाउँदै गर्न थालिन् । अनि बिहानबेलुका उनले टच्युसन पनि पढाइन् । त्यसै बेला त्यहाँ बिफरको महामारी चलेको थियो । त्यहाँका मान्छे त्यो रुढीले धमाधम मर्न थालेका थिए । अनि उनलाई उनका ठूला बाबुले हतारहतार पृथ्वीराज गिरी भए ठाउँ कोलकाता पठाएका थिए ।

वानीरा केही समयपछि खर्साङ फर्केर आइन् । लगत्तै उनी आफ्नो कार्यक्रममा समर्पित भएरै लागिन् । अनि त्यही रीतले पढ्दै जाँदा उनले २०२२ सालमा कोलकोता विश्वविद्यालयबाट स्नातक उत्तीर्ण गरेकी थिइन् ।

# वानीराको नेपाल आगमन र उच्चशिक्षा

वानीरा गिरीले स्नातक गरेपछि एम्‌ए पढ्ने पनि रहर गरिन् । तर त्यस बखत उनका अगाडि त्यो विषय त्यति सम्भव थिएन । यति हुँदाहुँदै पनि दैवको बेठी बजेर उनका लागि एम्‌ए पढ्ने वातावरण निर्माण भयो । कुरा के भने, सिद्धिचरण श्रेष्ठले दार्जिलिङका कविहरूलाई चिठी लेख्ने क्रममा गिरीलाई पनि एउटा चिठी लेखेका थिए– 'नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा प्रथम कविता महोत्सव हुँदै छ । त्यसमा भाग लिनुहुन यहाँलाई अनुरोध गरेको छु ।'

सिद्धिचरण श्रेष्ठजस्ता मूर्धन्य स्रष्टाको चिठी पाएपछि वानीरा अति नै खुसी भइन् । अनि त्यस प्रतियोगितात्मक कविता महोत्सवमा उनले पनि भाग लिइन् । 'नैतिकता' शीर्षकको कविता प्रतियोगितामा उनी द्वितीय* भएकी थिइन् भने भैरव अर्याल प्रथम भएका थिए । त्यस अवसरमा कवि राजा महेन्द्रका हातबाट उनी नगद र नेपाल राजकीय पदकसहित पुरस्कृत भएकी थिइन् ।

वानीरा गिरी काठमाडौँ आउने क्रममा उनका बाबु (ठूलो बुबा)ले भनेका थिए– 'हेर छोरी ! तिमीले राजासँग पनि भेट

---

* कञ्चन पुडासैनीका अनुसार प्रथम 'राष्ट्रिय कविता महोत्सव'मा वानीरा गिरी प्रथम भएकी थिइन् । प्रवासी नेपालीलाई प्रथम पुरस्कार प्रदान गर्न मिल्दैन, तृतीय पुरस्कार दिनुपर्छ भन्ने माधव घिमिरेको प्रस्ताव आएपछि सिद्धिचरण श्रेष्ठले– 'साह्रै अन्याय पनि गर्नुहुँदैन; यस्ती होनहार प्रतिभालाई द्वितीय स्थान त दिनै पर्छ' भनी ढिप्पी गरेपछि मात्र उनी द्वितीय भएकी थिइन् ।

गर्न पाउँछ्यौ होला । राजा महेन्द्रसँग दर्शन गर्न पाउनु मात्रै पनि भाग्य हो । यदि तिमीले पनि त्यो भाग्य पायौ भने राजासँग बोल्दा साह्रै होस पुऱ्याउनू । यहाँ अरूसँग बोलेजस्तै गरेर राजासँग बोल्नुहुँदैन । साह्रै नरम भएर तिमीले राजाको हुकुम शिरोपर गर्नू । आफूले चाहिँ जान्ने भएर केही नबोल्नू तर राजाका हुकुमलाई विनम्र भएर फर्काउनु भने पर्छ । तिमी भाग्यमानी छयौ; तिम्रो कदर पनि हुन सक्छ ।'

ठूलो बुबाको उपदेश सुनेपछि वानीराको मनमा राजाप्रतिको सद्भावपूर्ण विचार, आस्था र गरिमा झनै चुलिएको थियो । अनि उनले आफूले घरमा पाएको शिक्षा नै गाँठो पारेर काठमाडौँ आएकी थिइन् ।

•

वानीरालाई नेपाल राजकीय पदकले सम्मान गरेकै बेला राजा महेन्द्रले उनीबारे स्वयम् उनीसँगै गहिरो जिज्ञासा राखेका थिए । त्यति बेला उनी साह्रै रमाएकी थिइन् । सुन्दरी युवतीको अनुहार त झनै चमचम भएको थियो । उनको अनुहारको रौनक र दार्जिलिङबाट आएको बेहोरालाई राजाले पनि सत्कार गरेका थिए । त्यसै मेसोमा राजाले वानीरालाई भनेका थिए– 'तिमी कहाँ बसेकी छयौ ? कहिले आयौ ?' राजाको स्वर सुनेर वानीरा अति खुसी भइन् र भनिन्– 'म हिजो आएकी, प्रमिला गिरीसँग डिल्लीबजारमा बसेकी छु, सरकार !' त्यसै बेला वानीरा फेरि बोलिन्– 'सरकार ! हाम्रो ठाउँमा नेपाली एम्ए पढ्ने व्यवस्था छैन । मैले बीए पास गरेँ ।' उनको कुरा सुनेर राजाले आफ्नो मुन्टो हल्लाएको वानीराले देखेकी थिइन् । तर राजाले त्यस प्रश्नको उत्तर नदिएपछि उनमा केही खिन्नता आएको थियो । भनौँ, उनका कुरा राजाले त्यति चाख मानेर सुनेको उनमा अनुभूति भएको थिएन ।

वानीराका कुरामा राजाले चासो नदेखाएको उनका मनमा कुरा खेल्न थाल्यो । राजाको व्यवहारबाट उनी केही खिस्रिक्कै पनि

भएकी थिइन् । त्यस बेला उनको जोस नै पनि केही शिथिल भएको थियो ।

कविता महोत्सवमा दोस्रो भएबापत वानीराले पाँच सय रुपियाँ नगद पाएकी थिइन् । त्यसमध्ये दुई सय रुपियाँको उनले एक तोला असर्फी किनिन् । एउटा रसियन क्यामरा किनिन् । साथै लुगाफाटो पनि किनिन् । घरपरिवारलाई केही उपहार पनि किनिन् र दार्जिलिङ अर्थात् खर्साङ पुगिन् ।

वानीरा दार्जिलिङ पुग्दानपुग्दै उनले एउटा पत्र पनि पाइन् 'त्रिभुवन विश्वविद्यालयमा एम्ए पढ्न श्री ५ महेन्द्र छात्रवृत्तिमा वानीरा गिरी मनोनयन हुनुभएको छ ।' वास्तवमा, महेन्द्र छात्रवृत्तिको सुरुवात पनि त्यसै बेलादेखि भएको थियो । त्यस बेहोराले उनी राजाप्रति कृतार्थ भइन् । अनि उनी काठमाडौँ आउने मेलोमेसोमा लागिन् ।

•

वानीरा गिरी काठमाडौँ आएपछि कलाकार प्रमिला गिरीको डेरालाई नै उनले आफ्नो मुकाम बनाइन् । त्यस बेला पनि प्रमिला डिल्लीबजारमा बस्ने गर्थिन् । प्रमिला गिरी वानीराकी भाउजू इन्दिरा गिरीकी सहोदर बहिनी भए तापनि उनीहरू पूर्वपरिचित पनि थिए । अरू परिचित मात्र होइन; उनीहरू एकार्काप्रति आत्मीय पनि थिए । कोलकाताको शान्तिनिकेतनमा प्रमिलाले पढेका बेला वानीरा पनि कोलकातामा नै आईएस्सी पढ्थिन् । त्यस समयमा उनीहरूको मित्रता थियो । त्यस बेला वानीरा गिरी डिल्लीबजारबाट त्रिपुरेश्वर गएर एम्ए पढ्ने गर्थिन् । त्यतिखेर त्रिपुरेश्वरमा नै त्रिभुवन विश्वविद्यालयको प्रशासन सञ्चालन हुन्थ्यो र एम्एको पढाइ पनि त्यहीँ हुन्थ्यो ।

वानीराले एम्ए पढ्न थालेपछि उनले आफ्नी साइँली दिदी सरस्वतीलाई काठमाडौँ बोलाइन् । वानीराले सरस्वतीलाई रेडियो

नेपालमा प्रवेश गराइन् । साथै वानीरा पनि रेडियो नेपालमा समाचार सम्पादकका रूपमा प्रवेश भइन् । त्यस बेला रेडियो नेपालका निर्देशक प्रकाशमान सिंहले उनीहरूलाई रेडियोमा नियुक्ति दिएका थिए । तर उनीहरूलाई सिंहसमक्ष पुऱ्याउने कामचाहिँ सुशीला थापाले गरेकी थिइन् । सरस्वती गिरीले रेडियो नेपालमा जम्मा तीन वर्षसम्म मात्रै काम गरिन् र खर्साङ फर्किइन् । त्यसै बेला वानीराले गीतहरू पनि लेखेर रेकर्डिङ गराएकी थिइन् ।

**बोली हजुर ज्यानलाई कवितामा दिएँ है !**
**भाका हजुर ज्यानलाई सङ्गीतमा दिएँ है !**
शब्द : वानीरा गिरी, सङ्गीत : नातिकाजी, स्वर : जनार्दन सम र तारादेवी

रेडियो नेपालमा सम्पादकका रूपमा प्रवेश गरेकी वानीराले गीत लेखिन्, नाटक लेखिन् र समाचारको सम्पादन पनि एकसाथ गरिन् ।

पढाइमा वानीरा निक्कै घोटिएर लागिन् । उनले जहाँ, जस्तो काम गरे पनि उनका लागि पढाइ नै ठूलो यज्ञ थियो । त्यसैले उनको हरेक पल पढाइमा नै केन्द्रित हुन्थ्यो । उनको पढाइप्रतिको गहिरो समर्पणका कारण आंशिक रूपमा काम गरेर पनि उनले दुई वर्षमा नै एम्‌ए पास गरिन् ।

# वानीराको प्राध्यापन पेसा

वानीरा गिरी नेपालीमा एम्‌ए पास गरेपछि जागिरको खोजीमा लागिन् । तलबी जागिर नपाएपछि सुरुमा उनी पद्‌मकन्या कलेजमा अवैतनिक सहायक प्राध्यापकमा कार्यरत भइन् । २०२५ साल साउन १५ गतेदेखि फागुन १२ गतेसम्म उनले त्यहाँ पढाइन् । त्यसपछि अर्थात् चैत १८ गतेदेखि २०३० साल असार मसान्तसम्म नेपाल ललितकला क्याम्पसमा अस्थायी सहायक प्राध्यापकमा रहेर उनले काम गरिन् । त्यतिखेर त्यहाँ चित्रकार कालिदास श्रेष्ठले उनलाई नियुक्ति दिएका थिए । त्यस सेवामा आबद्ध भइरहेका बेला उनले एम्‌एड् पनि पढ्न थालिन् । त्यस बेला उनलाई एम्‌एड्मा छात्रवृत्तिस्वरूप मासिक चार सय रुपियाँ प्राप्त हुने गर्थ्यो । त्यति बेला जागिर र छात्रवृत्ति रकमले उनको पढाइ र घरखर्चमा धेरै मद्दत पुगेको थियो । केही रकम उब्रिने भएकाले उनले बैङ्कमा पनि राख्तै जान थालिन् । वानीरा २०३० साल साउन १ गतेदेखि त्रिभुवन विश्वविद्यालयको स्थायी उपप्राध्यापक भइन् । उनले पुन: ललितकला क्याम्पसमा नै पढाइन् । अनि त्यहाँ उनले २०३१ साल साउन २१ गतेसम्म पढाइरहिन् । त्यस बेलासम्ममा उनको एम्‌एड्को नतिजा पनि प्रकाशमा आइसकेको थियो ।

एम्‌एड् पास गरेपछि वानीरालाई पोखराको पृथ्वीनारायण क्याम्पसमा खटाइएको थियो । अनि उनले त्यसबारेको पत्र पाउनेबित्तिकै चन्द्रकला किरणलाई भनिन्– 'मैले बिहे गरेकी छु । म पोखरा जानै

सक्तिनँ । मैले छात्रवृत्तिस्वरूप प्राप्त गरेको पैसा बैङ्कमा नै राखेकी छु । म सम्पूर्ण रकम फर्काउँछु; पोखरा जान्नँ ।' वानीराका प्रस्ट कुरा सुनेपछि चन्द्रकला किरणले जबाफ दिएकी थिइन्– 'वानीरा ! यस प्रकारको तिमी मेरी पहिलो विद्यार्थी हौ । तिमीजस्तो स्पष्ट, इमानदार र सज्जन विद्यार्थी मैले प्राय: देखेकी पनि छैनँ ।' त्यस बेला चन्द्रकला किरण त्रिभुवन विश्वविद्यालयका एम्एड् सञ्चालनको प्रमुख थिइन् ।

•

पोखरामा जान नमानेपछि वानीरालाई पद्मकन्या कलेजमा खटाइएको थियो । उनले त्यहाँ २०३१ साल साउन २२ गतेदेखि २०४३ साल असोज १६ गतेसम्म उपप्राध्यापक भएर सेवा गरिन् । त्यसपछि उनी सहप्राध्यापक भइन् र उनले पद्मकन्या बहुमुखी क्याम्पसमा नै पढाइरहिन् । उनले २०६५ साल चैत २४ गते प्राध्यापन पेसा र पद्मकन्या बहुमुखी क्याम्पसबाट पनि खुट्टा झिकिन् ।

•

वानीरा गिरीको पढाइमा हौसला अझै चुलिँदै गयो । जस अनुरूप उनले विद्यावारिधि गर्ने सोच बनाइन् । उनले यस विषयमा एउटा चिन्तन गरिन् र आफूलाई मन पर्ने कविलाई पिएचडीको नायक छानिन् । अनि उनले विषय बनाइन्– 'गोपालप्रसाद रिमालका काव्यमा स्वच्छन्दतावाद ।' यसै विषयमा वानीराले २०४२ सालमा पिएचडी गरिन् । नेपाली भाषासाहित्यमा पिएचडी गर्ने पनि उनी प्रथम विश्व नारी प्राज्ञ भइन् ।

गोपालप्रसाद रिमालबारे विद्यावारिधि गरे तापनि वानीराले रिमालको भौतिक चोलासँग साक्षात्कार गर्न सकिनन् । यसै प्रसङ्गमा उनले पनि भनिरहिन्– 'रिमालसम्म मलाई लगिदिने मैले कोही पनि मान्छे भेटिनँ । उनले मान्छे देख्नेबित्तिकै झम्टिन्छन् भन्ने मैले सुनेकी थिएँ । त्यसैले म उनीसमक्ष जान डराएँ र मैले उनलाई भेट्न पाइनँ ।'

•

त्रिभुवन विश्वविद्यालय २०४६ सालपछि दलगत स्वार्थप्रेरितहरूको एउटा अखडा नै बन्न थाल्यो । जातजाति, दलबल र धनधान्यका कारण प्राय: योग्य व्यक्तिहरूको भर्ना र बढुवामा पनि अदृश्य टाँचा लगाइएको थियो । उदाहरणका लागि भन्ने हो भने, दलबलको दबाब, जालझेल र अनेक प्रपञ्चका सिकार भएर योग्यताका प्रतिमूर्ति वानीराहरूले बढुवा पाएनन् । अर्कातिर वानीराभन्दा निक्कै होचा कद अथवा स्तर तल भएका व्यक्तिहरूलाई धमाधम उनीभन्दा माथि पुऱ्याइन थालियो । त्यस्तो बेहोराले उनलाई अति दु:खित बनाएको थियो । यसै फेरोमा परेर अनेक स्वाभिमानी व्यक्तिहरू क्रमश: प्राध्यापनबाट हट्तै गए र यस प्रकारको वातावरणले प्राध्यापन पेसामा भएकाहरूको पनि स्वाभिमानमा तुसारो परेको थियो । डा.वानीरा गिरीको प्राध्यापन पेसाको पछिल्लो समयले उनका भागमा पनि आँसु, आक्रोश र असन्तुष्टि नै पस्केको थियो ।

•

त्रिभुवन विश्वविद्यालयको मात्रै के कुरा र ? नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान (नेपाल प्रज्ञाप्रतिष्ठान)मा अत्यधिक प्राज्ञहरू वानीरा गिरीका उँचाइको कम्मरसम्म नपुग्ने र कति त कुर्कुच्चासम्म पनि आउन नसक्ने मान्छे पनि प्राज्ञमा भर्ती भए । दलगत राजनीतिले नेपालका प्राज्ञिक थलाहरू जुठेल्ना, रछ्यान र ढलहरूमा रूपान्तरित हुँदै गए । तर जनप्राज्ञका रूपमा वानीरा गिरीहरू स्थापित भइरहे । गिरीजस्ता उँचाइले भरिपूर्ण प्राज्ञहरूको स्वाभिमानका कारण अरू जनप्राज्ञहरूका शिरहरूको नापोमा निक्कै मर्यादा बढाइरह्यो । सरकारी आँकडामा प्राज्ञ भनिनेहरू जनमाऊ निजामती सेवाका मुखिया, खरदार, सुब्बाजस्तै तलबी हकदारका रूपमा मात्र चिनिन थाले । मुलुकको यस्तो लाजमर्दो र हास्यास्पद स्थितिमा पनि वानीरा गिरीहरूजस्ता विशिष्ट प्रतिभाचाहिँ अहोरात्र मिहेनत, लगन र

सङ्घर्षमा डटिरहे । जसको प्रतिफलस्वरूप नेपाली साहित्यको महिमा अन्तर्राष्ट्रिय परिवेशमा गुञ्जायमान हुन थाल्यो ।

•

वानीरालाई त्रिभुवन विश्वविद्यालयको सहप्राध्यापकबाट प्राध्यापकमा बढुवा गर्न धाँधलीपूर्ण ढङ्गबाट रोकियो । यसका लागि उनले सर्वोच्च अदालत गुहार्नुपऱ्यो । त्यसैबीच वानीरा गिरीलाई केही समयसम्म वैतनिक रूपमा कार्य गर्न संयुक्त राष्ट्रसङ्घको (युनेस्को, फ्रान्स)बाट त्रिभुवन विश्वविद्यालयमा पत्र पुगेको थियो । तर त्यहाँका हाकिमले उक्त चिठी लुकाइदिएका थिए ।

वानीराले सर्वोच्च अदालतमा त्रिभुवन विश्वविद्यालयको विरोधमा मुद्दा दिएको दुई वर्षमा त्यहाँ उनीबारेको मुद्दा पेसी भएको थियो । उनीबारेको सो मुद्दा हेर्ने न्यायाधीश कल्याण श्रेष्ठ थिए । बहस भइरहेका बेला वानीरा घरीघरी उठेर आफ्नो कुरा भन्न खोज्थिन्, तर श्रेष्ठले– 'तपाईं नउठ्नुहोस्, नबोल्नुहोस् । तपाईं बोल्ने काम नै छैन । तपाईंले यहाँ पेस गर्नुभएका प्रमाणले नै सबै कुरा बोलिसके । त्यो मैले सबै कागजातमा नै पढें । तपाईंलाई हराइएको रहेछ ! तपाईंभन्दा आठ नम्बर तल परेका सहप्राध्यापकले बढुवा पाएका रहेछन् । अब, तपाईंले कसरी बढुवा नपाउने ? तपाईंले यो मुद्दा जित्नुभइसकेको छ ।'

'न्यायाधीश महोदय ! मेरो अध्ययनशीलता र संवेदनशीलतालाई नेपालका विद्वान्हरूले सताउनुसम्म सताए । त्यसैले यस सम्मानित अदालतसमक्ष म नेपालका विद्वान्हरूलाई एउटा श्राप दिन चाहन्छु । 'यस देशमा विदुषीहरूको कदर नहुने हुनाले विद्वान्हरूले बाँदर्नीसँग मात्र दाम्पत्यसम्बन्ध गाँस्नुपरोस् ।' वानीराले आवेश थाम्नै नसकेर यो संवाद बेन्चमै बोलेकी थिइन् । अनि न्यायाधीश कल्याण श्रेष्ठले टिठलाग्दो अनुहार पारेर– 'त्यस्तो श्राप नदिनुहोस्' भनेका थिए ।

नेपालको कानुनी उपचारको महिमा अत्यधिक छ र यहाँका न्यायमूर्तिहरूले 'दूधको दूध र पानीको पानी' छुट्टचाएर न्याय प्रदान गर्ने गरेको बेहोरा जगजाहेरै छ । तर पनि अदालती काममा देखा पर्ने प्राविधिक ढिलासुस्ती पनि आफ्नो ठाउँमा छँदै छ । त्यसैले सर्वोच्च अदालतले वानीराको पक्षमा मुद्दाको फैसला गरुन्जेलसम्ममा उनले उमेरका कारण त्रिभुवन विश्वविद्यालयबाट अवकाश पाइसकेकी पनि थिइन् ।

# वानीराको काव्यात्मक व्यक्तित्व

वानीरा गिरी सानैदेखि कवितालेखनमा जोडिएको नाउँ थियो । एघार वर्षकै उमेरमा उनी कवितालेखनमा पुरस्कृत भइसकेकी थिइन् । खास गरेर उनले त्यस घडी कथा, कविता र निबन्धहरू पनि लेखिन् । त्यति बेला उनको त्यस लेखन आत्मसन्तुष्टिका लागि मात्रै नभएर पारिश्रमिक लिने अभिप्रायद्वारा पनि प्रेरित थियो । बाल्यकालमा नै उनी लेखनकी स्थानीय नायिका बनिन् । त्यसै बेला पनि उनका विषयमा स्थानीय धेरै व्यक्तिले धेरै वर्णन गरे । साथै ईश्वरवल्लभले पनि पछिसम्म नै भनेका थिए– 'बहिनी वानीरा एउटी सशक्त कवयित्री थिइन् । उनको भविष्यको काव्यभूमिको रापताप मैले त्यति बेलै देखेको थिएँ । त्यसैले अगमसिंह गिरीले आयोजना गरेको कविगोष्ठीमा मैले उनलाई पुरस्कारस्वरूप केही कृति दिएको थिएँ ।'

वानीरा गिरीको जीवनमा परेका विविध बज्रपातले उनी साहित्यको गुभो बनिन् । त्यही गुभो हलक्कै सप्रेर आयो । त्यसैले साहित्यमा उनी हलक्कै बढिन् । उनको ओजिलो प्रतिभाले उनका कवितामा गहनता ढाकिएका हुन्छन्, वास्तविकता ओगटिएका हुन्छन् र यथार्थता भरिएका हुन्छन् । उनी कवितामा जीवन देख्छिन् र जीवन नै कवितामा लेख्छिन् । उनका भावभावमा अर्थको साङ्ले पुल जोडिएको हुन्छ । त्यसैले उनी कवितामय धर्तीको गीत लेखेर थाक्तिनन्, काव्यमा प्रकृतिको रेखाङ्कन गरेर अघाउँदिनन् र सृजनामा

जीवनको यथार्थ बेहोरा लेखेर हराउँदिनन् । त्यसैले उनी लेखनबिन्दुको अजर, अमर र अजस्र धाराकी सम्राज्ञी बनिन् ।

वानीरा खास गरेर कवितामा नै फुलिन्, कवितामा नै फक्रिइन् र कवितामा नै सुगन्धित जाई, जुही र चमेली नै बनिन् । उनका कवितामा एकातिर दर्शनले साँध लगाएको हुन्छ भने अर्कातिर उनका काव्यात्मक बिम्बमा लालुपाते फुलेको हुन्छ । उनी प्रकृति, जीवन र जगत्का प्रसङ्गलाई अलङ्कारमय बनाउँछिन् । उदाहरणका लागि भन्ने हो भने जून अगाडिबाट हेर्दा जति सुन्दर भए पनि, त्यसको पछिल्तिरको भाग कालै हुन्छ; अर्थात् त्यहाँ सायद, किचकन्नी पनि बसेकी हुन्छे । मान्छे अगाडि मुखले ठिक्क पार्छ, तर पछाडिपट्टिबाट उसले आफन्तकै डँडाल्नोमा छुरी पनि हान्छ । वानीरा गिरीको परिभाषाबाट हेर्ने हो भने मान्छेहरूमध्येकै मान्छे पनि किचकन्नीको अर्को रूप हुन सक्छ :

**मान्छे जूनको अनुहार**
**अघिल्तिर प्रकाश र उज्यालो**
**पछिल्तिर कुरूपता र अनन्त अन्धकार**
**यस अर्थमा जून**
**एउटी किचकन्नी हो ।**

डा.वानीरा गिरी स्पष्ट स्वभाव भएकी स्रष्टाको नाउँ हो । राम्री भएर पनि सादा र स्पष्ट भएर पनि सरल जीवन बिताउनु गिरीको वैयक्तिक विशेषता मानिन्छ । उनी सत्यमाथिकी विजय हुन् । उनले कुनै पनि बाजी जित्नका लागि कहिल्यै पनि असत्य बोलिनन् ।

आफ्नो साहित्यिक यात्रामा वानीराले नारीजातिको मर्मलाई सधैँ लेखिरहिन् । वास्तवमा नै उनी नारीजातिको सग्लो नमुना लेख्छिन् । नारीको मर्ममा उनी आफ्नो स्वर उराल्छिन्– 'नारी भनेको चोटको अर्को नाउँ हो; जसको सामुन्ने चोटले निरन्तर हार

खाने गरेको छ । कान फारेर सुन चोट ! तिम्रो भण्डार रित्तिएला तर म रित्तिन्नँ ।'

वानीरा गिरीको भावभूमितर्फ चहार्दा उनी वास्तविकतालाई आधार बनाई सृजना गर्ने स्रष्टा हुन् । उनको लेखनमा अस्तित्ववादी र निस्सारतावादी दृष्टिकोणले मितेरी लगाएको पाइन्छ । समाज र मानवीय दृष्टिकोणलाई उनका रचनाले थप अँगालो मारेको पाइन्छ । लेखनमा सरलता, सहजता र सरसताका कारणले नै नेपाली साहित्यजगत्को माथिल्लो स्थानमा उनको स्थान सुरक्षित भएको हो ।

वास्तवमा, उच्च लेखकीय व्यक्तित्वका कारण उनी काव्यजगत्कै सम्राज्ञी भइन् । त्यो बेहोरा उनकै मनमस्तिष्कमा पनि छताछुल्ल भएर बग्न थाल्यो । अनि उनी आफैँले पनि भनिन्– 'म आफ्नै संसारकी सम्राज्ञी हुँ ।'

वानीरा गिरीका जीवनमा जति उतारचढाब आए, उनी त्यति नै सबल, सक्षम र सक्रिय रूपमा जीवनका वास्तविकतासँग लुकामारी खेल्दै हिँडिन् । त्यही परिवेशमा उनी कतै नअलमलिई हिँडिरहिन् । उनको गन्तव्य भनेकै नेपाली साहित्यको उँचाइलाई झन् उँचाइमा पुऱ्याउने भइरह्यो । उनको त्यही निष्ठाभावले गर्दा उनी विश्वपरिवेशको नेपाली साहित्यको सृजनामा अमर प्राज्ञका रूपमा रूपान्तरित भइन् । उनले सधैँ जीवन्त कवितालेखनमा नै आफ्नो अस्तित्व बाँधिन् । वास्तवमा लेखनबाटै उनी सग्लो वानीरा गिरी भइन् । त्यसैले उनी आफ्नो काव्यात्मक व्यक्तित्व जनसमक्ष पुऱ्याउन पनि कहिल्यै चुकिनन् :

**तिम्रो हृदयको नदेखिने पानामा**
**एउटा सम्बोधन कुँद्छु, खोप्छु**
**सखा !**
**यस हिमवत्खण्डका**
**शिखरचुलीहरूलाई साक्षी राख्तै**

**तिमी मेरा संज्ञा हौ**
**म तिम्रो अभिशून्यताबाट**
**अभिसिञ्चित**
**अभिमन्त्रित संज्ञा !**
**मेरा निम्ति**
**शारदीय आकाशका**
**बडेमाको जून थियौ– तिमी**
**त्यति मात्र हो र !**
**शाश्वत शारदीय आकाशको**
**जून र घाम पनि तिमी !**

वानीरा गिरी शाश्वत चिन्तनकी धनी स्रष्टा हुन् । उनी काव्यसंसारमा नै रमाउँछिन् । अनि यसै प्रसङ्गमा भन्छिन्– 'जबजब म काव्यरचनाको क्रममा दत्तचित्त हुन्छु, तब एकदम अन्तश्चेतनासँग मुखामुख (Face to face) गरिरहेकी हुन्छु, यसर्थ काव्यरचनाको प्रक्रियालाई म Metaphysics (तत्त्वमीमांसा)सँग दाँज्न मन पराउँछु ।'

वानीरा बौद्धिक धारमा खुबै बाँधिएकी छिन् । त्यसैले पनि यिनको साहित्यिक मर्यादाले देशदेशान्तर ढाकेको छ । नेपाली साहित्यको श्रीवृद्धिमा उनको योगदान उच्चकोटिको छ । नेपाली नारीसृजनाको इतिहासमा उनको पाइलाले गरिमामय स्थान ओगटेको छ । नेपाली भाषासाहित्यका प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरीदेखि वर्तमान पुस्तासम्मकै सग्लो हिसाब जोड्ने हो भने पनि डा.गिरी नेपाली भाषासाहित्यको बौद्धिक शङ्कराचार्य नै हुन् । उनी सृजनात्मक चिन्तनकी शिखरनारी हुन् । यसैले गर्दा नै त उनी नेपाली साहित्यमा सर्वत्र पुजिएकी नारीचुलीमा दरिइन् ।

गद्यलेखनमा पनि वानीराले आफ्नो बेग्लै आयाम स्थापित गरिसकेकी छिन् । बहुविध विधाका लेखनीमा पनि उनको बौद्धिकता अब्बल मानिन्छ । हुन त उनका लेखनीमा कहीँ कतै हिन्दी भाषाको लबज र कतैकतै अङ्ग्रेजी भाषाको प्रयोग पनि देखिन्छ । तर उनले

आफ्नो धरातललाई टेकेरै अन्यत्र फड्का मारेकी हुन्छिन् । वास्तवमा उनको लेखनको खुबी पनि यहीं लुकेर बसेको हुन्छ । उनी बहुआयामिक सर्जक हुन् । त्यसमा नै उनी गर्व मान्छिन् र भन्छिन्– 'गद्यलेखनको क्रममा घटना, परिवेशले बेस्सरी घचघच्याएपछि म निबन्ध लेख्छु । मानवीय अस्मिता, ओजस्विता, चरित्रका बहुरङ्गी आयामलाई आत्मसात् गरी इच्छानुसारको रूपरेखा (Framwork) तयार गरेर उपन्यास लेख्न मलाई मन पर्छ । यात्रासंस्मरणमा अनुभूतिका कूची र निरीक्षणीय तीव्रतर रङ्गले मलाई साथ दिन्छ ।'

नेपाली साहित्यकारका रूपमा विश्वका प्रमुख आयोजनाहरूमा सहभागिता जनाउने उनी प्रथम नारीस्रष्टा भइन् । विश्वपरिवेशमा आफ्ना रचनाहरू अनुवादका माध्यमबाट पुऱ्याउन पनि वानीरा गिरी सफल भइन् । विश्वका विद्वान्हरूका कलमले समेत वानीराका काव्यात्मक मीमांसामा अक्षर रोपेर नेपाली साहित्यको महिमा चुल्याउने काम गरेका छन् । देशभित्र मौलाएको बौद्धिक दारिद्र्यका कारण साँघुरो बारीमा वानीरालाई घेराबन्दी गर्न खोजिए पनि वानीरा अमरलताको लहराझैँ स्वत:स्फूर्त फैलिँदै फैलिँदै विश्वपरिवेशमा पुगिछाडिन् । उनी जहाँजहाँ पुगिन्, त्यहाँत्यहाँ नेपाली अस्तित्वको पहिचान रोपिन्, नेपाली अस्मिताको पञ्चेबाजा, सनही र दमाहा घन्काइन् अनि विश्वमाझ नेपाली स्वाभिमानको सग्लो उदाहरण प्रस्तुत गरेर विश्वकै प्राज्ञहरूको वाहवाही बटुलिन् । नेपाली प्राज्ञ भनिनेहरूको दरिद्र मानसिकताद्वारा सधैँ प्रताडित भइरहँदा पनि उनले नेपाली पाठकको मायालाई एकनास शिरमा थापिरहिन् । प्रतिभा लघार्ने कसरतमा लागेका प्रवृत्तिहरूलाई वानीराले कहिल्यै जित्न दिइनन् । उनका लागि नेपाली माटो, नेपाली सुवास र नेपाली आकाश सधैँ प्रिय रह्यो । त्यसैले आफूले जति नै अवमूल्यनको सिकार हुनुपरे पनि उनले नेपाल, नेपाल र नेपाल भनेर आफूलाई नेपालसँगै गाँसिरहिन् ।

कुनै पनि महामूल्यमा आफूलाई नेपालबाहिर रोप्ने सपना पनि वानीराले कहिल्यै देखिनन् । त्यसैले सदैव 'नेपाल राष्ट्रको जिन्दाबाद !'को गीत नै उनको प्रिय गीत भइरह्यो । विभिन्न मुलुकहरूमा भएको उनको सशक्त सहभागिताले नेपाली कविताको जिउँदो जाग्दो परिचय स्थापित हुन सक्यो । अन्तत: यी सबै जोडघटाउको परिणामस्वरूप उनी विश्व नारी (नेपाली साहित्य) रत्नमा नै स्थापित भइन् ।

# वानीराका कृति

वानीरा गिरीले बाल्यकालदेखि नै आफूलाई साहित्यतर्फ लगाए तापनि पहिलोपल्ट उनको औपचारिक कविता २०२० सालमा छापिएको थियो । डीके खालिङको सम्पादनमा दार्जिलिङबाट प्रकाशित 'दियो' पत्रिकामा 'मेरो साथी भन्छ' शीर्षकको कविता छापिएपछि गिरी जनसमक्ष प्रस्तुत भएकी हुन् । त्यसपछि उनी कवितालेखनमा क्रमश: चम्कँदै गइन् । दार्जिलिङका विभिन्न पत्रपत्रिकाका अतिरिक्त काठमाडौँका पत्रपत्रिकामा पनि उनका रचनाहरू प्रकाशित भइरहे । कृतिकारका रूपमा चाहिँ उनी २०३१ सालमा देखा परिन् ।

वानीरा गिरीको कृति मूल्याङ्कनका बारेमा सङ्क्षिप्त धारणा राख्तै प्रा.डा.गार्गी शर्मा लेख्छिन्– 'कविता, उपन्यास र निबन्ध सबै क्षेत्रमा सशक्त र सफल नारीहस्ताक्षर हुन्– डा.गिरी । उनको मूल प्रवृत्ति सामाजिक चेतना, प्रणयमूलक तथा रतिरागात्मक भावनामा केन्द्रित सामाजिक, राजनैतिक, प्राकृतिक, मानवीय स्वभाव आदिको स्वाभाविक चित्रण देखिन्छ । यिनै विविध प्रवृत्तिबाट कविता, उपन्यास तथा निबन्ध गुम्फित भएका छन् । मानव स्वभावको अध्ययन गरी सहजतासाथ पाठकसमक्ष सम्प्रेषण गर्नु डा. गिरीको महत्त्वपूर्ण विशेषता हो । अझ स्वच्छन्दतावाद, प्रयोगवाद वा परिष्कारवाद जुनसुकै वाद अपनाएर अनि अनेक स्रोतबाट बिम्ब र प्रतीक टिपेर मानव मन र समाजको अध्ययन गर्न सक्ने आफूलाई पाठकको हृदयमा एकाकार गराउन सक्ने साहित्यकार हुन्– डा.वानीरा गिरी ।'

नेपाली भाषासाहित्यकी महारथी डा.वानीरा गिरी स्तरीय सृजनामार्फत देशदेशान्तरमा प्रस्तुत भएकी छिन् । उनको व्यक्तित्वलाई उनका सम्पूर्ण काव्यहरूले प्रतिनिधित्व गरेको पाइन्छ । उनका कृतिहरू सङ्ख्यात्मकभन्दा गुणात्मक रूपमा स्थापित देखिन्छन् । नेपाली भाषासाहित्यमा उनको कृतिगत लेखाजोखामा पनि धेरै समालोचकले आफ्ना हस्ताक्षर प्रस्तुत गरेका छन् । उनका झन्नै पाँच सयओटा फुटकर रचना प्रकाशित भइसकेका छन् भने कृतिगत रूपमा नौओटा कृतिहरू प्रकाशनमा आएका छन् :

१. **एउटा एउटा जिउँदो जङ्गबहादुर** (२०३१)

**तिमी मलाई**
**चीलले टप्प चल्ला टिपेझैँ टिप्न,**
**खेतको आलीलाई**
**बाढीले ह्वात्त बगाएझैँ बगाउन**
**मेरी छोरीले**
**कस्यार लाउँदा फोहोर बढारेझैँ**
**एकै चोटि स्वाट्ट सङ्घारबाहिर पारिदिन् ।**

वानीरा गिरीको 'एउटा एउटा जिउँदो जङ्गबहादुर' (कवितासङ्ग्रह) बारे यादव भट्टराई लेख्छन्– 'समग्रमा वानीरा गिरीको यस सङ्ग्रहका कविताहरूमा जीवन भोगाइबाट नि:सृत अनुभवजन्य सुस्केरालाई बुझ्न सकिन्छ । जीवन बाहिरबाट हेर्दा जति सरल र सुन्दर छ, भोगेपछि त्यो त्यति नै क्लिष्ट र कुरूप छ भन्ने एउटा पक्षलाई सङ्ग्रहका अधिकांश कवितामा व्यक्त गरिएको छ । यसरी सरसरती बुझ्दा यी कविताहरूमा हीनताबोध, निराशा, कुण्ठा, जीवनप्रतिको वितृष्णा, विसङ्गति र विकृति तथा विद्रोहजस्ता विषयले प्रश्रय पाएको देखिन्छ भने अस्तित्वको खोजी, जीवनको सार्थकता, आशावादिता, जीवनको सार आदिलाई पनि केही कवितामा व्यक्त गरिएको छ ।'

वानीरा गिरीको काव्यात्मक व्यक्तित्वलाई बौद्धिक मस्तिष्कमा पुऱ्याउने काम 'एउटा एउटा जिउँदो जङ्गबहादुर'ले गरेको हो । यस कवितासङ्ग्रहका कविताहरू उनले उनी काठमाडौँ पसेपछि सात वर्षसम्म लेखेकी हुन् । यो कृति उनको युवा अवस्थाको रापिलो घामको प्रथम प्रहर हो । उनका पति शङ्कर गिरीका अनुसार वानीराका किशोरावस्थादेखि युवावस्था टेकेसम्मका कविताको बिटो पनि सङ्कलित छन् र प्रकाशन गर्ने शङ्कर गिरीको रहर रहरैमा रहेको छ । वानीराको यो प्रथम कृति हो र यस कृतिलाई वानीराकै माइला देवर अर्थात् शङ्कर गिरीका सहोदर भाइ पुष्कर गिरीले प्रकाशनमा ल्याइदिएका थिए ।

वानीरा गिरीका कविताका बारेमा डा.कविता लामाको भनाइ छ– 'नेपाली कविताको विकास परम्परामा लिनैपर्ने एक शीर्ष नाम हो– वानीरा गिरी । 'छुट्टै सोच, अलग विचार तथा परम्परालाई अङ्गीकृत गर्नुपर्छ'देखि 'केही भिन्न लेख्छु', 'आफ्ना समकालीन कविहरूबीच आफ्नै अनुहार भएर उभिन्छु' भन्ने यिनी आजको कवितालेखनमा अग्लो उँचाइ भएकी एक सफल कवि हुन् । सरल जीवनशैली र रहनसहनमा विश्वास राख्ने वानीरा छिट्छिटो लेखेर छिट्छिटै नाम कमाउने अनि सबै सर्जकलाई दौडमा जित्ने हतारमा छैनन् । एक जना सचेत सर्जक व्यक्तिले लेख्न अह्राउँदा कलम उठाउने, साहित्यलाई साधना अनि आफूलाई साधकको श्रेणीमा दर्ता गराउन चाहने स्पष्टवादी स्रष्टा हुन्– वानीरा गिरी ।'

२. **जीवन थायमरु** (२०३४)

वानीराको 'जीवन थायमरु' साझा प्रकाशनबाट प्रकाशित कविताहरूको बिटो हो । यहाँ उनका २०३१ सालदेखि २०३४ सालसम्म रचिएका कविताहरू सङ्कलन गरिएका छन् । वानीरा गिरी प्रयोगवादी दृष्टिकोणबाट 'जीवन थायमरु'मा प्रस्तुत भएकी छिन् । यस कृतिमा उनी यथार्थवादी र विसङ्गतिवादी दृष्टिकोणलाई

सँगसँगै रथमा चढाएर सलल बगेकी छिन् । प्रेम, कुण्ठा, जीवन र जगत्लाई पनि उनले कतै एकसरो बर्को ओडाएकी छिन् र कहीँ सिरक खपाइदिएकी छिन् । त्यसैले एकै प्रकारका पाठकले ती सबै कविताको रसास्वादन र घनत्व बोक्न पनि नसक्ने सम्भावना छ ।

वानीराका कविताहरूले पाठकको मनलाई च्याप्पै समाउने कारण के हो भने उनी यथार्थवादी धरातलमा पनि पलेटी कसेर कविता लेख्ने गर्छिन् । उदाहरणका लागि :

**आगो बाल्ने चूल्हो बनेकी छु**
**काँढा उम्रने ज्याङ बनेकी छु**
**खुकुरी राख्ने दाप बनेकी छु**
**गोमनको विषालु दाँत बनेकी छु**
**औँसीको अँधेरी रात बनेकी छु ।**

वानीरा गिरीको 'जीवन थायमरु' (कवितासङ्ग्रह)बारे प्रा.डा. खगेन्द्रप्रसाद लुइँटेलले लेखेका छन्– 'वानीरा गिरीको 'जीवन थायमरु' एउटा उल्लेख्य कवितासङ्ग्रह हो र यस सङ्ग्रहमा सङ्कलित कविताकै आधारमा पनि वानीरा गिरीको स्वच्छन्दतावादी ढपको प्रयोगशील र प्रयोगधर्मी कविताशिल्प उल्लेख्य रहेको छ ।'

३. **कारागार** (२०३५)

साझा प्रकाशनबाट प्रकाशित 'कारागार' उपन्यासले वानीरा गिरीको औपन्यासिक व्यक्तित्वको पूर्ण परिचय दिन्छ । यस उपन्यासमा उनको बौद्धिक चिन्तनको समेत प्रदर्शनी भएको छ । निबन्धात्मक शैलीमा यसको प्रस्तुति भए तापनि दर्शनमा चुर्लम्म डुबेको उपन्यासमा यो कृति दरिएको छ । यसै कृतिले उनको साहित्यिक व्यक्तित्वको उँचाइ नाप्न पनि मद्दत गरेको छ । नारीप्रधान यस उपन्यासका रूपमा सुख खोज्दाखोज्दै पनि दु:खको भारीले मानिसलाई थिँचिरहेको कथा प्रस्तुत गरिएको छ । त्यही नै यस उपन्यासको मुख्य विशेषता पनि हो । त्यसैले 'कारागार'

वानीराको सामाजिक यथार्थवादी उपन्यास हो । डा.दुर्गाप्रसाद दाहाल यस कृतिबारे लेख्छन्– 'वानीरा गिरीको प्रथम उपन्यास 'कारागार' विसङ्गतिवादी र नारीवादी उपन्यास हो । यसमा मूलतः पुरुषको स्वार्थले अविवाहित जीवन भोग्न विवश बूढीकन्या र विवाहित भएर पनि कष्टकर दाम्पत्य जीवन बिताउन बाध्य प्रौढ पुरुषको विसङ्गत प्रेम र यौनजीवनको चित्रण गरिएको छ ।'

४. **मेरो आविष्कार** (२०४१)

वानीरा गिरीद्वारा लिखित उत्कृष्ट कविताकृतिको सूचीमा आउने अर्को कृति हो– 'मेरो आविष्कार' । यो कृति उनले आत्मपरक शैलीमा लेखेकी हुन् । यो कृति जीवन, जगत् र प्रकृतिको त्रिवेणी मानिन्छ । प्रा.डा.केशवप्रसाद उपाध्यायका भाकामा भन्नुपर्दा– 'मेरो आविष्कार' वानीरा गिरीको काव्ययात्राको सर्वोच्च उपलब्धिका रूपमा देखा परेको छ । नेपालीका उत्कृष्ट काव्यकृतिहरूका लहरमा एक थप प्राप्तिका रूपमा 'मेरो आविष्कार' स्वागतयोग्य प्रतीत हुन्छ ।'

'मेरो आविष्कार' अपूर्व प्रकाशनबाट प्रकाशित भएको हो ।

'आधुनिक नेपाली कविताको प्रयोगवादी धाराको वर्चस्व रहेको बेला कविता लेख्न सुरु गरेर यस धाराकै समयप्रवाहमा स्थापित भएर उत्तरवर्ती चरणमा समेत त्यत्तिकै सशक्तताका साथ कवितालेखनमा लागेकी वानीरा गिरी पछिल्लो समयमा उपन्यास र निबन्धलेखनमा समेत सक्रिय छिन् । उनका कवितामा बिम्बहरूको सघन प्रयोग पाइन्छ र नेपाली जीवन तथा समाजसँग गाँसिएका विविध परिवेशबाट ग्रहण गरिएका बिम्बहरूले उनका कवितामा भावगम्भीरता थपेका छन् । प्रस्तुत 'पशुगायत्री' शीर्षकको कवितामा सहरिया सभ्यताको विकाससँगै वाग्मती सभ्यता प्रदूषित भएको र वाग्मतीको अतीतको वैभव तथा सौन्दर्य लुप्त हुन थालेको कुरा प्रस्तुत गर्न यस कवितामा उपर्युक्त प्राकृतिक, सांस्कृतिक, मिथकीय, चाक्षुष, प्रणयपरक, यथार्थपरक आदि बिम्बहरूको प्रयोग गरिएको

छ । यी बिम्बहरूलाई सघनता प्रदान गर्न बीचबीचमा धेरै ठाउँमा मानवीकरण पनि गरिएका छन् । बिम्बविधान र मानवीकरणको सादृश्यविधानका माध्यमबाट यो कविता शक्तिशाली र प्रभावपूर्ण बनेको छ । यस कवितामा आएका बिम्ब विधायक तत्त्वहरूले पनि कवितालाई भावगम्भीर बनाउन सहयोग गरेका छन्' भन्ने बेहोरा डा.लक्ष्मणप्रसाद गौतमले राखेका छन् ।

**५. निर्बन्ध** (२०४२)

'निर्बन्ध' वानीरा गिरीकृत नारीप्रधान सामाजिक उपन्यास हो । समाजलाई सर्लक्कै उठाएर 'निर्बन्ध'ले पुरुषद्वारा गरिने नारीशोषणप्रतिको दृष्टिकोणलाई अघि सारेको छ । नारीले विद्रोहको स्वर उरालेको प्रसङ्ग 'निर्बन्ध'मा रोचक र घोचक रूपमा प्रस्तुत गरिएको छ । यो उनको सफल उपन्यास हो । त्यसैले बौद्धिक पाठक र चिन्तकमाऊ यस उपन्यासले चर्चा र प्रसिद्धि पनि पाइरह्‌यो ।

वानीरा गिरीका 'निर्बन्ध' उपन्यासका बारेमा ज्ञानु अधिकारीको समीक्षा छ– 'वानीरा गिरीको दोस्रो औपन्यासिक कृतिका रूपमा देखा परेको प्रस्तुत उपन्यास शीर्षककै विशेषता बोकेकी र निर्बन्ध चरित्र भएकी नारी पात्रको संस्मरणात्मक अभिव्यक्तिका रूपमा प्रस्तुत गरिएको छ । लोग्नेको मृत्यु र वैधव्यको सुरुवातबाट यस उपन्यासको कथावस्तु अगाडि बढेको छ । आफ्नो नकारात्मक प्रवृत्तिको आत्मालोचना गरिए पनि जीवनप्रति कुनै गुनासो नभएकी निर्भीक र विद्रोही नारी पात्रको प्रयोग गरी यस उपन्यासले नारी विद्रोहको चरम रूपलाई प्रस्तुत गरेको छ । आमा र बाबुको जीवनका बीचमा देखिएको विषमताबाट उम्रिएको विद्रोही चेतनालाई प्रस्तुत गरिएको यस उपन्यासमा सम्भ्रान्त र सम्पन्न परिवारभित्र देखिने नारीका पीडा, कुण्ठा र विद्रोहलाई देखाइएको छ । भौतिक सुखसुविधा, ऐसआराम र मोजमस्तीमा चुर्लुम्म डुबेका मान्छेहरू बाह्य रूपमा

हेर्दा खुसी र सुखी देखिए पनि आन्तरिक रूपमा एउटा विकृत यथार्थ पालेर कुण्ठित जीवन बिताइरहेका हुन्छन् भन्ने यथार्थलाई पनि उपन्यासले प्रकट गरेको छ । कवितामय प्रवाहयुक्त भाषाशैली तथा सटिक र सङ्क्षिप्त अभिव्यक्ति कलाले उपन्यासको विशिष्टतालाई उँचाइमा पुऱ्याएको छ भने गिरीको प्रस्तुत उपन्यास नेपाली साहित्यको महत्त्वपूर्ण प्राप्ति बन्न पुगेको छ ।'

साझा प्रकाशनबाट 'निर्बन्ध'लाई प्रकाशनमा ल्याइएको थियो ।

**६. शब्दातीत शान्तनु** (२०५६)

साझा प्रकाशनबाट प्रकाशित 'शब्दातीत शान्तनु' वानीरा गिरीको बौद्धिक चिन्तनद्वारा शिखर आरोहण गरिएको धरातलीय उपन्यास हो । सिराहाको बस्तीपुरका विषयमा केन्द्रित भएर लेखिएको यो उपन्यास आदर्शवादी पुरुषको चित्रणमा रङ्गिएको छ । 'शब्दातीत शान्तनु'मा बस्तीपुरकै एउटा मान्छे त्यहीँ जन्मन्छ, त्यहीँ आफ्नो जीवनमा आरोहअवरोहको भोग गर्छ । यस उपन्यासको भाषाशैली पनि स्थानीय परिवेशमा नै आधारित छ । शान्तनुले धेरैका लागि मरिमेटे तर उनका लागि कसैले सिन्कोसम्म पनि भाँच्न नसकेको प्रसङ्ग नै प्रस्तुत उपन्यासको मूल बीजतत्त्व हो । सामाजिक जीवनको यथार्थ विवरण उनेर लेखिएको यो विशुद्ध आञ्चलिक उपन्यास हो । स्थानीय भौगोलिक परिपाटीलाई पनि यस कृतिले प्रस्टचाएको छ । स्थानीयताको नमुना ऐनाका रूपमा 'शब्दातीत शान्तनु'लाई मान्नुपर्ने हुन्छ ।

'शब्दातीत शान्तनु' उपन्यासका बारेमा प्रा.राजेन्द्र सुवेदी लेख्छन्– 'लघु सामग्री प्रस्तुत गर्ने आञ्चलिक पर्यावरणमा उपस्थित हुने आख्याननायक शान्तनु बाबुको पूर्वपीठिकाबाट आरम्भ भएर उनको अवसानसम्मको कथा यस उपन्यासमा समेटिएको छ । अध्याय र उपअध्यायहरूका आरम्भ र समापनका खाली छोडिएका भाग र कवितात्मक वस्तु व्यवस्थापनका कारणले किनारामा रहेका खाली ठाउँको समेत हिसाब गर्ने हो भने उपन्यास लगभग सय पृष्ठको

आयतनमा तयार भएको छ । यसरी लघु मध्यम आकृतिको प्रस्तुत उपन्यासमा शान्तनु बाबु महाभारतका भीष्मपितामहका पिताको मिथकीय बिम्ब र शान्त र भीष्मसमेतको नियतिभोगको बिम्ब बनेर यथार्थ जीवनको भोगमा जुटेका विसङ्गत आदर्शको पृष्ठभूमिमा उपन्यासको वस्तुसंयोजन गरिएको छ ।' डा.रेणुका थापा 'सोलु'का दृष्टिमा उपन्यासकार गिरीले उपन्यासमा नारी पात्रलाई विशेष महत्त्व दिएकी छन् । 'शब्दातीत शान्तनु' उपन्यासका तुलनामा 'कारागार' र 'निर्बन्ध' उपन्यासका नारी चरित्रहरू अलि बढी खुलेका र स्वतन्त्र देखिन्छन् । यसरी हेर्दा गिरी आफ्नो औपन्यासिक यात्राका क्रममा विशेष गरी नारी पात्रमाथि आकर्षित रहेको पाइन्छ । 'कारागार' र 'निर्बन्ध' उपन्यासमा 'म' पात्रमार्फत परम्परागत मूल्यमान्यतालाई चिर्न खोज्नु गिरीको नवीन धारणा प्रकट हुनु हो । पितृसत्तात्मक सोचले किचिएका थिचिएका वा पिल्सिएका नारीवर्गको वर्गीय अस्तित्वको स्थापनाका लागि यी उपन्यासका 'म' पात्रमार्फत गिरीले विद्रोहको स्वर निकालेकी छन् ।'

**७. पर्वतको अर्को नाउँ पार्वती** (२०६७)

'पर्वतको अर्को नाउँ पार्वती' भनेर रत्नपुस्तक भण्डारले वानीरा गिरीको निबन्धसङ्ग्रह प्रकाशनमा ल्याएको हो । 'पर्वतको अर्को नाउँ पार्वती' नेपाली साहित्यमा निकै चर्चित रह्यो । उनले आफू गैरराजनीतिक भएर पनि यहाँ राजनीतिक फूल पारेकी छिन् । आफू असाङ्गीतिक भएर पनि साङ्गीतिक आकाशलाई छुन मन गरेकी छिन् । उनी जीवन छुन्छिन्, देउता हुन्छिन् र मानवहृदयको विशाल आकाश चुम्न पुग्छिन् । उनी कवितात्मक पारामा निबन्ध लेख्छिन् र आफ्नो हृदयका भाकामा बसेको जीवन, जगत् र प्रेमको आदर्शलाई कलात्मक रूपमा प्रस्तुत गर्छिन् । त्यही नै यस कृतिको विशेषता हो ।

वानीराको 'पर्वतको अर्को नाउँ पार्वती' निबन्धसङ्ग्रहबारे गीता त्रिपाठी लेख्छिन्– 'बौद्धिक चिन्तनकी निबन्धकार डा.वानीरा

गिरीको शैलीपक्ष विशिष्ट खालको रहेको यस सङ्ग्रहभित्रका निबन्धहरू २०४० का दशकबाट लेख्न आरम्भ गरिएको देखिन्छ । तत्पश्चात्का विविध समसामयिक चेतनाहरूलाई नारीउत्थान कार्यमा विशेष अनुदित गरेर यी ससाना आयामका निबन्धहरू तयार भएका र विभिन्न समयमा फुटकर रचनाका रूपमा प्रकाशित पनि भएको देखिन्छ । मिथकीय बिम्बको सार्थक प्रयोग गर्ने गिरीका समग्र निबन्धहरू बौद्धिक चिन्तनमा भावात्मक शैलीको कोमलता सजाइएको युगीन दृश्यचित्रझैँ छन् । नेपाली पाठकमाझ यी निबन्धहरू केवल साहित्यिक मूल्यका कलात्मक त छँदै छन्, सामाजिक र सांस्कृतिक सुधारका निम्ति पनि मूल्यवान् छन् ।'

**८. काठमाडौँ काठमाडौँ** (२०६८)

वानीराका कविताहरूको सङ्गालो 'काठमाडौँ काठमाडौँ' रत्नपुस्तक भण्डारबाट प्रकाशनमा आएको हो । यस कविताको ठेलीले उनलाई अन्तर्राष्ट्रिय दाँजोका कवयित्रीका रूपमा नाप्न मद्दत गरेको छ । समालोचकहरू पनि वानीरा गिरीको सग्लो परिचय कवयित्री नै हो भन्छन् । उनी बहुविधामा समर्पित स्रष्टा भए तापनि उनको कविताले पाठकलाई मोहनी लगाइदिन्छ । उनी कविता लेख्ता प्रेम लेख्छिन्, माया लेख्छिन् र स्नेह लेख्छिन् । उनको प्रेम क्रमशः जगत्मै फैलिन्छ । अनि त्यसको एउटा बिन्दु काठमाडौँमा पनि आएर सुरक्षित भइदिन्छ । त्यसैले वानीरा लेख्छिन् :

**काठमाडौँ हामी बसेको हाँगो हो**
**आफैँले बन्चरो**
**चलाउनुहुन्न !**

•

**नपुङ्सक भविष्य**
**बेच्छ काठमाडौँ ।**

•

**बरा काठमाडौँ !**
................

**आफूले आफैँलाई**
**बेचेको सपना देख्छ**
**कहिलेकाहीँ !**

वानीराको 'काठमाडौँ काठमाडौँ' धेरै चर्चित कृतिमध्येको अर्को चर्चित कृति बन्न पुग्यो । यस सङ्ग्रहका बारेमा प्रा.गोपीकृष्ण शर्मा लेख्छन्– 'नेपाली साहित्यमा कविता सिर्जनाबाट आफ्नो विशिष्ट स्थान बनाइसकेकी डा.वानीरा गिरी मस्तिष्क र हृदयकी कवि व्यक्तित्व हुन् । यिनका कवितामा बौद्धिकता र भावुकताको सङ्गम पाइन्छ । अनुभूति र भावलाई बुद्धिले दबाएको छैन, उपकारक भएर नै बौद्धिकताको संयोजन छ । यसै गरी बुद्धिपक्षलाई पनि हार्दिकताले उछिनेको छैन; बरु सहायक भएर नै चित्रित भएको छ । यसरी बुद्धि र हृदयको समन्वयमा डा.गिरीका कविताहरू रचिएका छन् । नेपाली साहित्यमा एक सफल साहित्यकारका रूपमा उनको नाम छ र 'काठमाडौँ काठमाडौँ' कवितासङ्ग्रहले उनको काव्यकारितालाई थप उँचाइमा पुऱ्याएको छ ।'

वानीराका कविताबारे प्रा.डा.पुष्प शर्मा लेख्छिन्– 'महान् सर्जकहरूको उदय साहित्यका लागि नै साबित एउटा ठूलो पुरस्कार हुन्छ । सच्चा सर्जकलाई आफ्नै वर्चस्वले बताउँछ, तापनि आफूलाई स्थापित गर्न, परिभाषित गर्न साहित्यकै साधना र तपस्या नगरी हुँदैन । जुन सर्जक साहित्यरूपी यज्ञको चरु, हवि दुवै बन्न सक्तछ; ऊ नै सिर्जनाको पर्वत टेकेर आफ्नो प्रतिष्ठा र सिक्का जमाउन सफल बन्दछ । त्यसैले साहित्य पनि सर्जकका लागि उत्तिकै सौभाग्यपूर्ण हुन्छ । वानीरा यसै खेमाभित्र पर्ने महान् सर्जक हुन् ।'

**९. जङ्गल जङ्गल** (२०६९)

रत्न पुस्तक भण्डारबाट प्रकाशित 'जङ्गल जङ्गल'मा 'वानीराका निबन्धहरू' लेखिएको छ । 'जङ्गल जङ्गल' वानीराका पछिल्ला कृतिहरूमध्ये धेरै नै चर्चित निबन्धसङ्ग्रह बन्न सक्यो ।

प्रस्तुत कृतिबारे डा.रजनी ढकाल लेख्छिन्– 'जङ्गल जङ्गल' वानीराका सामयिक सन्दर्भका अनेक आलेखहरूको बृहत् सङ्गालो हो । यसमा उनका साहित्य, सङ्गीत, समाज, राजनीति आदि विषयसन्दर्भको अनौठो कोलाज पाइन्छ । यस सङ्ग्रहका धेरैजसो आलेखहरू अखबारी लेखन, रिपोर्ताज र दैनिकी टिपोटजस्ता लाग्छन् तर तिनमा वैयक्तिक जीवनसँग जोडिएका अनेक तथ्यहरू पनि रोचक रूपमा प्रस्तुत भएका छन् । वानीराका पारिवारिक सन्दर्भ, नातागोता, इष्टमित्र, पेसा आदिका घटना र तथ्यहरूले 'जङ्गल जङ्गल'का आलेखलाई निजात्मक बनाएका छन् । उनले आफ्नै जीवन भोगाइको सेरोफेरोलाई अधिकांश आलेखहरूमा समेटेकी छन् । सामाजिक जीवनका अनेक विषयलाई पनि आत्मरागमा रङ्गाउन सफल भएकी छन् । यस सङ्ग्रहका आलेखहरूमा वानीराको ज्ञान र विषयगत जानकारीको सेरोफेरो फराकिलो देखिन्छ । उनले देशभित्रका मात्रै नभएर अन्तर्राष्ट्रिय क्षेत्रसँग जोडिएका विविध पक्षलाई यी आलेखहरूमा समेटेकी छन् । विविध विषय, घटना र व्यक्तिप्रति देखाएको रुचि र तिनका प्रति स्वतन्त्र दृष्टिकोण राख्ने लेखकीय प्रवृत्तिले यसका आलेखहरूलाई अझ रोचक बनाएको देखिन्छ ।'

नेपाली भाषाको निबन्ध विधामा वानीरा गिरीको हस्ताक्षर सशक्त रहेको छ भन्नुको प्रमाण उभ्याउनुपर्दा यसै कृतिलाई अघि सार्नुपर्ने हुन्छ । वानीरा निबन्ध, प्रबन्ध दुवैमा बराबरी कलम चलाउँछिन् । यस कृतिमा उनका लेखनको जीवन, जगत्, समाज, संस्कृति, कला, सङ्गीत, साहित्य र राजनीति आदि प्रसङ्गमा प्रत्यक्ष सरोकार राखेको हुन्छ । 'जङ्गल जङ्गल'मा देशदेशान्तरका प्रसङ्गहरूलाई रोचक ढङ्गबाट प्रस्तुत गर्न वानीरा सफल भएकी छिन् ।

'जङ्गल जङ्गल'को भूमिकाको प्रारम्भमा नै निबन्धकार वानीरा गिरीले कवितात्मक बान्कीमा लेखेकी छिन् :

**नमार, नमार त्यस चरीलाई**
**त्यस चरीलाई मारेर फल पायौ के ?**
**फल पाउँछौ के ??**
**फल पाउनेछौ के ???**

'जङ्गल जङ्गल'को प्राणतत्त्व नै माथिका चार पङ्क्तिहरूका प्रश्नहरू हुन् । वानीरा चिन्तनकी पनि बहुआयामिक प्रतिभा हुन् भन्ने बेहोरा यस ग्रन्थले प्रस्टचाएको छ ।

**१०. From the Other End (1987)**

भारतको जयपुरस्थित निराला प्रकाशनबाट यस कृतिलाई जनमाझ ल्याइएको हो । यसका अनुवादक आरडी युयुत्सु हुन् । यस कृतिमा वानीरा गिरीद्वारा नेपाली भाषामा लेखिएका कविताहरू अङ्ग्रेजी भाषामा अनुवाद गरेर समाविष्ट गरिएका छन् ।

**११. My Discovery (1996)**

यस कृतिका अनुवादक भारतीय कवि आरडी युयुत्सु हुन् । उनले वानीराको आत्मकाव्य अङ्ग्रेजी भाषामा अनुवाद गरेका थिए भने यस कृतिलाई काठमाडौँबाट अपूर्व पब्लिकेसन्सले प्रकाशन गरेको थियो । यो कृति वानीराको 'मेरो आविष्कार' को अनुवाद हो ।

**१२. From the Lake, Love (2000)**

अमेरिकानिवासी वेन एम्सिसद्वारा सम्पादित यो कृति वानीराका कविताहरूको सङ्कलन हो । यस कृतिका अनुवादकहरू वेन एम्सिस, माइकल हट, एन हन्किन्स र मञ्जुश्री थापा हुन् । यो कृति हिमशिखर प्रकाशनद्वारा प्रकाशनमा ल्याइएको हो ।

**१३. The Prison (2005)**

यो कृति वानीरा गिरीको 'कारागार'को अनुवाद हो । यस कृतिका अनुवादक अमेरिकानिवासी एन हन्किन्स हुन् । साथै यस कृतिलाई जीवा लामिछानेले प्रकाशन गरेका हुन् ।

# वानीराको अन्तर्राष्ट्रिय भ्रमण

नेपाली साहित्यको नेतृत्व गरेर या सहभागी भएर वानीरा गिरी संसारका केही मुलुकहरूमा पुगेकी थिइन् । उनी जहाँजहाँ पुगिन्, नेपाली साहित्यको बेठी लगाएर नै पुगिन्, नरसिङ्गा फुकेर नै पुगिन् र दमाहा ठोकेर नै पुगिन् । यसै सन्दर्भमा भारतको राजधानी दिल्लीलगायत विभिन्न राज्यहरूमा उनले कहिले नेपाली प्रतिनिधि मण्डलको नेतृत्व र कहिले सदस्य भएर भाग लिएकी थिइन् । उनी छ पटकजति साहित्यिक सम्मेलनका सन्दर्भमा भारत गएकी थिइन् ।

भारतीय साहित्यिक सम्मेलनमा वानीराले जतिपल्ट भाग लिइन्, उनीभित्र नेपाली भावनाको स्पन्दन थियो । उनको मातृभूमि भारत भए तापनि उनले भारत पुगेका अवसरमा नेपाली राष्ट्रियताकै गीत गाइन् र नेपाली भाषासाहित्यकै श्रीवृद्धिको गरिमा गाइन् । नेपाल र नेपाली भनेको त्यो जात र ठाउँ हो, जसको स्वाभिमानले सगरमाथाको टाकुरा छोएको हुन्छ भन्ने मान्यताबाट उनले कहिल्यै कोल्टे हेरिनन् ।

त्यसै गरी वानीराले सन् १९७६ मा रूसमा सम्पन्न ‘अफ्रो एसियाली युवा लेखक सम्मेलन’मा नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गरेर भाग लिएकी थिइन् । महाकवि लक्ष्मीप्रसाद देवकोटा त्यसै ठाउँमा त्यसभन्दा अठार वर्षपहिला नेपाली साहित्यकारको प्रतिनिधित्व गरेर पुगेका थिए । देवकोटा र वानीरा गिरीको भाषणबाट

विश्वसाहित्यको रङ्गमञ्चले नेपाली साहित्यको फराकिलो दृष्टिकोण र 'वसुधैव कुटुम्बकम्'को भाकाको स्वाद पाएको थियो । देवकोटाको वाक्‌शैली र वानीराको वाणीको रसास्वादन गरेर ती सम्मेलनका सहभागीहरूले नेपाली साहित्यको महिमा झन् गहिरिएर बुझेका थिए ।

नेपाली साहित्यकार वानीरा गिरीले सन् १९८९ मा संयुक्तराज्य अमेरिकामा सम्पन्न नैतिक शिक्षा तथा क्षेत्रीय संस्कृतिविषयक सम्मेलनमा भाग लिएकी थिइन् । त्यसै गरेर उनले जापानमा भएको 'प्रथम एसिया सांस्कृतिक सम्मेलन'मा त्यसै वर्ष भाग लिएकी थिइन् । त्यस सम्मेलनमा नेपालबाट भाग लिन अर्का व्यक्ति डा.हर्क गुरुङ पनि गएका थिए । त्यति बेला वानीराले त्यहाँ नेपाली साहित्यको सङ्क्षिप्त इतिहास प्रस्तुत गर्दा सहभागीहरूले नेपाली साहित्य धनी भएको बेहोराको वानीराबाट जानकारी पाएको उल्लेख गरेका थिए ।

वानीराले सन् १९९२ मा पाकिस्तानमा सम्पन्न नारी साहित्य सम्मेलनमा नेपालका तर्फबाट भाग लिएकी थिइन् । अनि सन् २००२ मा बङ्गलादेशमा भएको मानवीय हिंसाविरुद्धको सम्मेलनमा पनि वानीराले सम्बोधन गरेकी थिइन् । विदेशमा उनको सम्बोधनले नेपाल र नेपालीको बौद्धिक क्षमताको प्रदर्शनी हुने गर्थ्यो ।

वानीरा गिरीले विश्वका जुन देशमा नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गरेर पुगिन्, त्यहाँत्यहाँ सारगर्भित भाषण गरेकी थिइन् । उनको ओजस्वी भाषणले नेपाली साहित्यमा थप पालिस लगाउन मद्दत गरेको बेहोरा समकालीन पुस्ताहरूबाट समेत चाल पाइन्छ ।

वानीरा जहाँजहाँ जान्थिन्, नेपालको सिङ्गो साहित्यको समयसन्दर्भकै इतिहास लिएर जान्थिन् र विश्वसामु नेपाली साहित्य, संस्कृतिको महिमा गाउने गर्थिन् । उनले सन् २००३ मा फ्रान्समा सम्पन्न अन्तर्राष्ट्रिय कवितामहोत्सवमा पनि भाग लिएकी थिइन् ।

विदेश घुम्ने क्रममा वानीराले चीन (हङ्कङ), थाइल्यान्ड, सिङ्गापुर, पाकिस्तान, बङ्गलादेश, जापान, इटाली, रूस, फ्रान्स,

नर्वे, नेदरल्यान्ड, डेनमार्क, स्विट्जरल्यान्ड, बेलायत आदि मुलुकहरूको भ्रमण गरेकी थिइन् ।

•

नेपाली भाषासाहित्यमा वानीरा गिरीले आफ्नै मौलिक रूपरङ्ग र आफ्नै सिङ्गो साहित्यिक जगत् नै स्थापना गरेको पाइन्छ । उनको मौलिक चिन्तन र जीवनदर्शनबारेको सृजनालाई देशदेशान्तरमा पुऱ्याउने हेतुले नेपाली भाषाबाट उनका कृति अङ्ग्रेजी, हिन्दी, बाङ्गला, उर्दू, जापानी आदि भाषामा अनुवाद गरिएका छन् ।

नेपाली साहित्यबाहेक नेपाली संस्कृति र कलाका क्षेत्रमा पनि वानीराले आफ्नो गच्छे रोपेकी छिन् । उनको कलात्मक शैलीले नेपाली संस्कृतिमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । जुनजुन संस्थामा उनका गोडा टेकिए, त्यहाँत्यहाँ उनको आफ्नो पहिचान स्थापित भएको पाइन्छ । कुनै पनि संस्थामा रहँदा उनले आफ्नो नैतिकता, आफ्नो सीप र आफ्नो जागरण बराबरी रोपेकी हुन्छिन् ।

•

वानीरा गिरीकै पहलसमेत जोडिएर 'नारायण गोपाल सङ्गीत कोष'को स्थापना भएको थियो । स्वरसम्राट् नारायण गोपालको सम्पूर्ण सम्पत्ति यही कोषमा खन्याएर निजकी पत्नी पेमला गुरुवाचार्यले 'नारायण गोपाल सङ्गीत कोष'को स्थापना गरेकी थिइन् । अनि यो संस्थाको स्थापनामा पनि डा.गिरीकै गुरुतर भूमिका जोडिएको थियो । यस संस्थाको स्थापनाकालमा उनी कार्यकारी सदस्य थिइन् र पछि उनले महासचिव हुँदै अध्यक्षको कार्यभार पनि सम्हालिन् ।

•

वानीरा गिरीको नेपाली चित्रकलामा पनि गहिरो रुचि देखिन्छ । चित्रकलाको महिमामा उनको स्वभाव झाँगिएको छ ।

साथै चित्रकारको गरिमा बढाउने कार्यमा पनि उनको विशेष रुचि देखिन्थ्यो । नेपाली चित्रकारहरूको संवर्धनका लागि स्थापित 'नेपाल कला परिषद्'मा पनि उनले कार्यकारी सदस्यको रूपमा उपस्थिति जनाइन् । सङ्गठनात्मक गतिविधिकै सन्दर्भमा डा.वानीरा 'बीपी कोइराला नेपाल भारत फाउन्डेसन'को बोर्ड अफ डाइरेक्टर पनि भएकी थिइन् ।

•

नेपाली वाङ्मयमा वानीरा गिरीको आफ्नै आकाशको स्थापना भएको छ । चाहे साप्ताहिक पत्रिकाबाट होस्, चाहे मासिक साहित्यिक पत्रिकाबाट होस् र चाहे कृतिगत लेखनबाट होस्– उनले आफ्नै आयामका सृजनात्मक रचनाबाट आफ्नो श्रीवृद्धि गरेकी छिन् । त्यसैले उनीसँग व्यक्तिगत मतमतान्तर भएका स्रष्टाहरू पनि भन्ने गर्छन्– 'समकालीन पुस्तामा वानीराको जोडाका रूपमा एउटै वानीरा मात्र देखा परेकी छिन् ।' वास्तवमा अहिलेको नेपाली साहित्यको नारी संसारमा उनैले शीर्षस्थ साहित्यिक उँचाइ प्राप्त गरेकी छिन् । आजको नेपालमा दलगत स्वार्थ र सङ्कीर्ण राजनीतिक घेराका कारण श्रीखण्ड खुर्पाको बिँडमा र खुर्पाको बिँड श्रीखण्डको स्थानमा राखिए तापनि श्रीखण्डले जहाँसुकै भएर पनि मगमगी वासना छरिरहेकै हुन्छ । त्यसैले वानीरा गिरीले पनि नेपाली भाषासाहित्यमा आफ्नो अस्मिता, धर्म र कर्तव्यलाई छोडेर राजनीतिज्ञको दैलोमा ढुक्नुपरेको छैन भन्ने विद्वत्मत देखिन पुग्छ ।

# वानीराको प्रेम र विवाह

वानीरा सानैदेखि सुन्दरी, शिष्ट र सौम्य थिइन् । स्वाभिमान उनको जीवनको एउटा नैसर्गिक प्राप्ति थियो । बाल्यकालदेखि नै उनको शिर अनायासै कसैसँग पनि झुकेन । साथै उनी हरेक व्यवहारमा प्रस्ट थिइन् । उनीभन्दा साना, समकालीन र ठूला मान्छेहरू पनि उनीप्रति सद्भाव राख्थे । अनि उनका समकालीन किशोर तथा युवाहरूले उनलाई मन पराउनेको पनि ताँती भेटिन्थ्यो । स्कुल पढेदेखि नै उनीसमक्ष प्रेमप्रस्ताव राख्ने युवा पनि थिए । उनका हातमा त्यस बेला प्रेमपत्रहरू पनि परिरहन्थे । उनी त्यस बेला आश्चर्यचकित पनि हुन्थिन् । वास्तवमा, एउटी केटीलाई यतिका धेरै प्रेमपत्र आउँछ भन्ने बेहोरा उनको कल्पनाबाहिरको कुरा थियो ।

सानैमा वानीरालाई उनकी फुपू पर्नेले पुरुषजातिप्रति सावधान पार्दै भनेकी थिइन्– 'पुरुषले स्त्रीलाई एउटा सुपारीको कुट्को पनि कुनै स्वार्थबेगर दिएको हुँदैन । त्यसैले तिमीले पुरुषसँग सधैँ होसियार बन्नू, सानी !' यसै कारणले पनि उनले सधैँ पुरुषबारे आफूलाई चनाखो बनाएर सतर्क राखिरहिन् ।

•

वानीरा गिरी कोलकाता र खर्साङका कलेजमा पढेताका पनि वानीरालाई प्रेम दर्साउने युवाहरूको खडेरी परेको थिएन । साथै कुनै युवाहरूले बराबर प्रेमपत्र पनि लेख्ने गर्थे । तर उनले हाँसखेल

र ठट्टा तथा रमाइलोबाटै आफूसमक्ष आएका प्रेमप्रस्तावलाई सर्लक्कै एकएक गरेर पन्छाउने गर्थिन् ।

यौवनावस्थाको माधुर्यले छोएकै बेला वानीरा गिरीले आफ्नी भाउजूमार्फत शङ्कर गिरीको फोटो दार्जिलिङमा नै देखेकी थिइन् । उनको दिल त्यसै बेलादेखि त्यही फोटोमा बसिसकेको थियो । शङ्कर गिरी भनेका उनकी भाउजूका नातेदार हुन् । त्यही कारणले पनि उनको किशोर मन शङ्कर गिरीप्रति आकर्षित भएको थियो ।

इन्दिरा गिरी एक पटक नेपाल आउँदा उनले त्यस बेला सोभियत रूसमा इन्जिनियर पढ्दै गरेका दाजु (आफ्नी फुपूको छोरो) शङ्कर गिरीको फोटो लिएर खर्साङ गएकी थिइन् । त्यसै बेला वानीराले त्यस फोटो पहिलो चोटि देखेकी थिइन् । त्यही फोटो देख्नासाथ वानीराको आँखा र मन त्यसैमा टाँस्सिरह्यो । अनि उनले आफ्ना भावी महादेवको परिकल्पनामा आफूलाई भुलाउन थालिन् । तर त्यो फोटो देख्नुअघि उनले शङ्कर गिरीको नाउँसम्म पनि सुनेकी थिइनन् ।

वानीराले फोटो हेरेपछि आफ्नी भाउजू इन्दिरासँग फोटोवालाको सबै विवरण क्रमश: माग्न थालिन् । इन्दिराले पनि शङ्कर गिरीको बारेमा आफूले जानेबुझेअनुसार खुटैखुट भन्न थालिन् । अनि त झन् वानीराको दिनरातका पलहरू शङ्कर गिरीकै विषयमा केन्द्रित हुन थाले । उनी झन्झनै शङ्करप्रतिको एकोहोरो मायामोहमा डुब्न थालिन् ।

वानीरा काठमाडौँ प्रवेश भएपछि पनि उनको रूप, यौवन र विद्वत्ताका कारण प्रेमी युवाहरूका प्रेमपत्रहरू र प्रेमप्रस्तावहरूले बाटो छेकिरहन्थ्यो । तर उनले आफ्नो खुट्टालाई बलियो पारेर टेक्न छोडेकी थिइनन् । वास्तवमा उनको मस्तिष्क र हृदयमा एउटै व्यक्तिको मात्र झल्को आइरहन्थ्यो, एकै व्यक्ति मात्र दह्रो भएर उभिएका थिए; अनि ती व्यक्ति उनै शङ्कर गिरी थिए ।

•

वानीराले एम्ए पढेताका उनको भेट मीना आचार्यसँग भयो । त्यति बेला मीना पनि रूसमा नै पढ्थिन् । मीना र शङ्कर गिरीको रूसमा भेटघाट भइरहने सङ्केतको वानीराले केही छनक पाएकी थिइन् । त्यसैले उनले मीनालाई भेटेरै सोधेकी थिइन्– 'शङ्कर गिरीको कसैसँग प्रेमप्रसङ्ग छ होला ?' वानीराको प्रश्नमा आचार्यले जबाफ खन्याएकी थिइन्– 'शङ्कर गिरीको प्रेमप्रसङ्गको चर्चा त पहिलापहिला मैले प्रशस्तै सुनेकी हुँ । तर अहिले मैले त्यति सारो सुनेकी छैनँ ।' आचार्यले बोलेका अन्तिम शब्द अर्थात् 'तर अहिले मैले त्यति सारो प्रेमप्रसङ्गका कुरा सुनेकी छैनँ' ले वानीरालाई त्यस बेला केही राहत दिने प्रयास गरेको थियो । त्यसपछि पनि वानीराले पुन: शङ्कर गिरी प्राप्तिका लागि नै अर्चना गरिरहिन् ।

•

शङ्कर गिरी इन्जिनियर पढ्न रूस गएका थिए । त्यस बेला राजा महेन्द्रको सद्भावनाबाट उनले रूस पढ्न जान पाएका थिए । रूसी सरकारबाट नेपाल सरकारलाई प्राप्त पन्ध्रओटा इन्जिनियरको सिटमा जाने गिरीको समूह प्रथम थियो ।

•

वानीराले एम्ए पढेताका वानीरा गिरी र शङ्कर गिरीको भेट काठमाडौँमा भएको थियो । कुरा के भने, एक दिन वानीरा कलेज जाँदै थिइन् । त्यति बेला उनको कलेज त्रिपुरेश्वर जाने बाटो पुतलीसडक भएर थियो । उनी सडकमा हिँडिरहेका बेला उनका आँखा पुतलीसडकस्थित पशुपति गिरीको डेराको झ्यालमा ठोक्किन पुगे । त्यहाँ एउटा सुन्दर युवक झ्यालबाट टाउको बाहिर निकालेर दाँत माझ्दै थिए । ती युवकलाई देखेपछि वानीरालाई त्यति बेला अलि अनौठोजस्तो लागेको थियो । त्यस दिनभरि नै पशुपति गिरीका

झ्यालमा त्यसरी देखिएका नयाँ युवक को होलान् भन्ने प्रश्नले उनको मनलाई आन्दोलित पारिरह्यो । आफूले भाउजूबाट पाएको तस्बिरमा भएको व्यक्ति र उक्त झ्यालमा देखिएको व्यक्तिको समानताप्रति वानीरा सचेत भइन् । अनि उनले अड्कल काटिन्– 'मैले झ्यालमा देखेको मान्छे पक्कै त्यही फोटोवाला शङ्कर गिरी नै हुनुपर्छ ।' अनि यसै क्रममा शङ्कर गिरीले पनि एउटी नेपाली बौद्धिक सुन्दरीसँग पहिलोपल्ट गहिरिएर दृष्टिपान गरेका थिए ।

वानीरा कलेजमा पुगे पनि त्यस दिन उनको मन चञ्चल भइरह्यो । ती पलहरूमा उनको हृदय शङ्कर गिरीकै शारीरिक बनोटमा केन्द्रित भइरहेको थियो ।

वानीरा कलेजबाट आफ्नो डेरामा आउँदा पनि शङ्कर गिरीकै प्रसङ्ग उनका मनमस्तिष्कमा टाँस्सिइरहेको थियो । उनी आफ्नो डेरामा आएका बेला घरको आँगनमा एक जना सुपरिचित मान्छे बसिरहेका थिए । अनि उनले भने– 'म नानीलाई नै पर्खेर बसिरहेको हुँ । नानीले आजै दिउँसो २ बजे मेरो घरमा चिया खान आइदिनुपऱ्यो ।'

वानीरा निम्ता मान्न निर्दिष्ट समयमा हात्तीसार पुगिन् । त्यतिखेर आफूले हेर्दै आएको फोटोको मान्छे अर्थात् त्यसै बिहान नाइटसुट लगाएर झ्यालबाट टाउको निकालेर दाँत मोल्ने मान्छे पनि त्यहीँ बसेको उनले प्रत्यक्ष देखिन् । उनले कोल्टे शिर पारेर हुन्छ कि कोल्टे आँखाले हेरेर हुन्छ शङ्कर गिरीलाई नै हेर्न चाहिरहिन् । वास्तवमा त्यतिखेर उनका लागि उनको जीवनको त्यो सार्थक क्षण थियो । साथै आफ्नो अर्को जीवनको आरम्भ नै पनि यही समय भएको उनले महसुस गरिरहेकी थिइन् ।

•

वानीरा गिरी र शङ्कर गिरीको प्रथम भेटका अवसरमा शङ्करले आफ्नो पैन्टको गोजीबाट क्राइभेन चुरोट निकालेका

थिए । अनि चुरोटको बट्टाबाट चुरोटको खिल्ली अलिकति बाहिर निकालेर शङ्करले वानीरालाई दिँदै भनेका थिए– 'चुरोट लिनुहुन्छ ?' त्यस संवाद र व्यवहारबाट वानीरालाई असजिलो पनि लागेको थियो । तर वानीराले तुरुन्तै नमस्कार गरेर चुरोट अस्वीकार गरेकी थिइन् ।

त्यसपछिका दिनहरूमा वानीरा गिरी र शङ्कर गिरीको प्रायः सम्पर्क भइरहने गर्थ्यो । त्यसै क्रममा एक दिन शङ्कर गिरीले वानीरालाई नयाँसडकको इन्दिरा होटलमा चियाचमेनाका लागि निम्ता दिएका थिए । त्यस बेलासम्म वानीराका पछि लाग्ने धेरै युवाहरूले पनि त्यस दृश्यलाई राम्ररी देखेका थिए । वानीराका समकालीन साहित्यकारहरूको भ्रमको पर्दा इन्दिरा होटलले त्यस दिन च्यात्न पनि केही मद्दत गरेको थियो ।

शङ्कर गिरीले वानीरा गिरीलाई डुलाएको दृश्य देखेर उनका पछि लाग्ने युवाहरूले त्यसपछि आआफ्नो बाटो तताउन पनि थालेको बेहोरा वानीराका लागि नौलो थिएन । कति जना युवाहरूको वानीरालाई हात पार्ने मनको रहर रहरैमा दिवास्वप्नझैँ भएर बिलाएको बेहोरा पं.श्यामदास वैष्णवबाट पनि जानकारी पाइयो ।

काठमाडौँ सहरबासी चल्तापूर्जा साहित्यकारमाझ वानीरा गिरी पनि अति महत्त्वपूर्ण युवतीमा दरिएकी थिइन् । उनी टकटकाउँदी, झरझराउँदी र सुन्दरी थिइन् । उनको त्यो बैँस, रूप र बौद्धिक चेतनाबाट धेरै युवाहरू लोभिएका थिए । तर शङ्कर गिरीले वानीरालाई घुमाउन थालेपछि उनीहरूसँग वानीरा क्रमशः टकटकिन थालिन् ।

वानीरा र शङ्कर गिरी नयाँसडकतिर घुम्न जाने क्रम पनि नित्यरूपमा हुन थालेको थियो । त्यति बेला उनीहरूको जिन्दगीमा स्वर्णिम जलपका दृश्यहरू देखिन्थे । उनीहरू एकार्काबीच मीठा

बात मारेर प्राय: थाक्तैनथे । उनीहरू प्राय: सधैँजसो हिँडेर डिल्लीबजारबाट एक पटक नयाँसडक पुग्नैपर्थ्यो; दैनिक रूपमा त्यसै परिवेशमा वानीरालाई मन पराउनेहरू लुकीलुकी त्यो दृश्य हेर्थे र मरिचझैँ चाउरिन्थे भन्ने सत्य बेहोराको साक्षी प्रा.ठाकुर पराजुली पनि भए ।

वानीरा गिरी र शङ्कर गिरीको प्रत्यक्ष प्रेमचक्कर झन्नै दस महिना चलेको थियो । उनीहरूले विवाह गर्ने फैसला पनि गरे । अनि वानीराले शङ्कर गिरीसमक्ष एउटा प्रस्ताव राखेकी थिइन्– 'जन्ती लिएर खर्साङ नै आउनुपर्छ र मलाई डोली चढाउनुपर्छ ।' शङ्कर गिरीले पनि आफ्नी प्रेमिकाको कुरामा आफ्नो बूढी औँला थिचेका थिए ।

शङ्कर गिरी वानीराजस्ती तनकी सुन्दरी र बौद्धिक सुन्दरीसँग बिहे गर्ने कुरामा साह्रै खुसी त थिए । तर यसै प्रसङ्गमा उनी घोत्लिएर सोच्न पनि थाले– 'वानीरा गिरी बिछट्टै राम्री त हुन् । यतिकी सुन्दरी केटी मैले नेपालमा देखेकै छैन भने पनि हुन्छ । फेरि उनी अति कडा छिन् भन्ने पनि सुनियो । यस्ती अरिङ्गालजस्तो कडा स्वभावकी केटीसँग कसरी टिकौँला ? हाम्रो जीवन कहिलेसम्म चल्ला ?' यस्तै तर्कनामा उनी बेलाबेला झसङ्ग पनि हुने गर्थे ।

हुन त शङ्कर गिरीलाई भारतबाट तिलकसहितका कन्या दिन धेरै धनाढ्यहरू आएका थिए । तर उनलाई वानीरा नै मन पर्‍यो । साथै वानीराका लागि पनि मरिमेट्ने धेरै युवाहरू थिए । तर उनलाई पनि शङ्कर गिरी नै मन पर्‍यो । उनीहरूको एकार्काप्रतिको आकर्षण र समर्पणले नै उनीहरूको लगनगाँठो कसिने भयो ।

शङ्कर गिरीका लागि वानीरा नै जीवनको सर्वस्व चुनिइन् । त्यसैले उनी तिनै आफ्नो अर्धस्वरूपलाई लिन जन्तीहरूका साथ २०२३ साल फागुन २२ गते खर्साङ पुगे । त्यसै दिन उनले वानीराको सिउँदो सिन्दूरले सजाइदिए, गलामा पोते पहिराइदिए र हातमा चुरा

भरिदिए । अनि त्यसै साँझदेखि 'वाश'को दाम्पत्यजीवन औपचारिक भएको थियो ।

खर्साङबाट गिरीदम्पती जन्तीहरूसँगै सिलिगुडीसम्म बसमा आएका थिए । सिलिगुडीबाट उनीहरू जनकपुरसम्म रेलमा आए । त्यतिखेर बेहुला र बेहुलीचाहिँ रेलको प्रथम श्रेणीको कक्षमा थिए । शङ्कर गिरीका बुबाले उनीहरूलाई मानपूर्वक एयरकन्डिसन भएको बेग्लै बग्गीमा राखिदिएका थिए ।

रेलस्टेसन जनकपुरबाट बाजागाजासहित हिँडाएर नै जन्तीका साथ वानीरालाई घर भित्र्याइएको थियो । रेलस्टेसनबाट उनका दुलहाको घर मिल एरिया पुग्न एक किलोमिटरको बाटो थियो ।

वानीराका बूढाससुरा डिठ्ठा गौरीनारायण गिरीले पनि त्यस बेला भनेका थिए– 'हाम्रो परिवारमा उच्च शिक्षित बुहारी वानीरा नै पहिलो हुन् । साथै हाम्रा घरमा अहिलेसम्म साहित्यकार पनि कोही थिएनन् ।' उनी पनि आफ्नी नातिनी बुहारीप्रति अति नै गर्व गर्थे । वानीरा गिरी नयाँ दुलही भएर घर आउँदा उनलाई उनका ससुरा जगतलाल गिरी र सासू रत्नमाया गिरीले धेरै माया गरेका थिए ।

वानीरा जनकपुर आएपछि उनका ससुरा र सासूले आफ्नो घर उज्यालो भएको ठाने । उनीहरूले त्यसै बेला भन्ने गरेका थिए– 'हाम्रो घरमा लक्ष्मी र सरस्वतीको वास छ ।' त्यति मात्र होइन; उनका ससुरा घरपरिवारका माझ बराबर भन्ने गर्थे– 'तिमीहरूले वानीरालाई बुझेकै छैनौ र सायद, बुझ्न पनि सक्तैनौ । अझ वानीराको प्रतिभा त तिमीहरूले चिन्नै सक्तैनौ ।'

•

शङ्कर गिरी र वानीरा गिरीले वैवाहिक जीवन आरम्भको सुखद क्षण जनकपुरको आफ्नै घरमा मनाए । सात दिन जनकपुरमा बसेपछि हवाईजहाजबाट उनीहरू काठमाडौँ आए । त्यसपछिका केही

दिनहरू उनीहरूले काठमाडौँ सहरमै मधुमास मनाउन थाले । अनि प्रन्ध्र दिनपछि वानीरा एम्‌ए पढ्न कलेज धाउन थालिन् भने शङ्कर गिरी सडक विभागतिरको काममा खटिन थाले । त्यस बेला शङ्करले भरखरै सडक विभागको इन्जिनियर पदमा रही सेवा प्रवेश गरेका थिए ।

•

शङ्कर गिरी बिहेपूर्व आफ्ना काका पशुपति गिरीको डेरामा अडेस लागेका थिए । नेपाल उद्योग वाणिज्य सङ्घका अध्यक्ष पशुपति गिरी समाजसेवामा पनि चर्चित थिए । उनी नरम, दयालु र परोपकारी थिए । यति हुँदाहुँदै पनि शङ्कर गिरीलाई पत्नीसहित काकाको डेरामा टेको लाग्न मन लागेको थिएन । त्यसैले उनले पुतलीसडकमा डेरा लिए । अनि यी दम्पती मनमौजी आफ्नै संसारमा रम्न थालेका थिए ।

वानीरा गिरीका पति शङ्कर गिरी वानीराका पथ हुन् । वानीराका हरेक क्षणहरूमा उनका पतिले जलपाती समर्पण गरिरहे । त्यसैले वानीराले आफ्नो जीवनलाई झन्झन् खार्दै जाने काम पनि गरिन् । एक छोरा अपूर्व तथा एक छोरी अपराजिताका माझमा उनले लेखेरै सारा पृथ्वीमा आफ्नो वर्चस्व स्थापित गरिरहिन् । आफ्नो प्राध्यापकीय जीवन र साहित्यिक परिवेश गाँस्तैगाँस्तै वानीरा गिरी नेपाली भाषासाहित्यकी समकालीन पुस्ताकै शिखरस्रष्टा मानिइन् ।

# वानीराका सन्तान

वानीरा गिरीले बिहे गरेको चार वर्षभित्रै आमा बन्ने सौभाग्य प्राप्त गरेकी थिइन् । उनले काठमाडौँको प्रसूतिगृहमा सर्वप्रथम छोरीको नै अवतरण यस धर्तीमा गराएकी थिइन् । उनले त्यस छोरीको नाउँ अपराजिता राखिन् । अपराजिताको जन्म काठमाडौँमा २०२७ चैत २ गते भएको थियो ।

अपराजिता पनि सानैदेखि तीक्ष्ण प्रतिभाले भरिएकी थिइन् । तर उनी केवल पढाइमा मात्र केन्द्रित थिइन् । उनले खर्साङको सेन्ट हेलेन्स स्कुलमा प्राथमिक स्कुल पढिन् । त्यसपछि उनले नेपालबाटै एसएलसी पास गरिन् । अनि उनले रत्नराज्यलक्ष्मी क्याम्पसबाट पत्रकारिता विषयमा आईए पास गरिन् । त्यसपछि उनले छात्रवृत्तिअन्तर्गत पाकिस्तानको कराँची विश्वविद्यालयबाट पत्रकारितामा नै बीए पढिन् ।

अपराजिता बीए पास गरेर अमेरिका गइन् । उनी उतै इन्जिनियर उमेशचन्द्र पुरीसँग वैवाहिक जीवनमा बाँधिइन् । साथै उनले पनि त्यहाँ कम्प्युटर इन्जिनियरिङ पढिन् । तर उनी आफूले पढेको विद्यामा आधारित भई पेसामा भने सरिक भइनन् । बरु उनले त्यहाँ रेस्टुराँ (सब वे) व्यवसाय गरिन् । त्यसै पेसाबाट उनले धूमधामसँग प्रगति पनि गरिन् । साथै यी दम्पतीबाट एउटी छोरी र एउटा छोरा जन्मे । उनीहरूको नाउँ सवानी र स्पेसल राखियो ।

वानीरा गिरीका छोरा अपूर्वको जन्म २०३० असोज ६ गते काठमाडौँमा भएको थियो । उनको शिक्षा खर्साङको गोथल्स स्कुलमा भयो । उनले प्रारम्भिकदेखि एसएलसीसम्म त्यहीँ पढे । त्यसपछि उनले भारतकै सिलोङस्थित सेन्ट एन्थोनी कलेजबाट आईएस्सी पास गरे । अनि उनी सिभिल इन्जिनियरिङ पढ्न बेङ्लोर गए र त्यहीँबाट आफ्नो इन्जिनियरिङ डिग्री हातमा लिएर नेपाल फर्के ।

अपूर्वको विवाह २०५७ सालमा काठमाडौँनिवासी डा.डोमा सेङ्बो लामासँग भयो । अपूर्व र डोमाका जुल्याहा छोराहरू जन्मिए । उनीहरूको नाउँ आदि र अनादि राखियो ।

अपूर्व र डा.डोमा सेङ्बो बाबुआमासमेतको मतोमा आफ्ना छोराछोरी लिएर संयुक्तराज्य अमेरिका गए । त्यहाँ गएर उनीहरू आआफ्नो विद्या आर्जन गरेकै पेसामा जुटे ।

# वानीरागृह

२०३६ सालको कुरा हो; त्यस बेला वानीरा गिरी घर बनाउने जग्गा खोज्दै काठमाडौँका छेउभित्तामा छ्यापछ्याप्ती हिँडेकी थिइन् । उनले त्यस बेला जग्गा खोज्नलाई धेरै पसिना पनि बगाउनुपरेको थियो । जग्गा धेरै ठाउँमा भेटिए तापनि उनको मनले कुनै पनि जग्गा रोज्न भने सकेको थिएन । अन्ततः उनी जग्गा खोज्दै बानेश्वरको मीनभवन क्याम्पसको हाराहारीमा पुगिन् ।

मीनभवनदेखि करिब एक सय मिटर दक्षिणपट्टिको ओरालोमा पनि उनलाई जग्गा देखाइएको थियो । जग्गा देख्नेबित्तिकै उनको आँखा र मनले त्यस जग्गालाई रोजेको थियो । वास्तवमा उक्त जग्गा देख्नासाथ उनलाई खर्साङको सम्झना आएको थियो । अनि कसैले बेच्न ठीक पारेको करिब तीन रोपनी उक्त जग्गा उनले किनिन् । उनीहरूले एकलासमा जग्गा किनेपछि केही वर्ष त्यस ठाउँमा घर बनाउन हिम्मत गरेनन् । त्यति बेला त्यस जग्गावरिपरि स्यालका बथान हिँड्थे । त्यहाँ बिहान बेलुका स्याल कराएर उधुम मच्चाउँथे । त्यस ठाउँमा साँझबिहान एक्लैदुक्लै हिँड्न पनि प्रायः उनीहरूलाई कठिन पर्थ्यो ।

जग्गा किनेको सात वर्षमा उनीहरूले त्यहाँ 'वाश' अर्थात् वानीरा–शङ्करगृह बनाएका थिए । वानीराको फर्मायसी खर्च गर्ने बानी थिएन । उनी किफायती तरिकाले खर्च व्यवस्थापन गर्न सिपालु थिइन् । घरखर्च गरेर आफूसँग बचेको पैसाको सुन किन्ने

उनको चलन थियो । त्यस्तै उनले आफूसँग भएको अलिअलि पैसा जग्गा किन्नमा पनि खर्च गर्थिन् । तिनै जग्गाको भाउ वृद्धि भएपछि सोको बिक्रीपछि वर्तमान जग्गा किन्न उनी समर्थ भएकी थिइन् । उनको सञ्चित गर्ने बानीले गर्दा उनलाई गृहनिर्माण गर्न सुविधा पुऱ्याएको थियो । वाशगृह निर्माणको केही समयअघि नै भीमबहादुर बोटे नाउँ गरेको एउटा बाह्र वर्षजतिको केटो उनीहरूको संरक्षणमा बस्न आएका थिए । त्यसै समयदेखि वानीरा गिरी र शङ्कर गिरीको सेवार्थ भीमबहादुर एकनास रूपले वाशगृहमा रहे । यिनै बोटेले सधैँ गिरीदम्पतीका घरको गृहकार्य सम्हाले र सम्हालिरहे । भीमबहादुरले पनि यही घरमा घरजम गरे । बोटे दम्पतीले दुई छोरी बुलु र बेबी पनि जन्माए । वास्तवमा माफ्ीको पदार्पण भएपछि क्रमश: वानीराले आफ्नो घरमा कहिल्यै चुलोचौको गर्नु पनि परेन ।

बौद्धिक सुन्दरी, मनकी सुन्दरी र तनकी सुन्दरी वानीरा अन्तत: धनकी पनि सुन्दरी बनिन् । उनले काठमाडौँको बानेश्वरस्थित मीनभवनमा एउटा भव्य, आकर्षक र राम्रो घर ठड्याइन् । वास्तवमा वैवाहिक जीवनमा गाँसिएपछि उनको जीवनमा कहिल्यै पनि आर्थिक सङ्कट आएन । त्यति मात्रै होइन, उनका छोराबुहारी र छोरीज्वाइँ पनि सम्पन्नताकै शिखरमा आरोहित छन् ।

# वानीराको सम्मान र रथारोहण

डा.वानीरा गिरीले त्रिमूर्ति निकेतनबाट गठित 'विश्व नारी नेपाली साहित्य सम्मेलन'बाट २०६९ सालमा 'नेपाली साहित्यका विश्व नारी रत्न' उपाधिको घोषणाको सूचना पाइन् । यसअघि नै उनी प्रबल गोरखा दक्षिणबाहुबाट पनि विभूषित भएकी थिइन् । उनी महेन्द्र विद्याभूषण प्रथम र रत्नश्री स्वर्णपदकबाट पनि सम्मानित स्रष्टा थिइन् । साथै उनले सैन्यध्वज नन्दकुमारी पुरस्कार पाएकी थिइन् । उनले नेपाल राजकीय प्रज्ञापदक, रत्नश्री स्वर्णपदक, लोकप्रिया पुरस्कार र नेपाल सरकारबाट भानुभक्त पुरस्कार, भानुभक्त स्वर्णपदक र देवकोटा पुरस्कार पनि पाइन् । अनि साझा पुरस्कार पाउनेचाहिँ उनी प्रथम नारीस्रष्टामा गणना भइन् । साथै उनले अमेरिकाबाट इन्टरनेसनल भिजिटिङ फेलोसिप पनि पाएकी थिइन् ।

वानीरा गिरीले विश्व रङ्गमञ्चको साहित्यिक यात्रामा अति विशिष्ट सम्मान पनि पाइन् अर्थात् उनी नेपाली साहित्यका विश्व नारी रत्न भइन् । त्यो सम्मान घोषणाको सूचना सुनेपछि उनले भनेकी थिइन्– 'अब मलाई जीवनमा केही चाहिँदैन । मलाई 'नेपाली साहित्यका विश्व नारी रत्न'को उपाधिले सुशोभित गरिएको छ । म विश्वभरका नेपाली समाजप्रति कृतज्ञ भएँ ।'

त्रिमूर्ति निकेतनद्वारा गठित 'विश्व नारी नेपाली साहित्य सम्मेलन'को पूर्ण बैठकले डा.वानीरा गिरीलाई पाँच लाख रुपियाँ राशिसहित 'नेपाली साहित्यका विश्व नारी रत्न'ले सम्मान गर्ने निर्णय गरेको हो ।

डा.वानीरा गिरी नेपाली भाषामा कविता, कथा, उपन्यास, निबन्ध, समालोचना र अन्वेषणमूलक प्रबन्धलेखनकी नारीचुली हुन् । नेपाली साहित्यमा विद्यावारिधि गर्ने प्रथम नारी पनि उनै भइन् । साथै नेपाली साहित्यको प्रतिनिधित्व गरेर 'अफ्रो एसियाली लेखक सम्मेलन'मा भाग लिन सोभियत रूस पुग्ने दोस्रो व्यक्ति अर्थात् प्रथम नारीस्रष्टा वानीरा गिरी नै भइन् । यसका साथै विश्वका विभिन्न मुलुकका साहित्यिक सभासम्मेलनहरूमा नेपालको प्रतिनिधित्व गरेर वानीराले विश्वमाझ नेपाल राष्ट्रको कीर्ति राखेको पाइन्छ । अर्कोतिर विश्वका विविध भाषामा स्वदेशी एवम् विदेशी नागरिकबाट वानीराका कृतिहरू अनुवाद हुनुले पनि नेपाली साहित्यको महिमा देशदेशान्तरमा फैलाउने हालसम्मकी एक मात्र नारी प्रतिभा डा.वानीरा गिरी नै देखिएकी छन् ।

'एक्काइसौँ शताब्दीको विश्वव्यापीकरणको युग सुहाउने कार्यका रूपमा नेपालीका अतिरिक्त विश्वभर छरिएर रहेका नेपाली नारीस्रष्टाका प्रेरणास्वरूप डा.वानीरा गिरीलाई 'नेपाली साहित्यका विश्व नारी रत्न'को उपाधि प्रदान गरिनु समयसापेक्ष भएको सत्य स्वीकार गर्दै 'विश्व नारी नेपाली साहित्य सम्मेलन'ले यो निर्णय गरेको हो ।

डा.वानीरा गिरीजस्ता प्रतिभाको जन्मले राष्ट्र नै गौरवान्वित हुन्छ । विश्व रङ्गमञ्चमा नेपाल राष्ट्रको गौरवगाथा गाउने व्यक्ति डा.वानीरा गिरी नै हुँदै आएकी छिन् । यस अर्थमा वानीरा गिरीलाई 'नेपाली साहित्यका विश्व नारी रत्न' उपाधि प्रदान गरेर नेपाली माटोले गुणग्राही धर्म निर्वाह गरेको छ ।

डा.वानीरा गिरी नेपाली भाषासाहित्यकी विशिष्ट स्रष्टाको नाउँ हो । आधुनिक नेपाली साहित्यमा उनको नाउँले एकछत्र प्रतिनिधित्व गरेको पाइन्छ । नेपाली साहित्यको अन्तर्राष्ट्रिय विस्तारमा समेत उनैको प्रमुख आकर्षण रहेको छ । उनी स्वयम् उच्चस्तरीय

स्रष्टा हुन् । उनको नाउँको सुभाषलाई अझ चम्काउने काम त्रिमूर्ति निकेतन र नइ प्रकाशनले पनि गरेको छ ।

२०७१ साल नेपाली नारी साहित्यकारका लागि ऐतिहासिक पर्वको वर्ष थियो । त्यसै वर्षको जेठ १५, १६ र १७ गते 'विश्व नारी नेपाली साहित्य सम्मेलन' राजधानी काठमाडौँमा आयोजना भएको थियो । नेपाली नारी साहित्यको इतिहासमै उक्त सम्मेलन सर्वप्रथम भएको थियो । प्रा.डा.उषा ठाकुरका अनुसार 'त्यति विशिष्ट, त्यति भव्य र त्यति विशाल नारी साहित्यिक सम्मेलन नेपाली परिवेशमा भएकै थिएन ।' त्यस सम्मेलनको प्रमुख आकर्षणका केन्द्रका रूपमा अति विशिष्ट नारीस्रष्टाका रूपमा डा.वानीरा गिरी रहेकी थिइन् ।

प्रा.डा.गार्गी शर्माको अध्यक्षतामा गठित 'विश्व नारी नेपाली साहित्य सम्मेलन'ले नेपाली परिवेशमा बेग्लै रौनक प्रदान गरेको थियो । वास्तवमा सो सम्मेलनमा बीस देशका नारीस्रष्टाहरूको प्रत्यक्ष सहभागिता थियो । विश्वमा छरिएर रहेका नेपाली नारीस्रष्टाहरू उपस्थित भएर नेपाली साहित्यमा नवीन स्वादको विशिष्ट अनुभव सँगालेका थिए । त्यतिखेर त्यो साहित्यिक पर्वका विविध उद्देश्यहरू थिए । ती मुख्य कार्यहरूमध्ये वानीरा गिरीलाई 'नेपाली साहित्यका विश्व नारी रत्न' उपाधिद्वारा विभूषित गरिनु पनि अर्को एउटा महत्त्वपूर्ण कार्य थियो ।

डा.वानीरा गिरीलाई समर्पण गरिएको 'नेपाली साहित्यका विश्व नारी रत्न' उपाधिको ताम्रपत्रमा नेपाल सरकारका प्रधानमन्त्री सुशील कोइराला र उपप्रधानमन्त्री वामदेव गौतमसमेतको हस्ताक्षर रहेको छ । प्रधानमन्त्रीद्वारै प्रदत्त उक्त ताम्रपत्रमा लेखिएको छ–

'नेपाली भाषासाहित्यका क्षेत्रमा उन्नाइसौँ शताब्दीको उत्तरार्धदेखि ललितत्रिपुरसुन्दरीबाट नारीलेखनको आरम्भ भएको र नेपाली नारीको साहित्यिक यात्राले झन्डै दुई शताब्दी पूरा गरिसकेको

सन्दर्भमा नेपाली भाषासाहित्यका शीर्षस्थ नारीस्रष्टाको यस सफल यात्राको हार्दिक कदरस्वरूप डा.वानीरा गिरीलाई 'नेपाली साहित्यका विश्व नारी रत्न'को सम्मान समर्पण गरिएको छ ।

'एक्काइसौँ शताब्दीको विश्वव्यापीकरणको युग सुहाउने कार्यका रूपमा नेपालका अतिरिक्त विश्वभरिका नेपाली नारीस्रष्टाको प्रेरणास्वरूप एक जना अति विशिष्ट नारीस्रष्टालाई 'नेपाली साहित्यका विश्व नारी रत्न' पुरस्कार प्रदान गर्न भूगोलमा नेपाली भाषा बोल्ने अधिकतम स्रष्टाहरूको स्वरको कदरस्वरूप डा.वानीरा गिरीलाई 'नेपाली साहित्यका विश्व नारी रत्न'को सम्मान सगौरव समर्पण गरिएको छ ।

'नेपाली भाषामा कविता, कथा, उपन्यास, निबन्ध, समालोचना र अन्वेषणमूलक प्रबन्धलेखनकी 'नारीचुली', नेपाली साहित्यमा विद्यावारिधि गर्ने 'प्रथम नारी रत्न' तथा नेपाली साहित्यलाई अन्तर्राष्ट्रिय जगत्मा पुऱ्याउन गुरुतम भूमिका निर्वाह गर्ने प्रथम नारीस्रष्टा डा.वानीरा गिरीलाई 'नेपाली साहित्यका विश्व नारी रत्न'को सम्मानका साथ पाँच लाख रुपियाँ राशिसमेत समर्पण गरिएको छ ।'

विशिष्ट नेपाली नारी साहित्यकार वानीरा गिरीको अर्चना गर्न पाउनु पनि एउटा अर्को उपलब्धि हो । सोही लक्ष्यअनुरूप वानीरा गिरीजस्ती गरिमाशाली नारीलाई 'नेपाली साहित्यका विश्व नारी रत्न' जस्तो उच्च गरिमामय सम्मान तथा पुरस्कार सगौरव समर्पण गरिएको थियो । वानीरा स्वयम् एउटी कुशल पात्र हुन् र उपाधि पनि उक्त समयमा उनकै लागि मात्र उपयोगी थियो । त्यसैले नै उनी विश्वसामु नेपाली नारी साहित्य रत्नको मुकुट शिरोपर गर्ने हैसियतमा पुगिन् । त्यही सम्मेलन नै नेपाली भाषामा सिर्जना गर्ने नारीहरूको पनि विजय उत्सव बन्यो ।

डा.वानीरा गिरीलाई समर्पण गरिएको सम्मान, उपाधि या महासम्मानले उनी स्वयम् पनि कृतकृत्य बनेकी थिइन् । नेपाली समाजले उनको उँचाइको कदर गरेको बेहोराले उनी पुलकित भएकी थिइन् । वास्तवमा नै 'नेपाली साहित्यका विश्व नारी रत्न' पुरस्कारले उनी खुसीको सीमाबाहिर थिइन् । त्यसै परिप्रेक्ष्यमा वानीराले एउटा लिखित दस्तावेज पनि बनाइन् । उनले डा.रजनी ढकाल र तर्कना शर्माद्वारा सम्पादित ग्रन्थ 'विश्व नारीका तीन दिन' (२०७१) नामक ग्रन्थमा यसबारे मन खोलेरै लेखिन् र लेख्ने क्रमलाई अगाडि बढाइन्–

'त्रिमूर्ति निकेतनका सदस्यसचिव नरेन्द्रराज प्रसाई 'मेरी दिदी, मेरी दिदी र मेरी दिदी' तीन पटक भनेर मलाई सम्बोधन गर्छन् र म पनि त्यसरी नै 'मेरा भाइ, मेरा भाइ र मेरा भाइ' तीन पटक नै भनेर आनन्द लिने गर्दछु । मेरो भाइले नै मलाई 'विश्व नारी नेपाली साहित्य सम्मेलन'को आयोजना हुनु केही समयअघि नै नेपाली साहित्यका 'विश्व नारी रत्न' जस्तो सम्मान प्रदान गरिने कुराको जानकारी गराएका थिए । यो सुनेर म एकछिन त ऋसङ्ग पनि भएकी थिएँ । किनभने त्यो मेरो भाइसँग सातआठ वर्षअघिदेखि मेरो बोलचालको भाका पनि नवीकरण भएको थिएन । हामी एकअर्कामा बोल्न मन पनि गर्दैनथ्यौँ । तर तिनै भाइबाट मलाई त्यस प्रकारको त्यति ठूलो कुरा आउँदा मैले कति विश्वास गरेँ र कति गरिनँ, त्यो आफ्नै ठाउँमा छ । त्यसपछि मेरा प्यारा बहिनीहरू– इन्दिरा प्रसाई र उषा शेरचनबाट पनि मैले बधाई पाएपछि म केही ढुक्क भएँ तर पनि म केही दिन रनभुल्लमा परेँ । पछि त्रिमूर्ति निकेतनले पनि औपचारिक रूपमा मलाई यस किसिमको विशिष्ट सम्मान प्रदान गरिने कुरा पत्रका माध्यमबाट अवगत गराएको थियो । यसपछि मैले आफ्नै बारेमा निकै सोचेँ । मलाई लाग्यो– 'मेरा भाइ नेपाली भाषाका कति भक्त रहेछन् । उनले मलाई माया नगरे पनि मेरो साहित्यप्रति उनको कत्रो घमन्ड रहेछ ।' म त भावुक बनेँ ।

'जेठ १६ गते 'विश्व नारी नेपाली साहित्य सम्मेलन'को दोस्रो दिन र औपचारिक समारोहमा नेपाल सरकारका प्रधानमन्त्री सुशील कोइरालाबाट मलाई 'नेपाली साहित्यका विश्व नारी रत्न'ले सम्मान गरिने र उहाँद्वारा नै रथारोहण गराउने कार्यक्रम थियो । यसै परिवेशमा बिहानै म कार्यक्रमस्थल भाटभटेनीस्थित आम्रपाली ब्याङ्क्वेटमा पुगेँ । त्यहाँ ठूलो सङ्ख्यामा महिला लेखिकाहरूको जमघट थियो । लाग्दथ्यो– यहाँ ठूलो मेला लागेको छ । वास्तवमा त्यहाँ नारी साहित्यकारहरूको सोचेभन्दा निकै धेरै ठूलो मेला लागेको थियो । म त्यहाँ पुगेपछि त्यहाँ उपस्थित व्यक्तिहरूको ध्यान ममा नै केन्द्रित भएको मैले अनुभूत गरेँ ।

'विश्व नारी नेपाली साहित्य सम्मेलन'को प्राङ्गणमा पुग्दै मलाई त्यो क्षण अनौठो र उदेकलाग्दो लागिरहेको थियो । यो सम्मेलनको आयोजना भव्य, विशाल र अभूतपूर्व रहेको कुरा बताइराख्नु पर्दैन होला । प्रधानमन्त्री सुशील कोइरालाले जब यस सम्मेलनको उद्घाटन गर्नुभयो, त्यस समयमा त्यहाँ नेपाल सरकारका उपप्रधानमन्त्री तथा गृहमन्त्री वामदेव गौतम, कानुनमन्त्री नरहरि आचार्य, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त लोकमानसिंह कार्कीलगायत अन्य विशिष्ट महानुभाव, नेपाली साहित्यानुरागी एवम् नेपाली साहित्यका साधकहरूको बाक्लो उपस्थिति रहेको थियो । यही अवसरमा प्रधानमन्त्रीबाट मलाई नेपाली साहित्यको 'विश्व नारी रत्न'को सम्मान, मेरै शारीरिक कदबराबर उचाइको सप्तनागजडित काठको फ्रेममा राखिएको ताम्रपत्र तथा पाँच लाख रुपियाँ राशिको पुरस्कार प्रदान गरिएको थियो । यी सबै यथार्थ मेरा अघि आइपुग्दा म त बिपना हो कि सपना हो, ठम्याउने स्थितिमा नै थिइनँ । मलाई यो सम्मान प्रदान गरिँदै गरेको बेला मेरो छातीमा खुसीको भक्कानो फुटेको थियो र मेरा आँखाहरू त्यसैत्यसै रसाएर आएका थिए । त्यस क्षणलाई शब्दका रूपमा बताउन अहिलेसम्म पनि म असमर्थ बनिरहेकी छु ।

नेपाली साहित्यका 'विश्व नारी रत्न'को सम्मान असाध्यै ठूलो सम्मान हो । भौतिक रूपमा पनि पाँच फिट हाराहारीको अग्लो ताम्रपत्र र पाँच लाख रुपियाँ राशिको यति ठूलो सम्मान र पुरस्कार पाउने नेपाली साहित्यकार पनि म नै प्रथम हुँ । मैले एसियामा नै साहित्यमा यस्तो गरिमाशाली पुरस्कारको बारेमा आजसम्म सुनेकी पनि छैन । यसैले पनि यो पुरस्कार पाउँदा म कहिले खुसीले प्रफुल्लित भएँ, कहिले हर्षले पनि छटपटिएँ र अनि कहिले दु:खी पनि भएँ । दु:खी यस अर्थमा भएँ कि नेपाली नारीहरूले आज यति ठूलो सम्मान पाउन कति सङ्घर्ष गर्नुपर्‍यो, कति समय बिताउनुपर्‍यो, कतिकति कष्ट सहन□पर्‍यो । मैले आफ्नो मन्तव्यमा पनि बताएकी थिएँ– 'म कर्मशीलतामा विश्वास गर्ने व्यक्ति हुँ र त्यही कर्मको प्रतिफल आज मैले यो सम्मान प्राप्त गरेँ ।' साथै मैले यो पनि भनेकी थिएँ– 'यो सम्मान मेरो व्यक्तिगत सम्मान मात्र होइन; यो त सम्पूर्ण नेपाली नारी र नेपाली नारी लेखिकाको पनि उत्तिकै ठूलो सम्मान हो । यसैले यस सम्मानको विषयलाई मैले व्यापक अर्थमा लिएकी पनि छु ।'

नेपाली साहित्यका 'विश्व नारी रत्न' उपाधिको समर्पणका अवसरमा मलाई रथारोहण गराई नगरपरिक्रमा पनि गराइएको थियो । जब मलाई रथारोहण गराइयो, म छक्क मात्र परिनँ; अलिकति 'नर्भस' पनि भएकी थिएँ । मलाई रथारोहण गराउन भनेर नेपाल सरकारका प्रधानमन्त्री सुशील कोइरालाले मञ्चबाट मेरो हात समातेर रथसम्म पुर्‍याउनुभएको थियो । नेपाल सरकारका उपप्रधानमन्त्री वामदेव गौतमले मलाई जुरुक्कै उचालेर रथारोहण गराउनुभएको थियो । राष्ट्रका प्रधानमन्त्री पनि मसँगै रथमा नै बस्नुभयो । प्रधानमन्त्रीसँग एकैछिन भए पनि रथमा बस्न पाउँदा मलाई उक्त क्षण जीवनको अर्को सार्थक क्षण लागेको थियो ।

मलाई रथमा 'विश्व नारी नेपाली साहित्य सम्मेलन'का अध्यक्ष प्रा.डा.गार्गी शर्मा, 'विश्व नारी नेपाली साहित्य सम्मेलन'का

उपाध्यक्षद्वय– प्रा.डा.उषा ठाकुर र उषा शेरचनले साथ दिनुभएको थियो । सम्भवत: रथारोहण गर्न पाउने म नै प्रथम नेपाली नारी थिएँ । मलाई नेपाली सेनाको रथमा चढाएर नगरपरिक्रमा गराउने क्रममा नेपाल प्रहरीको ब्यान्डबाजाले साथ दिएको थियो ।

नगरपरिक्रमा गर्ने क्रममा सहरवासीहरूले जसरी मेरो भव्य स्वागत गरेका थिए, त्यो नै थप अविस्मरणीय बन्यो । त्यस बेला मैले सम्पूर्ण नगरवासीहरूलाई मनमनै कृतज्ञता ज्ञापन गरेकी थिएँ । म चढेको रथ नगरपरिक्रमा गरेर समारोहस्थलमा नै फर्किएको थियो । त्यसपछि मेरा भाइ नरेन्द्रराज प्रसाईले रथैबाट मलाई बोकेर नवबधू चेलीलाई माइतीले बोकेझैं मञ्चसम्म पुऱ्याएका थिए । भाइले मलाई रथबाट बोकेर मञ्चमा पुऱ्याएको घटना यस विशाल संसारमा हुँदै नभएको दुर्लभ घटना थियो । हुन पनि आजीवन साहित्यलाई बोकेर नथाक्ने मेरा प्रिय भाइ नरेन्द्रराज प्रसाईले त्यस बेला मलाई मात्र बोकेननन्; उनले त सारा नेपाली नारी साहित्यकारलाई सदा नै बोकिरहेका छन् ।

नेपाली साहित्यका अग्रजहरूलाई रथारोहण गराइएको घटना र वर्णनको कुरा सम्झिँदा त्यसैत्यसै आनन्दबोध हुन्थ्यो मलाई । तर अहिले आफू स्वयम् रथारोहित हुँदा माता सरस्वतीलाई अन्तस्करणबाटै म अजस्रअजस्र धन्यवाद दिन पुगें । अऋ कर्मवीर, कर्मशील मेरा भाइ नरेन्द्रका भावनामा हाम्रो समाजका महिलालाई अर्पण गर्ने सम्मानप्रति अझै बृहत्तर रूपमा वृद्धि होओस् भन्ने चाहना मैले गरेकी छु । त्यति मात्र होइन, मेरी प्यारी बहिनी इन्दिरा प्रसाईको समेत मन, वचन र कर्मले सिँगारिएर नै नेपालमा 'विश्व नारी नेपाली साहित्य सम्मेलन' हुन सकेको हो र यसै सम्मेलनमा मैले यति विशिष्ट कोटिको सम्मान पाएकी थिएँ । मेरा भाइबहिनी नइबाट आउँदा दिनहरूमा नेपाली वाङ्मयका धेरैधेरै वानीराहरूलाई चिनाउने काम हुनेछ । समयलाई चिन्नेले नै समयलाई बलवान् बनाउँछन्; समय आफैँमा बलवान् हुँदैन ।'

वानीरा गिरीलाई रथारोहण गराइएको घटना र उनलाई समर्पण गरिएको 'नेपाली साहित्यका विश्व नारी रत्न'को उपाधिका कारण उनको मुटु कति छचल्किएछ ! उनी कति खुसी भइछिन् र यसले नेपाली भाषासाहित्यमा दीर्घकालीन कस्तो असर पार्न सक्छ ? जीवनभरि साहित्यको सेवामा समर्पित नेपाली साहित्यकी एक जना होनहार, विशिष्ट र नम्बरी स्रष्टालाई पनि त्रिभुवन विश्वविद्यालयदेखि नेपाली भाषासाहित्यका औपचारिक केन्द्र या भनौँ, सरकारी संस्था अनि नेपाली समाजमा स्थापित स्वनामधन्य पुरस्कार गुठीहरूले समेत कति पिल्स्याउन जानेका रहेछन् ? उनीहरूले पनि स्रष्टाप्रति आफ्नो विपरीत धर्म नै देखाएका थिए । वास्तवमा नेपाली भाषाको सेवा, सम्मान र कदर गर्नेहरूबाटै उनले किन त्यतिसाह्रो उपेक्षित हुनुपरेको थियो, प्रताडना भोग्नुपरेको थियो र पीडा खप्नुपरेको थियो ? हो, नेपाली समाजमा डा.वानीरा गिरीलाई पनि व्यक्तिवादी प्रवृत्तिको सिकार बनाउन खोजिएकै थियो । अथवा भनौँ; रिस, इबी र ईर्ष्याका कारण उनलाई पनि तहसनहस पार्न खोजिएकै थियो । अन्ततः नइ प्रकाशन र त्रिमूर्ति निकेतन मिलेर वानीरा गिरीको जिन्दगीभरिको योगदानलाई एकमुष्ट साउँब्याजसमेत असुलउपर गरेर सम्मान गरिदियो । अनि यही नै विश्वसामु नेपाली भाषासाहित्यको थप उपलब्धि पनि बन्यो । वानीरा गिरीले यतिको ठूलो सम्मान पाएपछि वाङ्मय शताब्दी पुरुष डा.सत्यमोहन जोशी बोलेका थिए– 'वानीरा गिरीजस्ती उचाइ भएकी स्रष्टाको 'नेपाली साहित्यका विश्व नारी रत्न'को सम्मानबाट समुचित मूल्याङ्कन भएको छ । हामी नेपाली धन्य र कृतार्थ रहेछौँ भन्ने प्रमाण पनि यही हो । यसका लागि नइलाई जति जस दिए पनि हुन्छ ।'

नेपाली साहित्यका अग्रजहरूलाई मान, सम्मान र पुरस्कृत गर्ने अभियानमा नइ प्रकाशन र त्रिमूर्ति निकेतन जुटेपछि हाम्रो समाजमा न्याय पनि हुन्छ भन्ने प्रामाणिकता प्रस्तुत भएको छ । अनि

यसको टड्कारो साक्षी नेपाली साहित्यका विश्व नारी रत्न डा.वानीरा गिरी पनि भएकी छिन् । यसै सन्दर्भमा वाङ्मय शताब्दी पुरुष डा.सत्यमोहन जोशीले फेरि भने– 'डा.वानीरा गिरी स्वयम् नै उँचाइकी स्रष्टा हुन् । त्यसमाथि उनलाई नइले सुनको जलप लगाइदियो । नेपाली साहित्यमा मन, वचन र कर्मबाट समर्पित नइबाट सम्पन्न जति काम भए ती सबै स्तुत्य छन् ।'

# वानीराप्रति नारी काव्यधारा

नेपाली भाषासाहित्यमा निरन्तर समर्पित डा.वानीरा गिरीको योगदानलाई नेपाली भाषामा लेख्ने देशदेशान्तरका युवापुस्ताका शीर्षस्थ प्रतिनिधि कवयित्रीहरूसम्मले वानीराकै सम्मानमा काव्यरचना गरेका छन् । विश्व नेपाली साहित्यमा नेपाली नारीस्रष्टाका प्रतिनिधि पात्र वानीरा गिरीले नेतृत्व गरेको बेहोरालाई काव्यात्मक धारामा विश्वका विभिन्न मुलुकका नेपाली साहित्यका नारीस्रष्टाले अभिव्यक्ति दिएका छन् ।

नेपाली भाषासाहित्यमा डा.वानीरा गिरी त्यो नाउँ हो जसको उपस्थितिले नेपाली साहित्यलाई विश्व परिवेशमा हाँकका रूपमा पनि प्रस्तुत गरिन्छ । त्यसैले उनको योगदानलाई रङ्गाएर नेपाली भाषामा सृजनारत विश्वभरि छरिएर रहेका नारीस्रष्टाले उनीप्रतिका काव्यमय उद्गार बगाइरहे :

हे विश्व नारी रत्न !
तिम्रो सुनामले
आधा आकाश मगमगाएको छ ।

• **अनुकृतिका (नयाँदिल्ली, भारत)**

वानीरा ! तिमी पोखियौ
र सिके मानिसहरूले आफैँलाई पढ्न
शब्दहरूको उज्यालो बोकेर उभियौ तिमी
र परपर भाग्यो समयको अँध्यारो !

• **अनुपम रोशी**

वानीरा !
तिम्रो पाइला जहाँजहाँ पुग्छ,
त्यहाँत्यहाँ नारीहरूको दुन्दुभि बज्छ ।
• **अप्सरा दाहाल (सिक्किम, भारत)**

वानीरा ! यति गरुङ्गो
कविताको भारीमा
अज्ञात उज्यालो बोकी
हिँडिरहन्छचौ ।
• **आस्था कोपिला राई**

कहिल्यै अस्त नहुने
जूनतारा हो वानीरा !
आआफ्नो ब्रह्मभित्र गहिरिएर त हेर
विश्व नारी रत्न हो, वानीरा !
• **इन्दिरा प्रसाई**

नेपाली साहित्यका
ओजस्वी नारी रत्न
तिमी
नेपाली साहित्यको
धरातलमा कल्पवृक्ष भई
बाँचिराख ।
• **ईश्वरी गौतम (अमेरिका)**

प्रेम, एकता, स्वतन्त्रता, समानता
यही तिम्रो साहित्यको अमर सन्देश
विश्व नारी रत्न तिमी
हाम्रो गौरव, हाम्रो शक्ति, हाम्रो शान !
• **प्रा.डा.उषा ठाकुर**

स्वअस्तित्वका लागि
अविश्रान्त, अविश्रान्त
लागिरहने
प्रज्ञा हुन् वानीरा ।

• **उषा शेरचन**

वानीरा ! तिमी त मलाई
मेरो कञ्चनजङ्घाजस्तै
स्वच्छ र पवित्र लाग्छ ।

• **एलिना सङ्ग्रौला (बेलायत)**

बहुमुखी प्रतिभाकी धनी सूर्यचन्द्रझैँ उदाइन्
अथाह निरन्तरताले साहित्यमा सफलता पाइन्

• **कमला राई**

प्यारी वानीरा !
तिमी नेपाली भाषा बोलिने धर्तीभरि
मुस्कुरायौ र फुलिरह्यौ !

• **कल्पना गिरी 'भावुक' (इजरायल)**

प्रथमा सत्यकी देवी, अक्षय शक्तिकी धनी
वाङ्मय लोकमा चिन्छु, वानीरा दिदी पनि ।

• **कृष्णादेवी श्रेष्ठ**

वानीरा ! तिमी झुल्कियौ
बिहानीको घामझैँ
कुनाकन्दरा हर बस्ती
उज्यालो पार्दै साहित्यको
नौलो किरण छर्दै !

• **के.बी. विरही**

अन्धकारमय ती बाटाहरूमा
गन्तव्यमा पुऱ्याउन आफूलाई
आकाशबाट जून पोखाउने वानीरा !

• **गङ्गा पौडेल**

तिमी नै हौ तारा गगनभरकी दीप्ति आज
तिमी नै नेपाली शिर र धरकी एक ताज ।

• **गायत्री घर्ती मगर**

अनमोल रत्नहरूको हार तिमीलाई
अक्षरहरूको सलाम !
वानीरा तिमीलाई ।

• **गीता कार्की**

जीवनको घामछायामा
तिमी नै डुबेकी थ्यौ
विश्व नारी रत्न
तिमीलाई पछ्यायौँ हामीले ।

• **गीता खत्री (अमेरिका)**

तिमी स्वयम् बीउ
तिमी स्वयम् वृक्ष
ओ ! कविताकी परी वानीरा !
म तिम्रो कवितामा मानिसका जीवनगीत सुन्छु
स्वर्गको सौन्दर्य भेट्छु ।

• **गीता त्रिपाठी**

यस्ती महान् स्रष्टाको सम्मानमा सबै जुटौँ,
वानीराभित्रको सच्चा काव्यिक चेतना बुझौँ ।

• **छन्दिका घिमिरे**

कञ्चनजङ्घादेखि चमोलोङ्गमाको तिम्रो यात्रा
आजसम्म अनवरत चल्दै छन्,
लम्किरहोस्, वानीरा
विश्वब्रह्माण्डमा !

• **जया राई (बेलायत)**

वानीरा !
लालीगुराँस फुलेर तिमी हाँसिदिँदा
चारकोसे झाडी उज्यालिएको छ ।

• **दीपा एवाई राई (चीन)**

समयको पातपातमा सिर्जनाको बुट्टा कुँदी
जनमानसमा उत्साहको तुफान उराल्ने
तिमी वानीरा !

• **दीप्स शाह (इजरायल)**

लाखौँ तारामाझ चम्किने
एक नौलो ज्योतिपुञ्ज
वानीरा तिमी !
हरजन्मको सार्थकता हौ ।

• **निर्मला खड्का (इजरायल)**

ए वानीरा !
भन न सोधेर आफैँलाई
के हाम्रा आफन्तीहरू जस्तै–
कारागारकै एक पात्र होइन र तिमी पनि !
कारागारभित्रकै एक पात्र होइन र म पनि !

• **नीलम कार्की 'निहारिका' (अमेरिका)**

एउटी नारीको मानसम्मान, नारी मात्रको
ठान्दछु विश्वसम्मान, गर्व सम्पूर्ण राष्ट्रको ।

• **पीताम्बरा उपाध्याय 'पीयूष'**

वानीरा ! तिमी हरबखत
प्रभातीय किरणजस्तै भएर
जगमगाउनुपर्छ,
झलमल्ल ज्योति फैलाउनुपर्छ ।
• **पुष्पलता आचार्य**

एउटा सौर्यमण्डलको बिम्ब
वानीरा ! तिमी–
उष्णताको प्रथम किरण हौ ।
• **पूर्णिमा जी शाह (चीन)**

वानीरा !
तिमी त पहाडको चुचुरोमा
स्वयम् हिउँ बनेर चुलियौ ।
• **बाबा बस्नेत**

नयाँ युगको
अर्को पाइला निरन्तर अघि बढाइरहने
नेपाली साहित्यका विश्व नारी रत्न वानीरा !
• **भगवती बस्नेत (इजरायल)**

फूलबारीमा रोपेका
धेरै थरीका फूलभन्दा भिन्न
डाँडामा मुस्कुराउने
लालीगुराँस वानीरा हुन् ।
• **ममता श्रेष्ठ**

तिम्रा औँला पाएँ मैले
त्यही समाएर डोरिएँ तिमीसँगसँगै
तब हिँडिरहेँ त्यही बाटो !
• **मीना देवकोटा**

बाटोमा तेर्सिएलान् कैयौँ अक्करेहरू
तिनै अक्करेको शिरमा
वानीरा ! परेड खेल्न सक्नू तिमी ।

• **मीरामन थापा (इजरायल)**

तिम्रै छाया र मायामा
म गाँसिएँ, वानीरा !
अनि त मेरो अस्तित्व रह्यो !

• **मुना श्रेष्ठ नेपाल (ओमान)**

वानीरा ! तिम्रो नायकत्वमा
तिमी हिँड्ने बाटाका फूल र काँडाहरू जुरमुराउँछन्
कहाँकहाँबाट पतकरहरू हुर्रिएर तिम्रा पाउमा शरणागत हुन्छन्
तिमी उभिएको आकाशमा हरदिन घाम, जून पहरा दिन्छन् ।

• **मोमिला**

भरभराउँदो गुराँस बनेकी
आमालाई भेट्न आउनू
त्यति बेला तिमीसँग यी कुरूप खबरहरू
केही रहने छैनन्
तिम्री आमा अब वानीरा भएकी छ ।

• **रजनी ढकाल**

डाँडाकाँडा भीर काटचौ
साधनामा काव्य साटचौ
कालान्तरमा तिम्रो मूल्य
नारी रत्न भई बाँढचौ ।

• **रञ्जना निरौला**

तिमी विशाल ब्रह्माण्ड
त्यसैले गर्भमा पिण्डैपिण्ड धारणा गरेको हुँदा
न आदि न अन्त पाउन कठिन !
र त विश्व नारी रत्न भयौ तिमी !

• **रश्मि रिमाल**

शब्दविचारका कोमल अनुभूतिसँगै
सगरमाथाझैँ आकासिँदै जाऊ वानीरा
साहित्यको विश्वयात्रामा !

• **राधिका गुरागाईं**

मेचीकालीका खहरे आबद्ध हुन बढिरहनेछन्
देउरालीको शीतलता प्रदान गर्दै
विश्वसाहित्यको महासागरमा पुऱ्याइरहेछौ वानीरा ।

• **राधिका दाहाल**

साहित्यरूपी नदीमा ब्यूँझियौ दिदी हे वानीरा !
साहित्यस्रष्टा बनेर चम्क्यौ धन्य भो यो धरा ।

• **रुकु कार्की**

सुन्दर त्यो रत्न
नारी छातीमा झल्काउने
वानीरा तिमी ।

• **रुमु न्यौपाने (अस्ट्रेलिया)**

आफ्नो तन, मन र वचनले
समर्पित,
बौद्धिक चेतनाकी भण्डार हुन्
विश्व नारी रत्न ।

• **डा.रेणुका थापा 'सोलु'**

तिमीलाई नै छुन खोज्दा वानीरा !
अन्ततः
म नै यहाँसम्म आइपुगेछु ।

**• लक्ष्मी अप्सरा पाण्डे**

ए, शब्दसारथी वानीरा !
तिम्रो सार्थक जीवनको स्वागतार्थ
तिम्रो उत्सव मनाउन आतुर मनहरू
पर्खिरहेछन्, पर्खिरहेछन् ।

**• लक्ष्मी उप्रेती**

दुवै देशको गिरिसेतु विश्वको
श्रद्धाकी खानी तिमी वानीरा
तिमी नै विश्व साहित्यकी रानी !

**• लतिका जोशी (दार्जिलिङ, भारत)**

लटरम्म भई डालीमा
फुलेकी वानीरा तिमी
फक्र अझै फक्र !

**• ललिता 'दोषी'**

आवाज सधैँ यस्तै गुन्जिरहोस् वानीरा,
कलमहरू अझै शाश्वत बनोस् वानीरा ।

**• वसुधा नेपाल**

फेरि एउटा फूल
विश्व नारी रत्न भई
गर्वित उभिएको छ ।

**• विन्द्या सुब्बा (दार्जिलिङ, भारत)**

त्यसैले वानीरा
पग्लिएर धर्तीको मुटु बन्दै स्वाभिमानको चुली चढ्नू ।

**• विष्णु शर्मा**

नेपाली नारीको उच्च शिर हौ, तिमी नै वानीरा
साहित्यदेवी सरस्वती मन्दिर हौ नि ! हे वानीरा !

• **विष्णुमाया विभु (नर्वे)**

कतै नडगमगाउने
वानीराका पाइलाले
जितारी चुल्ठो रङ्गायो ।

• **शशी थापा पण्डित**

वानीरा ! तिमी विश्व नारी रत्न हुँदा
प्रफुल्ल भयो मेरो मन
चौडा भयो छाती !

• **शान्तिकुमारी राई**

अजस्रभावका झर्ना झङ्कृत होऊन्
छङछङ, छङछङ सललल लुकामारी खेल्दै
पहरा र छहरामा, कञ्चन पानी !

• **शान्ति रिसाल**

शब्दकै माझमा खेल्दछिन्, वानीरा
शब्दकै बोटमा फुल्दछिन्, वानीरा !

• **शारदा पराजुली**

आफूलाई शताब्दीसम्म उभ्याएर
जिन्दगीलाई अर्थपूर्ण बनाउने
तिमीलाई मेरो सलाम छ ।

• **शारदा सुवेदी**

तिमी नेपाली नारीहरूको हृदयमा
मुटुको स्पन्दन बनेर
सदा धड्किइरहनेछचौ ।

• **श्रेष्ठ प्रिया 'पत्थर'**

कर्मै होस् तिम्रो अपूर्व लहरा, यो विश्व झाङ्गिरहोस्,
धर्मै होस् तिम्रो अपूर्व पहरा, देशले यो थामिदियोस् ।

**• शोभा खतिवडा**

जाज्वल्यमान तारा
नेपाली वाङ्मयकी गौरव
कहिल्यै नझुक्ने
वानीरा !

**• सन्तु श्रेष्ठ**

मोजार्टको भ्वायलिन
बिथोविन रागमा
वानीरा गुन्जन्छिन् ।

**• सन्ध्या रेग्मी (भियतनाम)**

सगरमाथाझैँ माथि उठेकी
नेपाली माटोले बिर्सनै नसक्ने
एउटी कर्मठ पात्र– वानीरा तिमी !

**• सपना गौतम (क्यानडा)**

समाजको विसङ्गति पखाल्दै छचौ
अझै पखाल्नु छ वानीरा !
तिमीले देखाएको बाटो पछ्याउँदै
म पनि आउँदै छु वानीरा !

**• सरला घिमिरे**

यो बाटोमा हिँड्नेहरूको कथा होइन,
आफैँ बाटो बन्नेहरूको कथा हो
किनभने यो वानीराको कथा हो ।

**• सरस्वती प्रतीक्षा**

साधुवाद छ, वानीरा !
आफू बलेर
उज्यालो बाँडिरहेको
'काठमाडौँ काठमाडौँ'लाई ।
• **सरस्वती श्रेष्ठ 'सरु'**

अब वानीरा !
यो लडाइँमा तिमी एक्ली छैनौ
समस्त आधा संसार
तिम्रो साथमा छ ।
• **सविता श्रेष्ठ 'बेहोसी'**

म के हुँ भन्दै
हिँडाइ बिर्सेका पाइलाहरू
उत्प्रेरित भई
पछ्याउन थाल्नेछन्
तिम्रो उचाइको सगरमाथा ।
• **सरु पोखरेल**

एउटी कलात्मक माली
निर्भीक कलमजीवी
वानीरा !
• **सानु घिमिरे (अस्ट्रेलिया)**

हो, नारी रत्न ! तिम्रो सिर्जनाले
सबैको वेदना बोलेको छ ।
• **सिर्जना शर्मा**

भीडमा पनि चिनिने
अलग्गै पहिचान
एउटा प्रिय मान्छे– वानीरा !
• **सुचित्रा खनिया (इजरायल)**

त्यसैले
को हुन सक्छ अरू ?
नेपाली साहित्यका 'विश्व नारी रत्न'
एक मात्र तिमी, अनि तिमी नै तिमी !
**सुनीता कार्की**

वानीराका सम्मानमा उठेका हातहरू
उनैको सिन्दूरजात्राका साक्षी आँखाहरू !
**• सुमन वर्षा**

वानीरा ! तिमी नेपाली शिर भावकी धारा हौ !
तिमी नै जून गगन ढाक्ने तिमी नै तारा हौ !!
**• सुमित्रा पौडेल 'आँचल' (इजरायल)**

सुनमा सुगन्ध हौ तिमी अझैँ चम्किराख है हीरा
गौरव तिमी साहित्यकी, हे हिउँकी छोरी वानीरा !
**• हरिदेवी कोइराला**

# वानीरा फाउन्डेसन

'श्रीस्वस्थानी व्रतकथा'मा भगवान् शङ्करले आफ्नी पत्नीउपरको प्रेममा डुबेर पार्वतीको लासलाई एक महिनासम्म बोकेर जगत् परिक्रमा गरेका थिए । आफ्नी पत्नीको निधन भएपछि उनले आफूलाई समेत भुलेका थिए । यस्तो किसिमको कथा पढ्नेहरूका लागि वानीरा फाउन्डेसन नयाँ कुरा मानिँदैन । तर नेपाली परिवेशमा शङकर गिरीले आफ्नी पार्वतीका लागि जसरी मन रोपे, धन रोपे र तन पनि रोपे; यो बेहोराचाहिँ उदाहरणीय बन्यो । वास्तवमा उनले आफ्नी सद्दे, स्वस्थ्य वा तन्दुरुस्त पत्नीका लागि आफ्नो गच्छे अर्पण गरेका थिएनन् । उनले त अल्जाइमर भएकी, डिप्रेसनले ग्रस्त भएकी र शारीरिक रूपमा ऊनै निर्जीव अवस्थामा रहेकी पत्नीको सम्मान, प्रेम र समर्पणमा 'वानीरा फाउन्डेसन'को स्थापना गरे । शङ्कर गिरीको आफ्नी पत्नीउपरको यस कार्यलाई शाहजहाँले आफ्नी प्रेमिका मुमताजका लागि बनाएको ताजमहलसँग पनि तुलना गरे हुन्छ । त्यसैले वानीरा फाउन्डेसनलाई नेपाली परिवेशमा शङ्कर गिरीनिर्मित साहित्यको ताजमहल हो भने पनि हुन्छ ।

वानीरा फाउन्डेसन नेपाली भाषासाहित्यको निजी क्षेत्रमा हालसम्मकै उच्च धन राशिबाट निर्माण गरिएको विशेष प्राज्ञिक संस्था हो । पाँच करोड राशिको नगद र जिन्सीमा यो संस्था आबद्ध छ । यस संस्थालाई नेपाल सरकारको लगतमा समेत दर्ता गरिएको छ । दर्ता गर्ने क्रममा यस विधानको प्रस्तावनामा लेखिएको छ :

'इन्जिनियर शङ्कर गिरीको हार्दिक सङ्कल्पअनुसार नेपाली भाषासाहित्यका विश्व नारी रत्न डा.वानीरा गिरीको व्यक्तित्व र कृतित्वको अध्ययन, विश्लेषण र अनुसन्धान गर्नुको साथै देश देशान्तरका स्रष्टाहरूको समेत अध्ययन, विश्लेषण, अनुसन्धानका अतिरिक्त सम्मान, पुरस्कार र सहयोग गर्ने हेतुले 'वानीरा फाउन्डेसन' स्थापना भएको छ ।'

वानीरा फाउन्डेसन शङ्कर गिरीको मनको चोखो प्रेमबाट सिर्जना भएको एउटा साहित्यिक मन्दिर हो । यस संस्थाको अविच्छिन्न सञ्चालनका लागि शङ्कर गिरीद्वारा आफ्नो र आफ्नी पत्नीका नाउँमा भएको जग्गा नै अर्पण गरिएको छ । यसै प्रसङ्गमा वाङ्मय शताब्दी पुरुष डा.सत्यमोहन जोशीले भने– 'डा.वानीरा गिरीका लागि शङ्कर गिरीले जति गरे, धेरै गरे । यसरी आफ्नी पत्नीका लागि कुनै नेपालीले यत्तिको विराट् काम गरेको मैले सुनेको थिएन । शङ्कर गिरीको भावना कति ठूलो रहेछ भन्ने कुरा वानीरा फाउन्डेसनको स्थापना, वानीराको पूर्णकदको सालिक र भव्य भवनले पूरै प्रमाणित गरिसकेको छ ।'

शङ्कर गिरीको संरक्षकत्त्व र अध्यक्षतामा वानीरा फाउन्डेसनको स्थापना भएको थियो । फाउन्डेसनको भवन निर्माण भएपछि गिरीले आफू संस्थाको संरक्षकमा मात्र बस्न मञ्जुर गरे । त्यसपछि फाउन्डेसनका उपाध्यक्ष इन्दिरा प्रसाईको अध्यक्षतामा संस्थाको कार्यसमिति बन्यो । साथै सो संस्थाका उपाध्यक्षमा पुष्कर गिरी, कोषाध्यक्षमा सुबोध गिरी र सदस्यहरूमा बाबुराम गिरी, भगवती बस्नेत र अपराजिता गिरी तथा सदस्यसचिवमा नरेन्द्रराज प्रसाईको चयन भयो ।

नेपालमा थुप्रै साहित्यिक पुरस्कार गुठी र साहित्यिक संस्थाहरूको स्थापना भइसकेका छन् । स्रष्टाकै नाउँमा उनीहरूकै परिवारद्वारा स्थापित संस्थाहरू औँलामा गन्न सकिने अवस्थामा वानीरा

फाउन्डेसनको पनि स्थापना भएको छ । वानीरा गिरी स्वयम् नेपाली भाषासाहित्यका महारथीको नाउँ हो । वानीरा गिरी भन्नु नेपाली साहित्यका नारीचुलीको पनि नाउँ हो । अनि वानीरा गिरी भन्नु नेपाली साहित्यका विश्व नारी रत्नको नाउँ हो । त्यस्ती जाज्वल्यमान साहित्यकी शिखर व्यक्तित्वका नाउँमा स्थापना भएको 'वानीरा फाउन्डेसन'लाई एउटा गौरवशाली संस्थाका रूपमा ग्रहण गरिन्छ ।

वानीरा फाउन्डेसन नेपाली साहित्यको अर्को एउटा शिखर संस्थाको नाउँ हो । जुन नाउँ नै उसको कामको प्रतिनिधिका रूपमा अघि सरेको छ । साथै यो गैरराजनैतिक संस्था हो, यसमा केवल साहित्यसम्बन्धी मात्र कार्य हुन्छ र यो गैरनाफामूलक संस्था हो । वानीरा फाउन्डेसनका उद्धेश्य यस प्रकार रहेका छन् :

(क) यो संस्था मुनाफारहित जनहितकारी, सामाजिक संस्था हुनेछ; (ख) यस संस्थाले साहित्य, कला तथा संस्कृतिसम्बन्धी कार्य गर्नेछ; (ग) यस संस्थाले वाङ्मयबारे सङ्ग्रहालय तथा पुस्तकालय स्थापना गर्नेछ; (घ) यस संस्थाले डा.वानीरा गिरीविषयक पुस्तकालय र सङ्ग्रहालय बनाउनेछ; (ङ) यस संस्थाले डा.वानीरा गिरीका प्रकाशित साहित्यिक कृतिहरूको पुन: प्रकाशन वा अप्रकाशित कृतिहरूको प्रकाशन गर्ने गराउनेछ; (च) यस संस्थाले विविध विषयका कृतिहरूको प्रकाशन गर्ने गराउनेछ; (छ) यस संस्थाले जेहेनदार तथा आर्थिक रूपमा विपन्न विद्यार्थीलाई छात्रवृत्ति दिने दिलाउनेछ; (ज) यस संस्थाले वाङ्मयसेवीलाई विद्वतवृत्ति दिने दिलाउनेछ; (झ) यस संस्थाले नेपाली भाषा, साहित्य, संस्कृति एवम् कलासम्बन्धी गोष्ठी, सेमिनार आदि समारोहको आयोजना गर्ने गराउनेछ; (ञ) यस संस्थाले देश देशान्तरका प्रतिभाहरूलाई सम्मान वा पुरस्कार प्रदान गर्ने गराउनेछ; (ट) यस संस्थाले साहित्य, संस्कृति एवम् कलासम्बन्धी अध्ययन, शोध तथा अनुसन्धान गर्ने गराउनेछ; (ठ) यस संस्थाले साहित्य, कला र संस्कृतिबारे विविध कार्यहरू गर्ने गराउनेछ ।

अत: नेपाली साहित्यको श्रीवृद्धिका लागि स्थापित वानीरा फाउन्डेसन एक जना नारीस्रष्टा वानीरा गिरीको व्यक्तित्व र कृतित्वमा मात्र आबद्ध नभई 'वसुधैव कुटुम्बकम्'को सिद्धान्तमा पनि आधारित छ भन्ने कुरा प्रस्टै देखिन्छ ।

डा.वानीरा गिरी नेपाली धराकी विशिष्ट सर्जक हुन् भन्ने कुरा उनका कृतिहरूले उजागार गरिसकेको नै विषय हो । 'वानीरा फाउन्डेसन'बाट उनको व्यक्तित्व र कृतित्वको सुवास थप मगमगाउने छ । साथै नेपाली जगत्मा पतिले आफ्ना पत्नीका लागि विरलै स्थापना गरिने यस प्रकारका गुठीहरूमा 'वानीरा फाउन्डेसन'ले आफूलाई शीर्षस्थ आसनमा पुऱ्याएको छ । प्रेम र दाम्पत्यको खडेरी पर्दै गएको वर्तमान कालखण्डका लागि 'वानीरा फाउन्डेसन' प्रेरक, उदाहरणीय र स्तुत्य पनि बनेको छ । त्यसै गरी आफ्नी पत्नीका नाउँमा 'वानीरा फाउन्डेसन'को स्थापना गरेर इन्जिनियर शङ्कर गिरी नेपाली भाषासाहित्यका लागि थप आदरणीय, सम्माननीय र श्रद्धेय व्यक्तित्वका रूपमा समेत सुपरिचित भएका छन् ।

# वानीराको स्वर्गारोहण

वानीरा गिरी प्रधानमन्त्री सुशील कोइरालाबाट २०७१ जेठ १६ गते 'विश्व नारी नेपाली साहित्य रत्न'को उपाधिबाट सम्मानित भएकी थिइन् । त्यस अवसरमा उनले भनेकी थिइन्– 'मलाई यो जुनीमा अरू केही पनि चाहिँदैन, पुग्यो । मेरो साहित्यिक यात्रामा कसैले नपाएको उपाधि मैले नै प्राप्त गरेँ । मेरा जीवनमा नइले अकल्पनीय ढङ्गबाट मलाई रङ्गाइदियो, म रङ्गिएँ । अब मलाई कुनै पनि पुरस्कार र सम्मानको आवश्यकता परेन । किनभने 'विश्व नारी नेपाली साहित्य रत्न' जडित यो सम्मानभन्दा पछाडि मेरा लागि नोवेल पुरस्कार मात्र नै एक हुन सक्थ्यो । त्यो सम्भव भएन र सायद हुँदैन पनि ।'

डा.वानीरा गिरीले आफ्नो मनका भाकाको उद्घोष गरेपछिका केही दिनमा उनको शरीर हठात् रूपमा सुक्न थाल्यो । उनका लेखन कृत्यहरू पनि अलिअलि गरेर मौन हुन थाले, उनले पढ्ने पुस्तकहरू पनि क्रमश: बिराना हुन थाले र उनले सधैँ भेटिरहेका आफन्तहरू पनि बिस्तारैबिस्तारै गरेर परपर सर्न थाले । वास्तवमा त्यतिन्जेलमा उनलाई अल्जाइमरले नै छुन थालेको थियो । त्यति बेलासम्म पनि डाक्टरहरू उनलाई भन्थे– 'भिटामिन बी– १२ को कमी छ ।' तर अनेक औषधि उपचार गर्दा पनि उनी थलिन छोडिनन् । साथै त्यसै घडीदेखि उनलाई मधुमेहले पनि आक्रान्त पार्न थालेको थियो । उनका पति इन्जिनियर शङ्कर गिरीले उनको

भौतिक शरीर सुक्नबाट वञ्चित गराउन अनेक कसरत गरे तर सकेनन् । अन्ततः वानीरा शिथिल, शिथिल र शिथिल नै हुन थालिन् । कतिसम्म भने उनको जीवन अर्धचेतनामा नै रूपान्तर हुन थाल्यो । त्यसपछि उनी आफ्नै पतिलाई समेत चिन्न नसक्ने अवस्थामा पुगेकी थिइन् । साथै उनले आफ्नै सेविका विभा बोटेलाई पनि चिन्न छाडेकी थिइन् ।

वानीरागृहमा कोरोनाको काल पसेको रहेछ । त्यतिन्जेलसम्म पनि शङ्कर गिरीहरू त्यस कालसँग अनविज्ञ नै थिए । तर घरपरिवारलाई अशक्त पार्न थालेपछि सबै जनाले कोरोना टेस्ट गराएका थिए । नतिजाअनुसार वानीरादम्पती र वानीरागृहका परिचारकहरू भीमबहादुर बोटे र विभा बोटेलाई पनि कोरोना पोजेटिभ देखिएको थियो ।

कोरोनाले तीन जनालाई अशक्त पारे तापनि वानीरालाई चाहिँ गाह्रो भएको थिएन । धेरै अशक्त र मरणासन्न अवस्था भएपछि फलामजस्तो बलियी विभालाई चाहिँ अस्पताल पुऱ्याइएको थियो । २०७८ साल वैशाख १७ गते वानीरा निवासबाट अस्पताल पुऱ्याउँदापुऱ्याउँदै विभालाई कोरोनाले निमोठिदियो । अस्पतालमा सुताउँदा नसुताउँदै उनी स्वर्गीय भइसकेकी थिइन् ।

विभाको निधन भएपछि शङ्कर गिरी कोरोनाकै कारण अशक्त भए । उनको शरीरले गति लिन छोडेपछि उनलाई पनि अस्पताल पुऱ्याइएको थियो । उनी काठमाडौँको बानेश्वरस्थित एभरेस्ट अस्पतालमा चौध दिन बसेपछि निको भएर घर फर्केका थिए । शङ्कर गिरी घर आएको तीन दिनपछि फेरि वानीरा गिरी कोरोनाकै कारण गम्भीर रूपमा थला परिन् । उनको अवस्था अति खतरनाक देखिएपछि उनलाई पनि हतारहतार अस्पताल पुऱ्याइएको थियो । बानेश्वरको सिभिल अस्पतालमा पुगेको एकैछिनमा उनको पनि निधन भयो ।

डा.वानीरा गिरीको निधन भएपछि उनको भौतिक चोलालाई लगत्तै नेपाली सेनाले पशुपति आर्यघाटको बिजुलीघर पुऱ्याएको थियो । त्यतिखेर त्यहाँ उनलाई परैबाट फूलमाला चढाउने दुई जना अर्थात् वानीराका कान्छा देवर सुबोध गिरी र देउरानी सुनीता गिरी मात्र थिए ।

डा.वानीरा गिरीको २०७८ साल जेठ ९ गते राति १० बजे निधन भयो । नेपाली साहित्य संसारकी नारीचुलीको स्वर्गारोहणको शोकमा नेपाली साहित्य डुब्यो । त्यही पीडा, दुक्ख र रनाहमा नइ परिवार पनि डुब्यो । अनि वानीराको विगतदेखि वर्तमानसम्मको जिन्दगानीमा डुबेर वानीराकै प्रिय पात्र साहित्यकार इन्दिरा प्रसाईले कविता लेखिन् र 'अब कहिल्यै नआउनू वानीरा !' भन्ने शीर्षकमा आफ्नो मनको भक्कानो पोखिन्–

'वाग्देवीकी छोरी वानीरा !
तिमीले
अक्षरका बीउ छरिरह्यौ
अक्षरका बिरुवा
स्याहारिरह्यौ, गोडिरह्यौ
अनवरत अक्षरनिष्ठी
दृढ तपस्वी तिमी
आफ्नो कर्मयात्रामा एकलव्यसरह
लागिरह्यौ र लागिरह्यौ ।

अथाह सम्मान र पुरस्कारले
रङ्गिनु र भरिनुपर्ने तिम्रो छाती
तर अपमान, विभेद र तिरस्कारका
बाणले छियाछिया थियो;
न त मैले भन्न सकेँ
न त मैले गन्नै सकेँ

तिम्रो शय्यामुन्तिर
तिमीलाई छेडिरहेका
भीष्म पितामह सादृश्य
ती बाणहरू कस्ताकस्ता थिए
कसकसका थिए
र कतिसम्म गहिरा थिए ?

तिमी विशाल वसुन्धराकी
विराट् मनधारी यात्रीसँग
यी स्वपहिचानमा साँगुरिएका
माखा, लामखुट्टे र भुसुनाजैँ
झिनामसिना छाती भएका
मनुवाको खोल ओढेका
मनुवाजैँ देखिने मनुवाले
विभेदी प्रश्नको अगुल्टो बोकेर
तिमीलाई झोसिरहे ।

छुद्र मनुवा बस्तीका बासिन्दा
मतीहिन बुद्धि ब्वाँसाका
भुत्ते नङ्ग्राले
पटकपटक र हरेक पटक
चिथोरिइरह्यौ तिमी
नङ्ग्रिइरह्यौ तिमी
रन्थनिइरह्यौ तिमी
छटपटिइरह्यौ तिमी
अन्ततः
अथाह पीडाको दहमा
मूक बनेर डुबिरह्यौ तिमी ।
यी बैगुनी र अविवेकी

स्वाभिमानको अर्थ कहिल्यै नबुझ्ने
दास मनोवृत्तिले निहुरिएका
निरीह, निर्धा र घिनलाग्दा मनुवाहरू
तिम्रो अदम्य प्रतिभाका सामु
ईर्ष्या, डाहा र छटपटीमा बितेका
संवेदनाहीन बहिरा अक्षरहरू
अलिकति पहेँलो स्वार्थका खातिर
मुलुक बेचबिखनमा रमेका
व्यापारीका गुलाम बनेर
निर्धा परेवा नियति भोग्ने हूलसामु
तिम्रो एक्लो स्वाभिमानी सङ्गीत
बेसुरा बनाइयो
तिमी एक्लैले उचालेको
राष्ट्रिय झन्डा बेरङ्गी पारियो ।

पवित्र भएर पनि दुर्गन्धित पारिनाले
ढल बनेकी वाग्मतीमा
तिम्रो अस्तु मैलो भयो
विद्वद् अस्मिताकै धज्जी उढाउने
चील बाहुल्यले समेत प्रदूषित
यो बौद्धिक वेश्यालयमा
किन आयौ वानीरा ?

पञ्चे बाजा र सिँदुरे जात्रामा
अन्तिम बिदाइ गरिनुपर्ने
तिम्रो कोमल काया पनि
गडचाम गडचाम बुट बजार्दै आएका
पिपिईका कठोर हातहरूले
अदृश्य बनायो ।

तर वानीरा !
तिमीलाई जति नै थिचे पनि
जथाभाबी थुके पनि
र जतिसुकै निमोठे पनि
आफ्नो धर्म जगाएर
जिउँदो जाग्दो हुन जानेका
तिम्रा अक्षर दूबो शक्तिले
अक्षरमय बनेकी तिमी
धराकै गायनमा मिश्रित
तिम्रा गीतहरू
पक्कै भोलि बिहान गाइनेछन्
तिम्रै तालमा ताल मिलाएर
झलमल्ल घाम नाच्नेछन्– वानीरा !

थाहा छैन विधिले पनि
न्याय गऱ्यो अथवा अन्याय !
कोमल तिम्रो मन र तनकै हिसाबमा पनि
सत्यदेवी तिमी सतीदेवीझैँ
तिमीभित्रै दन्केको
स्वाभिमानी ज्वालामै दाह भयौ ।

जे भयौ, जसो पनि भयौ
तर बिन्ती नआऊ
बैगुनी यस नगरमा
विभेदी यस कहरबाट
धन्न गयौ वानीरा !
अविवेकी यस सहरमा
अब फेरि
कहिल्यै नआउनू वानीरा !'

## लेखक परिचय

### नरेन्द्रराज प्रसाई

**बुबा** : जयप्रसाद प्रसाई (१९७५–२०२०)

**आमा** : भागीरथा प्रसाई (१९७६–२०६८)

**जन्म** : २०११ साल चैत २९ गते (हाङपाङ आठराई, ताप्लेजुङ)

**शिक्षा**

बीए– त्रिचन्द्र क्याम्पस

**कृति**

८६ पुस्तक (जीवनी, निबन्ध, प्रबन्ध, गीत, समीक्षा, अन्तर्वार्ता, लेखनसम्पादन)

**विभूषण**

- गद्दीआरोहण रजतपदक (२०५३)
- प्रबल गोरखादक्षिणबाहु (२०५७)
- वीरेन्द्रऐश्वर्य सेवापदक (२०५८)

**पुरस्कार**

- जेसिस साहित्य स्वर्णपदक (२०४४)
- युवावर्ष मोती पुरस्कार (२०४९)
- राष्ट्रिय गौरव युवासम्मान (२०५३)
- उत्तमशान्ति पुरस्कार (२०६०)
- भद्र घले पुरस्कार (२०६४)

• दीपज्योति पुरस्कार (२०६७)

• देरुनीख पुरस्कार (२०६७)

• भानुभक्त प्रज्ञापुरस्कार (२०७१)

• भानुभक्त स्वर्णपदक (२०७१)

• भारती खरेल पुरस्कार (२०७३)

**बडापत्र**

• चाँदनी शाह (२०४३)

• चाँदनी शाह (२०४४)

**भ्रमण**

• १४ अञ्चलका ६१ जिल्ला

• भारत, चीन, बङ्गलादेश, थाइल्यान्ड, द.कोरिया, बेलायत र अमेरिका;

**परिकल्पना तथा प्रबन्धन**

• बालकृष्ण सम शताब्दी महोत्सव (२०५९)

• डा.माधवप्रसाद घिमिरेलाई राष्ट्रकविको उपाधि (२०६०)

• देवकोटा शताब्दी महोत्सव (२०६५)

• अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन (२०६६)

• विश्व नारी नेपाली साहित्य सम्मेलन (२०७१)

• भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति (नेपाल सरकार : २०७१)

• डा.वानीरा गिरीलाई नेपाली साहित्य विश्व नारी रत्नको उपाधि (२०७१)

• डा.सत्यमोहन जोशीलाई वाङ्मय शताब्दी पुरुषको उपाधि (२०७४)

• प्रा.डा.वासुदेव त्रिपाठीलाई महासमालोचकको उपाधि (२०७७) आदि;

**संस्थापक तथा सदस्यसचिव**

• नइ प्रकाशन (२०५२)

• त्रिमूर्ति निकेतन (२०५९)

• वानीरा फाउन्डेसन (२०७६)

## कृति

### जीवनी

१. अठतीस अनौठा अनुहारहरू (२०४१)
२. केही चर्चित अनुहारहरू (२०४२)
३. समाजका केही चिन्तक (२०४७)
४. नेपाली भाषाका प्रमुख समालोचक (२०५४)
५. पारिजातको जीवनकथा (२०५७)
६. नेपाली सङ्गीतका शिखर (२०५९)
७. बाङ्देलको जीवनयात्रा (२०५९)
८. आदिगायक सेतुराम (२०६०)
९. दौलतविक्रम विष्टको परिक्रमा (२०६०)
१०. कोइलीदेवीको जिन्दगानी (२०६१)
११. नारीचुली (२०६३)
१२. प्रथम नारीस्रष्टा : ललितत्रिपुरसुन्दरी (२०६४)
१३. कीर्तिबाबु (२०६६)
१४. देवकोटाको जीवनशैली (२०६६)
१५. महाकवि देवकोटा (२०६६)
१६. त्रिमूर्ति (२०६९)
१७. रोहितको आकृति (२०६९)
१८. नेपाली साहित्यका विश्व नारी रत्न : वानीरा गिरी (२०७०)
१९. त्रिनारी रत्न (२०७१)
२०. भानुभक्त आचार्यको जीवनवृत्त (२०७१)
२१. शताब्दी पुरुष : सत्यमोहन जोशी (२०७२)
२२. सूधपा (२०७३)
२३. मेरी आमा भागीरथा प्रसाई (२०७६)
२४. शताब्दी पुरुषको सय वर्ष (२०७६)
२५. ढुङ्गाको कापमा झाङ्गिएको पीपल : सहाना प्रधान (२०७८)
२६. झापा विद्रोहका एउटा नायक शिवप्रसाद शिवाकोटी (२०७८)

**निबन्ध**

१. मेरो प्यारो कञ्चनजङ्घा (२०४८)
२. मेरो मोती पुरस्कार (२०४९)
३. जनप्रियताको नाप (२०५३)
४. अक्षरको प्रदर्शनी (२०५५)
५. नमस्कार (२०५८)
६. ठाँगे उक्लेपछि (२०६०)
७. रेलको रमाइलो (२०६१)
८. सहोदरी ठुङ (२०६२)
९. प्रिय इन्दिरा (२०६२)

**प्रबन्ध र समीक्षा**

१. दक्षिण एसियाली क्षेत्रीय सङ्गठन (२०४३)
२. शान्तिक्षेत्र : प्रस्ताव र समर्थन (२०४४)
३. श्री ५ ज्ञानेन्द्र र आजको नेपाल (२०५८)
४. राजसंस्था र नेपाली जनता (२०५९)
५. देवकोटाका कृति (२०६६)

**गीत**

१. मेरो मनको देउराली (२०४६)
२. पुग्नुपर्ने टाढा थियो (२०५४)

**अन्तर्वार्ता**

१. सामाजिक सेवा अन्तर्दृष्टि (२०४४)
२. एउटा महारथीको जबाफ (२०५७)

**लेखन तथा सम्पादन**

१. सामाजिक सेवाको नालीबेली (२०४५)
२. नेपाली साहित्यका समालोचक र समालोचना (२०५७)

**सम्पादन**

१. चाँदनी शाह : आफ्नै आकाश, आफ्नै परिवेश (२०४३)

२. चाँदनी शाहका रचना (२०४३)

३. ज्ञानज्योति (२०४९)

४. अरुणा लामा : कथा र व्यथा (२०५०)

५. महाकवि देवकोटा शताब्दी निबन्ध (२०६६)

**इन्दिरा प्रसाईसँगको लेखन**

१. विश्व नारी नेपाली स्रष्टाकोश (जीवनी : २०७१)

**इन्दिरा प्रसाईसँगको सम्पादन**

१. भारती खरेल : सृजना र समीक्षा (२०५२)

२. पौरखी पुरुष (२०५२)

३. एउटा अमर प्राज्ञ : बालकृष्ण सम (२०५४)

४. रुद्रराज पाण्डे : सृष्टि र दृष्टि (२०५४)

५. गणेश गुरु : साधनादेखि समाधिसम्म (२०५४)

६. भूपाल अर्चना (२०५५)

७. उकाली ओरालीहरूमा तारादेवी (२०५६)

८. ईश्वर बराल : कृति र कीर्ति (२०५७)

९. श्री ५ वीरेन्द्रको बहुआयामिक व्यक्तित्व (२०५७)

१०. सङ्गीतशिरोभूषण : नातिकाजी (२०५८)

११. ईश्वरवल्लभ : आयाम र आकृति (२०५९)

१२. कालो अक्षरदेखि सग्लो अक्षरसम्म (२०६०)

१३. मिश्रका कृति : कविका दृष्टि (२०६०)

१४. शरदचन्द्र भट्टराईको इतिवृत्त (२०६२)

१५. नेपाली भाषासाहित्यको अन्तर्राष्ट्रिय विस्तार (२०६७)

१६. विश्व नारी नेपाली साहित्यको रेखाङ्कन (२०७१)

१७. चौध अञ्चलमा नारी साहित्य (२०७१)

१८. वानीरा गिरीको कृतिस्तम्भ (२०७१)

१९. कवितामा वानीरा (२०७१)
२०. विश्वनारी नेपाली साहित्यको समीक्षा (२०७२)
२१. कवितामा घटराज (२०७४)
२२. अविश्रान्त साधक : घटराज भट्टराई (२०७४)
२३. राष्ट्रकविको सय वर्ष  (२०७६)

**प्रा.डा.महादेव अवस्थीसँगको सम्पादन**

१. भानु विमर्श (२०७२)

**अङ्ग्रेजी भाषा**

1. A biography of Parijat (Translation by Shampo Lama : 2003)
2. A biography of Bangdel (Translation by Shampo Lama : 2003)
3. The Summit of Women Writers (Faces with Introduction : Drawings by Indra Khatri : 2007)
4. Scaling Thange (Travelogue, Translation by Namita Singh : 2017)
5. A biography of Devkota (Translation by Anukritika : 2017)
6. A biography of Dr.Satya Mohan Joshi (Translation by Anu Raj Joshi : 2017)
7. A biography of Bhagiratha Prasai (Translation by Dr. Kanchanjunga Prasai : 2021)
8. A biography of Dr.Banira Giri (Translation by Durga Banwasi : 2021)
9. A biography of Century Person (Translation by Anu Raj Joshi : 2021)

**नेवारी भाषा**

१. वाङ्मय शताब्दी पुरुष (अनुवादक– अणुराज जोशी : २०७८)

**पत्रिका सम्पादन**

१. कुटुम्ब साप्ताहिक (२०३९–२०४३)
२. उपकार त्रैमासिक (२०४३–२०४७)

३. प्रज्ञापत्र मासिक (२०५३–२०५५)
४. भानुमोती वार्षिक (२०५६–२०६३)

**श्रव्य सिडी**

१. मिर्मिरेमा तिमीलाई (गीतिक्यासेट : २०४७)
२. यो मनले रोजेको छ (गीतिसिडी : २०५०)
३. हाँसीहाँसी जलिरहेँ (गीतिक्यासेट : २०५५)
४. कस्तो गरी माया बस्यो (गीतिक्यासेट : २०५६)
५. शिखा (गीतिक्यासेट : २०५७)
६. जुनी (गीतिसीडी : २०५८)
७. देवकोटाको जीवनशैली (जीवनी : २०६६)

**फुटकर**

८०० जति फुटकर लेखरचना प्रकाशित

**नरेन्द्रराज प्रसाईबारे लेखिएका मुख्य कृति**

- प्रा.डा.वासुदेव त्रिपाठी

१. भानुसन्दर्भ र नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : समीक्षात्मक अभिमत (२०७२)
२. नरेन्द्रराज प्रसाईको जीवनीकृति मेरी आमा भागीरथा प्रसाई : समीक्षात्मक विमर्श (२०७६)

- प्रा.राजेन्द्र सुवेदी

१. नरेन्द्रराज प्रसाईकृत एकल जीवनीको विश्लेषण (२०७३)

- इन्दिरा प्रसाई

१. नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : मूल्य र मान्यता (सम्पादन : २०७२)

**• नरेन्द्रराज प्रसाईविषयक त्रिभुवन विश्वविद्यालयमा एमए शोधपत्र**

१. गीता बारकोटी : नरेन्द्रराज प्रसाईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन (२०६५)
२. सन्तोष खरेल : नरेन्द्रराज प्रसाईका गीतिप्रवृत्ति (२०७८)